# शङ्करलाल श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

**त्रिभुवन विश्वविद्यालय तथा सामाजिकशास्त्र**
**सङ्काय अन्तर्गत पाटन संयुक्त क्याम्पसको**
**नेपाली विषयको स्नातकोत्तर तह**
**दोस्रो वर्षको दसौं पत्रको**
**प्रस्तुत**

# शोधपत्र

शोधार्थी
दीपक कुमार अत्री
त्रि.वि. रजिष्ट्रेशन नम्बर ४८५५४-८१
परीक्षा रोल नम्बर : २२०४५२
पाटन संयुक्त क्याम्पस
पाटनढोका, ललितपुर
रोल नं. २१
२०६७

# शोध निर्देशकको मन्तव्य

त्रिभूवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत पाटन संयुक्त क्याम्पसमा नेपाली विषय स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि सोधार्थी श्री दीपक कुमार अत्रीले “ शङ्करलाल श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन शीर्षकको यो शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । उहाँले परिश्रमपूर्वक तयार पार्नु भएको प्रस्तुत शोधपत्रप्रति म सन्तुष्ट छु । यसको मूल्याङ्कनका लागि नेपाली शिक्षण समिति पाटन संयुक्त क्याम्पस समक्ष सिफारिस गर्दछु ।

मितिः २०६८।५।२६

----------------

सह प्रा.डा. अच्युतशरण अर्याल

शोध निर्देशक

पाटन संयुक्त क्याम्पस

नेपाली विभाग

ललितपुर

# त्रिभुवन विश्वविद्यालय
# पाटन संयुक्त क्याम्पस
# पाटनढोका, ललितपुर

## शोधपत्र मूल्याङ्कन समितिको
## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत पाटन संयुक्त क्याम्पस, नेपाली विभागका छात्र श्री दीपक कुमार अत्रीले नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि तयार पार्नु भएको **शङ्करलाल श्रेष्ठको जीवनी व्यक्तित्व र कृतित्व**को अध्ययन शीर्षकको शोधपत्र सोही प्रयोजनका लागि स्वीकृत गर्दछौं ।

| | | | |
|---|---|---|---|
| --------------------- | ----------------- | --------------- | ------------------- |
| प्रा.डा.जगदीशचन्द्र भण्डारी | सह प्रा.डा.अच्युतशरण अर्याल | डा. गोपीन्द्र पौडेल | सुरेन्द्रवरसिंह थापा |
| संयोजक | शोध निर्देशक | सह प्राध्यापक | विभागीय प्रमुख |
| नेपाली स्नातकोत्तर कार्यक्रम | | बाह्य परीक्षक | |

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र मैले स्नातकोत्तर तहको दसौं पत्रको प्रयोजनका लागि आदरणीय गुरु सह प्रा. अच्युतशरण अर्यालको प्राज्ञिक निर्देशनमा तयार पारेको हुँ । यो शोधपत्र तयार गर्ने सन्दर्भमा आइपरेका विभिन्न समस्या र चुनौतिहरूसाग जुध्ने प्रेरणा दिई सही मार्ग निर्देशन गराएर अघि बढ्न उत्प्रेरित गरी आफ्ना कतिपय व्यावहारिक कार्यव्यस्ताहरूलाई थाती राखी कुशल र समुचित दिग्दर्शन गराउनु भएकोमा उहाँ प्रति म हार्दिक कृतज्ञता ज्ञापन एवम् श्रद्धाभाव व्यक्त गर्दछु । शोधपत्र तयार गर्ने कार्यमा आफ्नो कार्यव्यस्ततालाई परवाह नगरी अमूल्य समय निकालेर समय समयमा प्रत्यक्ष एवम् साङ्केतिक निर्देशन , सुझाव तथा हौसला दिइ उत्प्रेरित गर्नुहुने स्नातकोत्तर नेपाली विभागका संयोजक ज्यू लगायत सम्पूर्ण गुरुहरूप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोध विषयमा शोधकार्य गर्न अवसर जुटाउने पाटन संयुक्त क्याम्पस नेपाली वभागप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस शोधपत्रलाई पूरा गर्नका खातिर उचित सल्लाह, सुझाव दिनुहुने प्रा.डा. जगदिशचन्द्र भण्डारी प्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यसैगरी यस शोधपत्र तयार गर्नका लागि आफ्ना कृतिहरू र अन्तर्वाता दिइ सहयोग गर्नुहुने शङ्करलाल श्रेष्ठ प्रति म कृतज्ञ छु ।

यसरी नै आर्थिक र व्यहारिक समस्यासँग संघर्ष गर्दै आफ्नो अमूल्य श्रम पसिना खर्चेर मेरो अध्ययनलाई यस अवस्थामा ल्याई पुऱ्याउने पिता श्री गौरीकुमार अत्री र माता भद्रकुमारी अत्री प्रति म आजीवन ऋणी छु । आफूले व्यवहारिक बोझ थामेर मलाई यस अवस्थासम्म ल्याई पुऱ्याउने मेरो श्रीमती शुस्किला कार्की प्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछ । वावाले उच्च शिक्षा हासिल गर्ने चाहना राख्ने छोरी सुदिक्षा अत्री र छोरा सुदिन अत्री प्रति कृतज्ञता व्यक्त गर्न चाहन्छु । यस शोधपत्र तयार पार्ने क्रममा आवश्यक सल्लाह तथा सुझाव दिनुहुने साथीहरू जनार्जन आचार्य, केशव भट्टराई, मनकुमार लिम्बु, नानीवावु श्रेष्ठ, नविनचन्द्र उपाध्याय एवम् यस शोधपत्रको पाण्डुलिपिलाई टङ्कन गरी प्राविधिक सहयोग गर्ने मित्र वासुदेव चन्द प्रति आभार प्रकट गर्दछु ।

अन्त्यमा प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि पाटन संयुक्त क्याम्पस, नेपाली विभाग, ललितपुर समक्ष पेश गर्दछु ।

-------------------------

दीपक कुमार अत्री

# विषयसूची

## अध्याय एक
## शोध परिचय


| | | |
|---|---|---|
| १.१ | शोध शीर्षक | १ |
| १.२ | शोध प्रयोजन | १ |
| १.३ | विषय परिचय | १ |
| १.४ | समस्या कथन | २ |
| १.५ | शोधपत्रको उद्देश्य | २ |
| १.६ | पूर्वकार्यको विवरण | २ |
| १.७ | अध्ययनको औचित्य | ३ |
| १.८ | शोधकार्यको सीमाङ्कन | ४ |
| १.९ | सामग्री सङ्कलन विधि | ४ |
| १.१० | अध्ययन र विश्लेषणको सैद्धान्तिक ढाँचा | ४ |
| १.११ | शोध पत्रको रूपरेखा | ५ |


## दोस्रो अध्याय
## शङ्करलाल श्रेष्ठको जीवनको अध्ययन


| | | |
|---|---|---|
| २.१ | जन्म र जन्मस्थान | ६ |
| २.२ | वाल्यकाल | ६ |
| २.३ | शिक्षा दीक्षा | ७ |
| २.४ | भाषिक क्षमता | ८ |
| २.५ | विवाह र पारिवारिक जीवन | ८ |
| २.६ | पेसागत संलग्नता | ९ |
| २.७ | आर्थिक अवस्था | ९ |
| २.८ | शरीरिक बनावट रुचि र स्वभाव | १० |
| २.९ | लेखनारम्भ | ११ |
| २.१० | सम्मान तथा पुरस्कार | ११ |
| २.११ | अविस्मरणीय क्षण | ११ |
| २.१२ | पहिरनमा रुचि | १२ |
| २.१३ | खानपिन तथा अन्य सेवन | १२ |
| २.१४ | समाज सेवामा रुचि | १२ |
| २.१५ | भ्रमण | १२ |
| २.१६ | जीवन दर्शन | १२ |
| २.१७ | निष्कर्ष | १३ |


## तेस्रो अध्याय
## शङ्करलाल श्रेष्ठको व्यक्तित्वको अध्ययन


| | | |
|---|---|---|
| ३.१ | शङ्करलाल श्रेष्ठको व्यक्तित्व निर्माणको पक्षहरू | १५ |
| ३.२ | शङ्करलाल श्रेष्ठको वाह्य व्यक्तित्व | १६ |
| ३.३ | शङ्करलाल श्रेष्ठको आन्तरिक व्यक्तित्व | १६ |
| ३.४ | शङ्करलाल श्रेष्ठको साहित्यिक व्यक्तित्व | १७ |
| | ३.४.१ कवि व्यक्तित्व | १७ |

३.४.२ कथाकार व्यक्तित्व १८
३.४.३ सम्पादक व्यक्तित्व १९
३.४.४ साहित्येतर व्यक्तित्व २०
३.४.५ राजनीतिक व्यक्तित्व २०
३.४.६ शिक्षक व्यक्तित्व २१
३.४.७ सांस्कृतिक व्यक्तित्व २२
३.५ जीवनी, व्यक्तित्व र साहित्य लेखनका बीच अन्तर्सम्बन्ध २४


## चौथो अध्याय
## शङ्करलाल श्रेष्ठको कृतित्वको अध्ययन


४.१ परिचय २६
४.२ कविता कृतिको अध्ययन २७
४.३ कविता सिर्जनामा शङ्करलाल श्रेष्ठको संलग्नता २७
४.३.१ शङ्करलाल श्रेष्ठको कविता कृतिको विवरण २७
४.३.२ शङ्करलाल श्रेष्ठको कविताको अध्ययन २७
४.३.३ प्रगतिवाद २९
४.३.४ प्रगतिवादको दार्शनिक आधार २९
४.३.५ द्वन्द्वात्मक भौतिकवाद ३०
४.३.६ प्रगतिवादी कला साहित्य मान्यता ३३
४.३.७ प्रगतिवादी नेपाली कविताको परम्परा ३८
४.३.८ प्रगतिवादी नेपाली कविताको उद्‌भव र विकास ३९
४.३.९ प्रगतिवादी नेपाली कविताको उद्‌भव र शङ्करलाल श्रेष्ठको प्रवेश ४०
४.३.१० शङ्करलाल श्रेष्ठको कविताको विश्लेषण ४८
४.३.११ शङ्करलाल श्रेष्ठको साहित्यिक संयोजकको भूमिका ४८
४.३.१२ दोलखाली साहित्यमा शङ्करलाल श्रेष्ठको स्थान ५१
४.३.१३ निष्कर्ष ५२
४.४ कथा कृतिको अध्ययन ६२
४.४.१ नेपाली कथामा प्रगतिवादी धाराको उद्‌भव र शङ्करलाल श्रेष्ठको प्रवेश ६३
४.४.२ 'वावा !, जून टिपिदिनुस् न !, कथा सङ्ग्रहको अध्ययन ६७
४.४.३ 'बाबा' जून टिपिदिनुस् न !, कथासङ्ग्रहको शीर्षक चयन ७०
क) कथानक ७०
ख) चरित्रचित्रण ७१
ग) कथन पद्धति ७२
घ) परिवेश ७३
ङ) भाषा ७३
च) शैली ७४
छ) दृष्टिकोण ७४


## पाँचौं अध्याय


५.१ निष्कर्ष ७५
सन्दर्भसूची ८२
परिशिष्ट ८४

# सङ्क्षेपीकृत शब्दसूची

| | सङक्षिप्त रूप | पूर्णरूप |
|---|---|---|
| १. | अ.नु. | अनुवाद |
| २. | अ.प्र. | अप्रकाशित |
| ३. | आई.ए. | इन्टरमिडिएट अफ आर्टस |
| ४. | ई.स. | ईस्वी सम्वत |
| ५. | एम.ए. | मास्टर अफ आर्टस |
| ६. | ए.व. | एकवचन |
| ७. | क्र.सं. | क्रमसंख्या |
| ८. | गा.वि.स. | गाउँ विकास समिति |
| ९. | गो.प. | गोरखा पत्र |
| १०. | त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| ११. | वि.स. | विक्रम सम्वत |
| १२. | सम्पा. | सम्पादक/सम्पादन |
| १३. | साप्ता. | साप्ताहिक |
| १४. | सा.प्र. | साझा प्रकाशन |
| १५. | चौ.सं. | चौथो संस्करण |
| १६. | डा. | डाक्टर |
| १७. | एस.एल.सी. | स्कूल लिभिङ्ग सर्टिफिकेट |
| १८. | मा.वि. | माध्यमिक विद्यालय |
| १९. | नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |

अध्याय - एक

# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधको शीर्षक शङ्करलाल श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन रहने छ ।

## १.२ शोधको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत पाटन संयुक्त क्याम्पसको नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं सत्रको प्रयोजनका लागि प्रसतुत गरिएकोछ ।

## १.३ विषय परिचय

वि.सं. २०२२ साल चैत्र २६ गते दोलखा जिल्लाको भिमेश्वर नगरपालिका वडा न. ६ माटीमा जन्मिएका शङ्करलाल श्रेष्ठले कक्षा दसमा पढ्दा “मन” शीर्षकको कविताबाट रचना गर्न शुरु गरेको पाइन्छ भने प्रकाशनका दृष्टिले “बाबा ! जून टिपिदिनुस् न !” कथा सङ्ग्रह वि.सं. २०६२ सालमा प्रकाशित कृति हो । औपचारिक शिक्षाको फलामे ढोका मानिएको एस.एल.सी. श्रेष्ठले वि.सं. २०३९ सालमा श्री भिम मा.वि. दोलखाबाट उत्तीर्ण गरी श्री गौरीशङ्कर क्याम्पसमा प्रमाणपत्र तह अध्ययन गर्दै साहित्यिक क्षेत्रमा होमिएका हुन् । शङ्करलाल श्रेष्ठको कथात्मक विषयवस्तुमा गरिबी जनजीवनको चित्रण, समाजको यथार्थता, नरनारीहरूले समानरूपमा भोगेका व्यथाहरूलाई छर्लङ्ग बनाएको देखिन्छ । उनका कथाको स्रोत पनि शोषित - पीडित सोझा जनता, महिला, बालबालिका तथा उत्पीडित वर्गलाई बनाएका छन् भने उनको ‘माहिला दाई’, कथामा नेपाल बन्दका कारण मजदुरी गरी खानेको विचल्ली , सोझा साझा जनतामाथि प्रहरी दमनका कारणले मारिएका माहिला दाइको लास जनताले खोसे तर ऊ कुन पार्टीको हो भनी किटान गर्न नसकी  सबै पार्टी आ-आफ्नो भन्न रुचाउने व्यवहार देखाए । नेपाली जनता देशका लागि बलिदान दिन नचुक्ने भाव व्यक्त भएको पाइन्छ । श्रेष्ठ शैक्षिक, राजनीतिक, सामाजिक र साहित्यिक क्षेत्रमा समर्पित भएको पाइन्छ । उनले वि.सं. २०४३ सालमा श्री गौरीशङ्कर क्याम्पसबाट प्रमाणपत्र तह, वि.ए. र ऐच्छिक विषय नेपाली लिई वि.एड. र प्राइवेटबाट एम.ए. नेपालीमा गरेको पाइन्छ । श्रेष्ठ हाल श्री कुटिडाँडा उच्च मा.वि.मा प्रधानाध्यापक पदमा रहेकाछन् । उनको ‘बाबा जून टिपिदिनुस् न !’ कथा सङ्ग्रह ण्२०६१), ‘प्रयोगात्मक नेपाली व्याकरण’ प्रकाशित छन्

भने कथा, निबन्ध, फुटकर कविता तथा समीक्षात्मक लेख रचनाहरू विभिन्न पत्र पत्रिकाहरूमा प्रकाशित भएका छन् ।

## १.४ समस्या कथन

संख्यात्मक र गुणात्मक रूपम उच्च स्थानमा रहेका साहित्यकार शङ्करलाल श्रेष्ठको साहित्यिक कृतिका रचनाकार श्रेष्ठ कथा विधामा एक सफल स्रष्टाका रूपमा देखिएका छन् । बहुप्रतिभाका धनी श्रेष्ठको जीवनी , व्यक्तित्व र कृतित्वका बारेमा आइपर्ने समस्याहरू नै मूल समस्याका रूपमा देखा पर्ने हुनाले तिनै समस्याहरूलाई विशिष्टिकरणका रूपमा निम्न लिखित समस्याहरूमा समेटिएको छ :-

क) शङ्करलाल श्रेष्ठको जीवनवृत्त के कस्तो रहेको छ ?

ख) शङ्करलाल श्रेष्ठको व्यक्तित्वका के कस्ता पाटा रहेका छन् ?

ग) शङ्करलाल श्रेष्ठको कृतित्व के कस्तो रहेकोछ ?

घ) शङ्करलाल श्रेष्ठको नेपाली समस्यामा के कस्तो योगदान रहेको छ ?

प्रस्तुत शोधपत्र उपर्युक्त लिखित समस्याको समाधानमा केन्द्रीत रहेको छ ?

## १.५ शोधपत्रको उद्देश्य

शोधकार्यको क्रममा शोधका समस्याको रूपमा देखिएका प्रश्नहरूको उत्तर वा समाधान खोज्नु नै मुख्य उद्देश्य रहेकोले समस्याको समाधान के कसरी गर्ने भन्ने कुरामा रहेर निम्न लिखित उद्देश्यहरू राखिएकोछ :-

क) शङ्करलाल श्रेष्ठको जीवनवृत्तको निरूपण गर्नु,

ख) शङ्करलाल श्रेष्ठको विभिन्न व्यक्तित्वको निरूपण गर्नु,

ग) शङ्करलाल श्रेष्ठको कृतित्वको विश्लेषण तथा मूल्याङ्कन गर्नु,

घ) नेपाली साहित्यमा शङ्करलाल श्रेष्ठको योगदानको मूल्याङ्कन गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षाः

शङ्करलाल श्रेष्ठको करिव दुई दशकदेखि नेपाली साहित्यको कथा र कविता विधामा कलम चलाएका नेपाली साहित्यका क्षेत्रमा अमूल्य सम्पत्ति भएर पनि ओभ्केलमा परेका व्यक्तित्व हुन् । नेपाली साहित्यका उत्थानका लागि हरपल लागिपरेको छ । श्रेष्ठका बारेमा केही विद्वान तथा समालोचकहरूले परिचयात्मक रूपमा सामान्य जानकारी दिए पनि सुव्यवस्थित र विस्तृत रूपमा उनका बारेमा अध्ययन गरिएको पाइँदैन । उनको कृतिहरूको विश्लेषण र मूल्याङ्कन गरी साहित्यिक मूल्य निर्धारण गर्ने काम पनि हुन सकेको छैन । यिनका बारेमा जे जति अध्ययन भएको छ; त्यो

केवल पपिरचयात्मक मात्र छ । यसैक्रममा शङ्करलाल श्रेष्ठका बारेमा भएका चिनारी र अध्ययनका केही पूर्वकार्यको विवरण कालक्रमिक रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :-

१. सुधा त्रिपाठी (२०६१) 'बाबा ! जून टिपिदिनुस न !' कथा सङ्ग्रहको भूमिकामा सुधा त्रिपाठीले शङ्करलाल श्रेष्ठ विभिन्न संघ संस्थामा आबद्ध हुँदै गरेको साहित्य सिर्जनामा विपन्न जीवनको मार्मिकताले उभिने अवसर पाएको, नरनारीहरूको समान रूपमा भोगेका व्यथाहरू सल्वलाएका, विपन्नताका उकाली ओराली एवं आशानिराशाले सुखद् अनुभूतितर्फ भन्दा दुःखद् अनुभूतितर्फ बढी आकृष्ट भएको उल्लेख गरेकी छिन् ।

२. हरि खनाल (२०६५) ले शङ्करलाल श्रेष्ठको वर्ष २ अङ्क ३ को शैलुङ्गको सूर्यमा प्रकाशित कविता 'गरिवको एक दिन' शीर्षकको कवितामा उनको कविताको भावगत र शैलीगत विशेषताको मूल्याङ्कन गरेका छन् भने उनका कविताको अध्ययनबाट खनालले यसभित्र रहेका विशेषताहरूलाई निम्न किसिमका विशेषता रहेका बनाएका छन् :-

   (क) गरिबहरूको अनुभूतिको सन्दर्भसँग सम्बद्ध

   (ख) राष्ट्रप्रेम र राजनैतिक चेतनाको अभिव्यक्ति

   (ग) संघर्षशीलता, क्रान्ति र साम्यवादी भविष्यप्रति आस्था

३. पुष्करनाथ पोखरेलले (२)६४) शङ्करलाल श्रेष्ठको साहित्यिक कृतिको समालोचनाका क्रममा विभिन्न विधामा कलम चलाउने शङ्करलाल श्रेष्ठ नेपाली साहित्यमा प्रगतिशिल प्रतिभा र राजनीतिक तथा सामाजिक क्षेत्रका विकृति विसङ्गतिको उजागर गर्न मन पराउने भनी उल्लेख गरेका छन् ।

यी पूर्वकार्यका आधारमा उनी कथाकार र कविका रूपमा स्थापित भएको देखिन्छन् ।

## १.७ अध्ययनको औचित्य

शङ्करलाल श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा हालसम्म समग्र एवं व्यवस्थित अध्ययन भएको पाइदैन । शोधकार्यको अध्ययनबाट शङ्करलाल श्रेष्ठलाई नेपाली साहित्यका क्षेत्रका माध्यमबाट साहित्यका पाठक माझ चिनाउने प्रयास गयरिएको छ । साथै उनको जीवनी, व्यक्तित्व र कृतित्वको केन्द्रीयतामा अध्ययन तथा विश्लेषण गरिएको हुनाले भावि पुस्तालाई श्रेष्ठका बारेमा तथा उनको साहित्यिक योगदानका बारेमा जान्न चाहने जिज्ञासु एवम् पाठक वर्गलाई पनि

लाभान्वित हुने तथ्य प्रस्तुत गरिएको हुनाले अनुसन्धान क्षेत्रमा यसकोमहत्व स्वतः देखिने छ । नेपाली साहित्यको इतिहास लेखनका क्रममा तथा साहित्यिक गतिविधिको मूल्याङ्कन गर्नमा यस शोधपत्रले आवश्यक सहयोग पुऱ्याउने छ : साथै श्रेष्ठ बारेमा व्यक्ति तथा संस्थाले सुव्यवस्थित प्रमाणिक रूपमा अध्ययन गर्न चाहेमा यस शोधकार्यको वैज्ञानिक तथ्यहरू थाहा पाउन सहयोग पुऱ्याउने भएकाले यस शोधकार्यको महत्व औचित्यपूर्ण रहेको छ ।

## १.८ शोध अध्ययनको सीमाङ्कन

नेपाली साहित्यको उचाइ वृद्धिमा निरन्तर लागिपरेका शङ्करलाल श्रेष्ठको जीवनी र व्यक्तित्वका साथै उनका प्रकाशित र अप्रकाशित रचनाको सर्वेक्षण गरी परिचयात्मक जानकारी दिने प्रयास गरिएको छ । नेपाली साहित्यका कथा र कविता विधाको साहित्यिक विधामा कलम चलाएका श्रेष्ठले केही लेख रचनाहरू प्रकाशित गरेका छन् । त्यसैगरी उनका जीवनी र व्यक्तित्वका विविध आयामलाई सङ्केत यस अध्ययनमा समेटिएको छ । समग्रमा उनका जीवनका सम्पूर्ण पाटाहरू तथा साहित्यिक योगदानको निरूपणमा यो शोधपत्र सीमित रहेकोछ ।

## १.९ सामग्री सङ्कलन विधिः

प्रस्तुत शोधकार्यलाई पूर्णतः दिने प्रक्रियामा पुस्तकालयीय अध्ययन गर्ने क्रममा सम्बन्धित पुस्तक र पत्रपत्रिकाहरूको अध्ययन गरिने छ । साथै शोध नायक, उनका समकालीन व्यक्तित्वहरू र आफन्तहरूलाई भेटी लिखित र मौखिक रूपमा आवश्यक अन्तरवार्ताका माध्यमबाट यथासम्भव जानकारीहरू प्राप्त गरी आवश्यक सूचना र सामग्रीहरू सङ्कलन गरिनेछ । शङ्करलाल श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वलाई जीवनोपरक र प्रभावपरक समालोचना, वर्णनात्मक र विश्लेषणात्मक दुवै विधिको उपयोग गरिनेछ । अतः यस शोधकार्यमा अनुसन्धान सम्बन्धी आगमनात्मक र निगमनात्मक विधिको प्रयोग गरिएकोछ ।

## १.१० अध्ययन र विश्लेषणको सैद्धान्तिक ढाँचा

लेखक, साहित्यकारसँग अन्तरवार्ता लिनु र उनका विषयमा मूल्याङ्कनको आधार बनाएर छुट्टै निष्कर्ष तयार गर्नु यस शोधकार्यको सैद्धान्तिक ढाँचा हो । अर्को शब्दमा भन्नु पर्दा अनुसन्धानको आगमन र निगमन विधिका सैद्धान्तिक आधार खडा गरी श्रेष्ठको यावत सैद्धान्तिक आधारमा यथार्थवाद, विज्ञानवाद र स्वच्छन्दतावादलाई समेत आधार बनाइएको छ ।

### १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको स्वरूप र संरचनालाई व्यवस्थित रूपमा प्रसतुत गर्नका लागि निम्न लिखित पाँच अध्यायमा विभाजन गरिएकोछ :-

क) पहिलो अध्याय - शोध परिचय

ख) दोस्रो अध्याय - शङ्करलाल श्रेष्ठको जीवनीको अध्ययन

ग) तेस्रो अध्याय - शङ्करलाल श्रेष्ठको व्यक्तित्वको अध्ययन

घ) चौथो अध्याय - शङ्करलाल श्रेष्ठको कृतित्वको अध्ययन

ङ) पाँचौ अध्याय - उपसंहार तथा निष्कर्ष

शङ्करलाल श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन पश्चात् शोधपत्रको अन्त्यमा प्रमुख सन्दर्भ ग्रन्थ, पत्रपत्रिकाको सूची समेत प्रस्तुत गरिएको छ ।

# अध्याय- दुई

# शङ्करलाल श्रेष्ठको जीवनीको अध्ययन

## २.१ जन्म र जन्मस्थान

ङ्करलाल श्रेष्ठ नेपाली कथा लेखन कार्यलाई अझ उचाइमा पुऱ्याउनका लागि लेखनको माध्यमबाट नेपाली समाज, संस्कार र परिवेशका अध्यारा पक्षहरूलाई औल्याउँदै जसले समाज तथा जनतामाथि शोषण, अन्याय, अत्याचार र निरङ्कुशता लादेको छ, त्यस्ता प्रकृतिको उजागर गरेर सधैँ समानता, न्यायको आवाज बुलन्द गर्न त्यसलाई दरिलो धक्का दिने कथाकार हुन् । उनी नेपाली कथा विधामा प्रगतिवादी धारा र नेपाली कवितामा प्रगतिशील धाराले प्रभावित भएका हुनाले एउटा जागरुक सशक्त र प्रभावशाली नवसिर्जनशीलताको नयाँ फड्को लिएर आउँछन् । उनी मुख्यतः विपन्न जीवनको मार्मिकताले उभिने अवसर पाएको, नरनारीहरूले समान रूपमा भोगेका व्यथाहरू, विपन्नताका कारण पाएका दुःखद् अनुभूतिहरू प्रति संवेदनशील बनेका छन् । त्यस्ता सवालहरू प्रतिको उनका कथामा प्रमुख रूपमा व्यक्त भएको छ ।

शङ्करलाल श्रेष्ठको जन्म दोलखा जिल्ला भिमेश्वर नगरपालिका वडा नं. ६ माटीमा वि.सं. २०२२ साल चैत्र २६ गते माता विष्णुमाया श्रेष्ठ र वावु शेरबहादुर श्रेष्ठको कोखबाट भएको थियो । दुइ जना दाजुभाइ र दुइ जना दिदी बहिनीहरू रहेका उनी कान्छा छोराका रूपमा शङ्करलाल श्रेष्ठको जन्म भएको थियो उनी मध्यम वर्गीय परिवारमा जन्मिएका हुन् । वावुको पेशा कृषि भएकै कारण घर परिवारमा सामान्य रूपमा बोलिचालिको भाष प्रयोग भएको थियो ।

नेपाली साहित्य लेखनका क्रममा शङ्करलाल श्रेष्ठ कथा, कविता, निबन्ध र समालोचना विधाका साथै सम्पादकीय र नेपाली जनआन्दोलनका क्षेत्रमा समेत आफ्नो छुट्टै पहिचान बनाएका स्रष्टा एवम् द्रष्टा हुन् । श्रेष्ठको आगमन नेपाली साहित्य र नेपाली जनआन्दोलनको इतिहासमा उल्लेखनीय पक्षको रूपमा रहेकोछ ।

## २.२ बाल्यकाल

हिन्दू धर्मावलम्वी नेवार परिवारमा जन्मिएका शङ्करलाल श्रेष्ठको वाल्यकाल भिमेश्वर नगरपालिका वडा नं. ६ माटीमा वावु शेरबहादुर श्रेष्ठ र आमा विष्णुमाया श्रेष्ठको साथै २ जना दाजुभाइ तथा २ जना दिदी बहिनीहरूका साथ रमाइलो वातावरणमा बितेको पाइन्छ । मध्यम वर्गीय परिवारमा जन्मिएका शङ्करलाल श्रेष्ठ

दाजुभाइ, दिदीबहिनीहरूकै कान्छा भएका कारण होला उनलाई वाल्यकालमा त्यति धेरै काम गर्नु पर्ने वाध्यता वा कामको बोझ थिएन । कान्छो छोरा त्यहि माथि एक दाइ र दुइ दिदीहरू सानैमा दाजुदिदीहरूसँग पछि लागेर स्कूल जाँदा जाँदै अक्षराम्भ गरेको पाइन्छ । स्कूले जीवन देखिनै सिर्जनात्मक क्रियाकलापमा सम्लग्न रहेको पाइन्छ । वाल्यावस्था देखिनै साथीहरू बीचमा अन्याय पूर्ण व्यवहार गर्ने माथि तत्काल जाइलाग्ने प्रवृत्तिका कारण उनी लोकप्रिय बनेका थिए । घरैको नजिक विद्यालय भएकाले पनि दाजु दिदीहरूसँगै स्कूल जाने तर कहिले काहिँ साथीहरूसँग लागेर रुख चढ्ने, त कहिले साथीहरूको लहैलहैमा लागेर दिनभर वेपत्ता भएर वरालिने उनको बानी थियो । कान्छो छोरा भएर नै होला घरका कुनै पनि सदस्यले उनलाई गाली गर्ने, हकार्ने , र कामको बोझ दिने गरेको पाइदैन । त्यसको सट्टामा आफूले साथीहरूसँगको लहैलहैमा लागेरगाई चराउन जाने, पौडी खेल्ने, घुम्ने, बजारतिर रमाइलो गर्ने, खेल्ने गरेर उनको वाल्यकालको समय बितेको पाइन्छ । वाल्यवस्थामा डण्डीवियो र कपर्दी खेलमा रुची राख्ने शङ्करलाल श्रेष्ठ पढाइ र खेलकुद तिरै बढी व्यस्त रहेका देखिन्छन् । कक्षा १० मा पढ्दा पढ्दै मन शीर्षकको कविताबाट नेपाली साहित्यका क्षेत्रमा प्रवेश गरेका शङ्करलाल श्रेष्ठ वाल्यवस्थादेखिनै गम्भीर स्वभाव, मिलनसार व्यवहार, एवं जिज्ञासु प्रवृत्तिका रहेको पाइन्छ । सधैभरी हाँसीरहने र अरूलाई समेत हँसाइदिने प्रवृत्ति रहेको पाइन्छ । परिवारको हालको अवस्थाको कुरा गर्दा उनका दाजु र उनका दिदीहरू (विवाह भएर आ-आफ्ना घरमा गएका) अनुसार केटा केटीदेखिनै भान्सामा पाक्ने सामान्य खानामा रमाउने शङ्करलाल श्रेष्ठको खाना र लत्ताकपडा सम्बन्धी खासै चासो रहेको पाइँदैन ।

## २.३ शिक्षादीक्षा

मध्यमवर्गीय परिवारमा जन्मिएका शङ्करलाल श्रेष्ठले दाजुदिदीहरू सँगै स्कूल जाँदा श्री महेन्द्रोदय मा.वि. माटीबाट अक्षराम्भ गरेको पाइन्छ । आफ्नो दाजुको प्रेरणाबाट आफ्नो पढाइलाई निरन्तरता दिएको पाइन्छ । सबैभनदा कान्छा भएकाले पनि घरको कामलाई परवाह गरिँदैनथ्यो । जसको परिणाम उनले आफ्नो औपचारिक शिक्षालार्ई निरन्तरता दिएको पाइन्छ । सानै उमेर देखिनै पढाइलाई महत्व दिने उनले नि.मा.वि. सम्मको अध्ययन सोही विद्यालयबाट नै पुरा गरेको देखिन्छ भने मा.वि. तहको शिक्षा भने श्री भिम मा.वि. दोलखाबाट सकेको पाइन्छ । श्रेष्ठले वि.सं. २०३९ सालमा सोही विद्यालयबाट एस.एल.सी. पास द्वितीय श्रेणीमा गरेको

पाइन्छ भने त्यसपछि श्री गौरीशङ्कर क्याम्पस चरिकोटमा अध्ययन गरी वि.सं. २०४३ सालमा प्रमाणपत्र तह उत्तीर्ण गरेको पाइन्छ । स्नातक तह भने वि.सं. २०४६ सालमा रत्न राज्य क्याम्पस प्रदर्शनीमार्ग काठमाडौंबाट वि.ए.र २०४९ सालमा त्रिभुवन विश्वविद्यालय कीर्तिपुराबट शिक्षा शास्त्र सङ्काय अन्तर्गत वि.एड. द्वितीय श्रेणीमा उत्तीर्ण गरेको पाइन्छ । उनले वि.सं. २०५३ सालमा स्नातकोत्तर तह प्राइवेटबाट तृतीय श्रेणीमा उत्तीर्ण गरी औपचारिक रूपमा शिक्षा स्नातकोत्तर तहसम्म प्राप्त गरेको पाइन्छ । निरन्तर मिहिनेत र परिवारको सहयोगका कारण आफ्नो शैक्षिक योग्यता बढाएर स्नातकोत्तर तह सम्मको शिक्षा पूरा गरेको देखिन्छ ।

## २.४ भाषिक क्षमता

मानिस समाजमा रहने प्राणी भएकाले सामाजिक सम्प्रेषणका निम्ति भाषा प्रमुख माध्यम हो । वाल्यकाल देखिनै जिज्ञासु, शङ्करलाल श्रेष्ठ नेवारी परिवारमा जन्मिए तापनि उनलाई नेवारी भाषाको ज्ञान नभएको पाइयो । उनको मातृभाषा नेपाली नै हो । उनी नेपाली भाषामानै लेख्ने, पढ्ने काम गर्दछन् । यस बाहेक अङ्ग्रेजी, हिन्दी भाषा समेत जानेको पाइन्छ । उनी परिवार तथा अन्य व्यक्तिहरूसँग कुराकानी गर्दा सधैँ नेपालीभाषाको प्रयोग गर्ने र साहित्यिक रचनाहरू पनि नेपाली भाषामानै लेखिएको पाइन्छ ।

## २.५ विवाह र पारिवारिक जीवन

मानव परिवारमा संगठित हुन थालेदेखिनै विवाह प्रणालीमा बाँधिदै आएको प्राणी हो । यही प्रक्रिया अनुरूप शङ्करलाल श्रेष्ठको विवाह वि.सं. २०४३ सालमा आई.ए.पास गरेपछि दोलखा जिल्लाकै भिमेश्वर नगरपालिका वडा नं. ९ विष्णुटोलमा दुर्गा श्रेष्ठका साथ मागी विवाह भएको थियो । श्रेष्ठको श्रीमती साधारण पढलेख गरेकी हुनाले गृहिणी पेशामा संलग्न थिइन् । उनले वि.ए.पास गरिसकेपछि वि.सं. २०४० सालमा जेठी छोरी र वि.सं. २०४९ सालमा वि.एड. पास गरिसकेपछि वि.सं. २०५० सालमा छोराको जन्म दिएका थिए । घर,परिवार, वालवच्चाको हेरचाह गर्दै वैवाहिक जीवनलाई सामान्य किसिमका उतारचढाव नभइ एकले अर्कोलाई सहयोग गरेर जीवन अगाडि बढाएको पाइन्छ । आफ्नो समस्या श्रीमतीले बुझिदिने, अप्ठ्यारो परेको समयमा सहयोग गर्ने श्रीमती भएकाले आफ्नो पढाइलाई निरन्तरता दिन सकेको बताउन्छन् । साहित्यिक कार्यक्रममा भाग लिन प्रेरणा र हौसला दिनुमा मेरी श्रीमतीको अग्रस्थान छ भनी उनी बताउँछन् ।

## २.६ पेसागत संलग्नता

शङ्करलाल श्रेष्ठले जुन पेसालाई आफ्नो सिङ्गै जीवन गुजाराको माध्यम बनाए , त्यो पुर्ख्यौली पेसा थिएन । उनको परिवारले गरिआएको कृषि व्यवसायतर्फ नलागी श्रेष्ठले शिक्षण पेसालाई नै प्रारम्भ देखि निरन्तरता दिएका छन् । कलेजबाट (श्री गौरीशङ्कर बहुमुखी क्याम्पस, चरिकोट, दोलखा) वि.सं. २०४३-०४५ सालको प्रमाणपत्र तह उत्तीर्ण गरे लगत्तै सामुदायिक विद्यालयमा शिक्षण कार्यमा संलग्न रहँदै आएका देखिन्छन् ।

नेपाली साहित्यको कथा विधामा स्थापित शङ्करलाल श्रेष्ठ साहित्य रचनाको सिर्जना गर्ने क्रममा कविता पनि लेख्ने गरेका छन् । उनी विभिन्न संघ संस्थाद्वारा आयोजित गोष्ठिहरूमा भाग लिन मन पराउँछन् । साथीभाइहरूको संगत एवम् वामपन्थी नेताहरूको सामीप्यले विभिन्न ठाउँमा आयोजना हुने प्रगतिशील कवित गोष्ठीहरूमा सहभागिताका कारण उनी मार्क्सवादबाट प्रभावित भएको बताउँछन् । फलना उनका कथाले प्रगतिवादी धारा समात्यो । उनको कथालेख्न र कविता लेख्न कलामात्र नभएर कविता वाचन कला पनि उत्कृष्ट रहेको छ। उनले निरन्तर रूपमा परिकल्पना, चम्किलो तारा, प्रदेय, चिमाल, गौरीशङ्कर पुञ्ज, अरूणिमा, चरिकोट टुडे, शैलुङ्गे सूर्य, मधुपर्क, कालिञ्चोक सन्देश, जस्ता साहित्यिक संस्था र पत्रिकासँग सम्बद्ध भई कथा तथा कविता लेखन र वाचन समेत गरेको पाइन्छ । उनले धेरै साहित्यिक संघ संस्थामा सङ्लग्नता जनाएका छन् । ऊ आबद्ध भएका संघ संस्थाहरू निम्न लिखित छन् :

१. अध्यक्ष - नेपाल राष्ट्रिय शिक्षक संगठन (दोलखा)
२. अध्यक्ष - नेपाल शिक्षक यूनियन दोलखा
३. सदस्य - प्रगतिशील लेखक संघ दोलखा
४. सदस्य - नेपाल बुद्धिजीवि परिषद् दोलखा
५. सदस्य - नेपाल प्राध्यापक संघ गौरीशङ्कर क्याम्पस दोलखा
६. परिकल्पना साहित्यिक पत्रिका सम्पादक मण्डल
७. प्रधानअध्यापक - श्री कुटीडाडा मा.वि. मकैबारी
८. प्राचार्य- श्री कुटीडाडा उच्च मा.वि. मकैबारी

## २.७ आर्थिक अवस्था

शङ्करलाल श्रेष्ठ मध्यम वर्गीय पेसाले कृषि व्यवसायमा संचालन गरेको परिवारमा जन्मिएका हुन् । उनको विवाह पनि मध्यम वर्गीय परिवारमा भएको हो जसका

कारण आीर्थक अभाव नभएको उनी बताउँछन् । उनको आफ्नो केही पुर्ख्यौली सम्पत्ति भएको र त्यसमाथि आफू पनि शिक्षण पेसामा संलग्न भएकाले पनि आर्थिक समस्या कमै रहेको बताउँछन् तर छोरा छोरीहरूलाई पठन पाठनमा खर्च बढी गर्नु पर्ने भएकाले केही समस्या भएको बताउँछन् । दोलखामा नै जग्गा जमीन भएको र हाल भक्तपुरको ठिमीमा घर बनाएको उनी बताउँछन् । छोरा छोरीहरूको पढाइलेखाइ र लालनपालन सामान्य किसिमबाट गरिरहेको उनी बताउँछन् । उनको पढ्ने इच्छा वावु र दाजुहरूले पूरा गरिदिएको र कलेज स्तरको पढाइ आफ्नै कर्मले गरेको देखिन्छ । आर्थिक अभाव भएमा एक अर्कालाई सहयोग गरी उतार चढाव नभइ सन्तोषपूर्वक जीवनयापन गरेको उनी बताउँछन् ।

## २.८ शारीरिक बनावट, रुची र स्वभाव

गहुँगोरो वर्ण भएका शङ्करलाल श्रेष्ठ मझौला कदका ५ फिट उचाइ भएका व्यक्तित्व हुन् । श्रेष्ठ सादा जीवन उच्च विचार मन पराउने सरल स्वभावका हुन् । मिहिनेती, स्वाभिमानी व्यक्तित्वका धनी उसमा कुनै किसिमको आडम्बर छैन । उ कुनै व्यक्तिले केही प्रश्न गर्दा अर्थात केही जिज्ञासा राख्दा कुनै झर्को नमानी सहयोगी भावमा आफ्ना कुराहरू खुल्ला हृदयका साथ भन्छन् । सदा देश र समाजप्रति चिन्तित श्रेष्ठ दैनिक केही पत्रपत्रिका पढ्ने, रेडियोबाट दिने खबर सुन्ने, टि.भी. तथा कम्प्युटरमा रमाइला कुराको खोजि गर्ने, तथा पुस्तकहरू पढ्ने गर्छन् । फुर्सदको समयमा लेख रचनामा संलग्न रहनु उसको बानी हो । उ सामन्ती शासनको विरोधी हुन् । समाजका सबै पक्षहरू समानै हुन् । उच्च वर्गले निम्न र मध्यम वर्ग माथिको थिचोमिचो उ कदापी सहने पक्षमा छैनन् । जातिय, लिंगिय, वर्गीय, कुनै पनि तौल तरिकाबाट सर्व समान हुन भन्ने व्यवहार प्रकट गर्ने श्रेष्ठड अन्याय अत्याचारको सधैं विरोधमा उत्रिएर समानताको पक्षमा वकालत गर्ने व्यक्तित्वका रूपमा रहेका छन् ।

महिला र पुरुषका बीचमा रहेको सम्बन्धको बारेमा उसका धारणा दुवै कर्तव्यनिष्ट , कर्तव्यपरायण र समझदारिता कायम भएमा समाजमा पुरुष र महिलाको बीचको लिंगिय द्वन्द्व अन्त्य हुने, दुवै सकृय भएमा घर परिवार गाउँ, समाज एवम् मुलुक नै अग्रदिशामा लम्किने धारणा व्यक्त गर्दछन् । यसै गरी साहित्य उत्थानमा पनि सबैजनाले अग्रसर भएर जिम्मेवारीपूर्वक काम गरेमा कोही पछि नपर्ने उसको विचार छ ।

## २.९ लेखनारम्भ

कक्षा १० मा पढ्दा 'मन' शीर्षकको कविताबाट लेखन प्रारम्भ गरेका शङ्करलाल श्रेष्ठ विभिन्न कार्यक्रममा भाग लिइ पुरस्कार समेत प्राप्त गर्न सफल भएकाले साहित्यिक लेखनतिर आफू अगाडि बढेको बताउँछन् । अध्ययनका क्रममा 'नेपाली' मूल विषय लिएर पढेकाले पनि कविताका रस, गण, द्वन्द्व तथा कथाका विषयवस्तु, चरित्र, भाव, स्थान विशेष, शीर्षक जस्ता कुराहरूलाई गहन रूपमा मनन गरेर आफू साहित्यतिर प्रभावित भएको बताउँछन् । एस.एल.सी. परीक्षा दिएर बसेका बेलामा धेरै साहित्यिक पुस्तकहरू जस्तै उपन्यास, लेख रचना, गोपाल प्रसाद रिमालको मसान, गुरूप्रसाद मैनालीको विदा , छिमेकी जस्ता कथाहरूको अध्ययनबाट कथा र कविताबाट आफूले साहित्य रचना गर्ने प्रेरणा पाएको र वि.वि.सी. नेपालीकविता प्रतियोगितामा प्रथम भएकाले झन उत्प्रेरित भएको पाइन्छ । उनको पहिलो प्रकाशित 'बाबा ! जून टिपिदिनुस् न !' कथा सङ्ग्रहीत रहेका छन् । 'दोलखा साहित्य संगम' ले प्रकाशन गरेको परिकल्पना वर्ष १ अङ्क १ पृष्ठ ११ मा प्रकाशित 'माहिला दाइ' कथा छ भने अन्य फुटकर रचनाहरू अप्रकाशित अवस्थामै रहेका छन् । ध्रुव घिमिरे, मोदनाथ प्रश्रित, इन्द्रबहादुर राईबाट प्रभावित शङ्करलाल श्रेष्ठले आफ्नो लेखनका विषय गरिबी, नारी पुरुषले भोगेका समान व्यथाहरू, समाजको अग्रदिसा, समाज सुधारक र उपेक्षित वर्गलाई बनाएका छन् । यतिमात्र नभएर समीक्षात्मक लेख रचनाहरू समेत प्रकाशित भएका छन् ।

## २.१० सम्मान तथा पुरस्कार

दुई दशक भन्दा बढी साहित्य साधनमा समर्पित शङ्करलाल श्रेष्ठका उत्कृष्ट रचनाहरू प्रकाशि भइसकेका छन् भने कतिपय रचनाहरू अप्रकाशित पनि रहेको पाइन्छ । वि.वि.सी. नेपालले आयोजना गरेको युवा कवि गोष्ठीमा नेपालका उत्कृष्ट तीसजना कविहरूमा प्रथम स्थान हासिल गरी नगद र प्रमाणपत्र प्राप्त गरेको देखिन्छ ।

## २.११ अविष्मरणीय क्षण

शङ्करलाल श्रेष्ठका अविष्मरणीय क्षणहरू धेरै नै रहेकाछन् । यद्यपि उसको वाल्यकालमा घटेको यथार्थ घटना उसको अविष्मरणीय रहेको छ, जुन घटना कहिल्यै बिर्से नसकिने उल्लेख गरेका छन् । श्रेष्ठ कक्षा तीन तिर अध्ययन गर्दा ( २०३१ सालतिर) प्रायजसो सधैँ स्कूल जाने तर दैवसंयोगक एकदिन ज्वरो आएर विद्यालय जान नसकि घरैमा सुतेर आराम गरेका थिए । त्यतिकैमा ज्वरोको मात्रा

धेरै बढेर बेहोस भएछन् र उनी वेहोसमै उठेर विद्यालय तिर गएछन् । घरम ऊ सुतेको ठाउँमा परिवारका सदस्यले उनलाई भेटेनन् । सबैतिर सोधखोज भयो तर कुनै पत्तै लागेन । बेलुका भैसक्यो साँझ झमक्क परिसक्यो तर अत्तोपत्तो केही नै छैन । सबैजना कोलाहल गरी रुन कराउन थाले । ठूलो ठूलो स्वरले बोलाउन थाले तै पनि कतै पत्त पाइएन । खोज्दा खोज्दै विद्यालयतिर जाँदा कक्षा कोठामा एक्लै बसी रहेको पाइएछ र श्रेष्ठलाई किन यहाँ बसेको भनी सोद्धा म यहाँ पढ्न आएको । सर यहाँ आएर पढाउनु हुन्छ । म यहाँ पढ्न बसेको भनी उत्तर दिएका थिए । यहि घटना हालसम्म पनि उसको मानसपटलबाट कहिलयै नमेटिने अमिट अविस्मरणीय छापका रूपमा रहेको बताउँछन् ।

## २.१२ पहिरनमा रुची

शङ्करलाल श्रेष्ठलाई पहिरनमा त्यस्तो विशेष रुचिनै छैन । ऊ सामान्य खैरो रङ्गको ाइन्ट र खरानी रङ्गको सर्ट लगाउन रुचाउँछन् ।

## २.१३ खानपिन तथा अन्य सेवन

सामान्य नेपाली खाना दाल, भात, तरकारी मन पराउने श्रेष्ठलाई गुन्द्रुकको तरकारी खुवै मन पर्छ । उनी खानामा सागसब्जी, अण्डा र समय समयमा माछामासु खान मनपराउने श्रेष्ठ अन्य केही पनि सेवन गर्दैनन् ।

## २.१४ समाजसेवामा रुची

विभिन्न जीवन र दर्शन सम्बन्धी कितावहरू लगायत मार्क्सवादका कितावहरू पढिसकेपछि जीवन सार्थक बनाउन केही गर्नुपर्छ भन्ने विचार गरी समाजका विपन्न वर्गको उत्थानका लागि साहित्यमा लागेको र साहित्यले पनि समाज सुधारको एउटा बाटो हो भन्ने धारणा उसको रहेको छ । उसले समाजमा अवस्थित विसंगती, विकृति र अन्धविश्वासलाई हटाइ सजग समाज बनाउन साहित्य तर्फ आवाज बुलन्द गरेको पाइन्छ । उसका हरेक साहित्यिक कृतिहरूले व्यक्तिगत स्वार्थभन्दा माथि उठेर सामाजिक, सांस्कृतिक तथा राष्ट्रियताको प्रतिनिधित्व गरेका छन् ।

## २.१५ भ्रमण

नेपाल राष्ट्रिय शिक्षक संगठन दोलखाको अध्यक्ष तथा नेपाल बुद्धिजिवी परिषदका सदस्यको हैसियतले साहित्यिक गोष्ठीहरूमा तथा भेलाहरूमा भाग लिन स्वदेशका विभिन्न भागहरूमा तथा छिमेकी देश चीन र भारतको भ्रमण उनले गरेको देखिन्छ।

## २.१६ जीवन दर्शन

मार्क्सवादी जीवन दर्शनलाई आत्मासात गरेर प्रगतिवादी साहित्यमा लागेका

शङ्करलाल श्रेष्ठ बहुसंख्यक जनताको हित र सामाजिक न्यायका लागि कुनै न कुनै तरिकाबाट योगदान दिनु पर्दछ भन्ने धारणा राख्दछन् । ऊ व्यक्तिगत स्वार्थभन्दा माथि उठेर आफूले सकेसम्मको समाजसेवा गर्नु पर्छ भन्ने श्रेष्ठ गरिब, शोषित, पीडित, महिला, दलित, सबैले सुखी र सुखी अनि समृद्धि जीवन जिउन पाउनु पर्छ भन्ने पक्षमा छन् । "जीवन भनेको प्राकृतिक नाट्यशाला हो, जहाँ हामी पात्रका रूपमा रहेका छौ र सदैव संघर्षरत रहनु पर्दछ" भन्ने उसको धारणा रहेको छ । ऊ साहित्य र जीवनको सम्बन्ध नङ र मासुको जस्तो घनिष्ट हुनु पर्दछ भन्दै जीवन बिना साहित्य अकल्पनिक कुरा व्यक्त गर्दछन् । ऊ व्यक्तिगत फाइदा भन्दा मानवजातिको भलाईका लागि कार्य गर्नु पर्दछ भन्दछन् ।

## २.१७ निष्कर्ष

आजभन्दा करिव ४६ वर्ष पहिला मध्यमवर्गीय परिवारमा जन्मिएका शङ्करलाल श्रेष्ठले अहिलेसम्मको जीवन भोगाइमा सामान्य भन्दा बाहेक खासै कुनै प्रकारको समस्या र अभाव भोगेको पाइदैन । वाल्यकालमा प्रारम्भिक शिक्षा लिन सुरुमा आमा, दाजुहरूले सहयोग गरेका कारण औपचारिक शिक्षा लिन सहज भएको बताउँछन् । दाजुहरूले ल्याएका मार्क्सवाद सम्बन्धी पुस्तकहरू, उपन्यासहरू, ध्रुव घिमिरेको साहित्यिक कृतिहरूबाट प्रभावित भएर साहित्यिक कृतिहरूको सिर्जना गरेको पाइन्छ । "जब समाजमा गरिबी, अन्धविश्वास, आर्थिक अभाव, नरनारीका समान रूपमा समस्या भोगाई, विकृति, विसंगती देख्दा अन्तरमनमा छटपटि र बेचैनी हुन्थ्यो त्यस्तो सामाजिक समस्याले जिन्दगी प्रतिको वितृष्ण हुन्थ्यो र त्यो असन्तुष्टिको भावना पोख्न कथा लेख्दथे । आफूभन्दा दाजु र दिदीहरू घर परिवारमा रहेका हुनाले कुनै घरायसी कामले नपिरोलेको, दाजु, दिदीहरूको किताव पढ्ने गरेकोले पनि साहित्य तर्फको झुकावलाई निरन्तरता दिन ऊ सफल भएका छन् । यस क्रममा 'वावा ! जून टिपिदिनुस न !' जस्ता कथा सङ्ग्रहको प्रकाशन तथा विविसी नेपाली युवा कविता प्रतियोगितामा हासिल गरेको प्रथम स्थानले अझ उसमा साहित्य सिर्जना गर्ने उत्प्रेरणा मिलेको छ । वैवाहिक जीवनपछि घर व्यवहार र एक छोरा र एक छोरीको हेरचाह, पालनपोषण शिक्षा, दिक्षा, र अर्कोतिर अध्ययन तथा अध्यापन, समाजसेवा तथा विभिन्न संघ संस्थालाई समय दिनुपर्ने र त्यसबाट समय निकालेर साहित्यिक कार्यक्रममा सहभातिा, त्यस्तो गर्नु कम संघर्षपूर्ण छैन तर पनि ती अप्ठ्यारा परिस्थिति सँग जुध्दै आज जुन रूपमा खडा छन् ; उसको यो कठिन परिश्रमको फल आज आएर मिठो सावित भएको छ । यो सबै बताउँछन् ।

श्रेष्ठ नेपाली साहित्यका कथा, कविता, निबन्ध , समालोचना र केही लेख रचना एवम् एउटा कथा सङ्ग्रह 'बाबा ! जून टिपिदिनुस् न !' २०६१ का साथ अन्य फुटकर कविता लेखका छन् । सादा जीवन, उच्च विचार राख्ने प्रगतिवादी कथाकार शङ्करलाल श्रेष्ठ जीवनलाई सफल भएको ठान्दछन् समसामयिक नेपाली कथा तथा कविताका क्षेत्रमा आफ्नो छुट्टै पहिचान अस्तित्व र स्थान बनाउन सफल साहित्यकार शङ्करलाल श्रेष्ठ नेपाली साहित्यको कथा र कविता विधाको रचनाको सागर निरन्तर अगाडि बढिरहेको छ ।

अध्याय - तीन

# ३. शङ्करलाल श्रेष्ठको व्यक्तित्वको अध्ययन

## ३.१ शङ्करलाल श्रेष्ठको व्यक्तित्व निर्माणका पक्षहरू

व्यक्तित्व भनेको व्यक्तिका गुण, अवगुण, उसले हासिल गरेको सामाजिक मान मर्यादा र व्यक्तिनिष्ट आन्तरिक एवम् वाह्य यावत पक्षको चिनारी हो । व्यक्तिका पक्षलाई कुनै एउटा निश्चित मापदण्डमा मात्र सीमित गरेर हेर्न सकिँदैन । तापनि व्यवहारिक सुविधका लागि व्यक्तित्वलाई विभिन्न आधारहरूमा वर्गीकरण गरेर हेरेको पाइन्छ । व्यक्तित्वको निर्धारणमा वंशानुक्रम, जिैविक र सामाजिक तत्वको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यस्ता जैविक निर्धारकहरूमा वंशाणुक्रम, शारीरिक गठन र स्वभाव, शरीर रसायन र स्नायु मण्डलको विशेष प्रभाव रहन्छ भने सामाजिक निर्धारकहरूमा जीवनका समग्र क्रियाकलापको प्रभाव परिरहेको हुन्छ । त्यसैगरी मानवीय व्यक्तित्वको निर्माणमा पारिवारिक रहन सहन, वेशभूषा, विचार र व्यवहार जस्ता सांस्कृतिक कुराहरूको पनि विशेष भूमिका रहेको हुन्छ ।

त्यसैगरी मनोवैज्ञानिक आधारमा मानवीय व्यक्तित्वलाई र बहिर्मुखी र अन्तर्मुखी गरी दुई भागमा विभाजन गरेर पनि हेर्न सकिन्छ । अन्तर्मुखी व्यक्तित्व सफल साहित्यकार र दर्शनिकमा पाइन्छ भने बहिमुखी व्यक्तित्व सफल नेता र कार्यकर्तामा हुन्छ । शङ्करलाल श्रेष्ठमा व्यक्तित्वका उपर्युक्र पक्षहरू मिश्रित रूपमा विद्यमान देखिन्छन् । यहि पृष्ठभूमिमा शङ्करलाल श्रेष्ठको व्यक्तित्व निर्माणको पक्षलाई हेर्नु पर्दा उनको पारिवारिक जीवन र जगतको इतिहासको अध्ययन तथा विश्लेषण गर्नु पर्दछ ।

शङ्करलाल श्रेष्ठ मध्यम वर्गीय नेपाली पारिवारिक परिवेशमा हुर्के बढेका व्यक्ति नेपालका सुपुत्र हुन् । नेपाली साहित्य र राजनीतिमा अग्रसर सुशिक्षित शिक्षक, वरिष्ठ वामपन्थी नेता तथा ख्यातिप्राप्त साहित्यकार स्रष्टाहरूको सरसङ्गठन एवम् मार्गनिर्देशनमा अगाडि बढ्ने वातावरण प्राप्त गरेको शङ्करलाल श्रेष्ठको जीवन संघर्ष, बलिदान र सिर्जनाको क्रम सँगै सुखपूर्ण भन्दा दुःखपूर्ण देखिन्छ । जीवनका ठूलाठूला उहापोहमय कठिन समयहरू सँगै एकजना निरन्तर कवि व्यक्तित्वका रूपमा उनी सफल रहेका देखिन्छन् । वस्तुतः शङ्करलाल श्रेष्ठले हालसम्म आर्जन गरेका व्यक्तित्वका प्रमुख पाटाहरूलाई विभिन्न उपशिर्षकमा विवेचना गर्न सकिन्छ ।

## ३.२ शङ्करलाल श्रेष्ठको वाह्य व्यक्तित्व

कुनै पनि मान्छेको बाहिरी व्यक्तित्व उसको शरीर संगठन, रूप रङ्ग, आकार प्रकार, लवाइखवाइ एवं बोलिचालिका आधारमा प्रकट हुन्छ यही आधारमा शङ्करलाल श्रेष्ठको बाहिरी व्यक्तित्वको अध्ययन गर्दा उनको शरीर र वाह्य रूपरङ्गको परिचय आवश्यक हुन्छ ।

पातलो शरीर, गहुँगोरो वर्ण, गोलो अनुहार र लगभग ५ फिटको शारीरिक उचाई, फराकिलो निधार र गम्भीर मुखाकृति भएका श्रेष्ठको शारीरिक सौन्दर्य मध्यमकोटिको र मझौला कद रहेको छ । भावुक तथा गम्भीर प्रकृतिका शङ्करलाल श्रेष्ठको शरीर पूर्णरूप वर्ण सामान्य तर आकर्षक छ । खानपिन र पहिरनमा यही र यस्तै हुनुपर्छ भन्ने कुनै आग्रह नराख्ने शङ्करलाल श्रेष्ठ प्रायः सर्ट, पाइन्ट र जुत्तामै हिँड्छन् । श्रेष्ठको व्यक्तित्वका बाहिरी पक्षहरू अवलोकनबाट उनीभित्र रहेको समाज परिवर्तनको तीव्र इच्छा र कवित्वका लागि गम्भीर भावना भएका क्रान्तिकारी एवम् साहित्यिक व्यक्तित्वका रूपमा पाउन सकिन्छ ।

## ३.३. शङ्करलाल श्रेष्ठको आन्तरिक व्यक्तित्व

आन्तरिक व्यक्तित्व भावनात्मक हुने हुँदायो अमूर्त प्रकृतिको हुनु स्वाभाविक हो । अनुमान गरेर नै कुनै व्यक्तिको आन्तरिक व्यक्तित्वको आकलन गर्नुपर्ने हुन्छ । साधारणतया सबैजसो मान्छेको धेर थोर अंशमा शील, स्वभाव, चिन्तन मनन एवम् आचरण जस्ता अभिलक्षणहरू समान प्रकृतिका देखिन्छन् । तापनि व्यक्ति अनुसार आफ्ना व्यक्तित्वका विशिष्ट गुणहरू भने फरक फरक हुन्छन् । आन्तरिक व्यक्तित्वलाई आर्थिक सामाजिक तथा सांस्कृतिक धरातल, पारिवारिक रहनसहन पेसा, धर्म, लिङ्ग व्यवसाय जस्ता पक्षले प्रसस्त प्रभाव पारेको हुन्छ । राजराजेश्वरी डा. सिन्हाप्रसाद, डा. वज्रकुमार मिश्र, सामान्य मनोविज्ञान, तृ.सं. भारतीय भवन, ठाकुरवादी रोड, कदमकुवा पटना, इ.सं. १९३० पृ. ४९३ /९४ वास्ववमा कुनै मान्छेको आन्तरिक व्यक्तित्व भावुक , शान्त, गम्भिर एवम् अन्तर्मुखी प्रकृतिको हुन्छ । सकारात्मक सफा मन, सरल व्यवहार चिन्तनशीलता श्रेष्ठका आन्तरिक व्यक्तित्व निर्माणका निर्धारक तत्वहरू हुन् प्रगतिवादी चिन्तक व्यक्तितवका रूपमा शङ्करलाल श्रेष्ठका आन्तरिक व्यक्तित्व निर्माण भएको छ । आफ्ना निजी चाहना, इच्छा र आवश्यकतालाई कहिल्यै प्राथमिकता नदिइ शोषित, पिडित, श्रमजीवी वर्गको आर्थिक तथा सामाजिक मुक्तिलाई चिन्तन र विचारको केन्द्रविन्दु मानेर अगाडि बढ्नु श्रेष्ठको आन्तरिक व्यक्तित्वका विशिष्ट पक्ष हो । समानता, सरलता,

विश्वबन्धुत्व र राष्ट्रियता प्रति सचेत भाव राख्ने श्रेष्ठ मानवमुल्यलाई उच्च प्राथमिकता दिने चिन्तनशील, मननशील एवम् शीर्जनशील प्रौढ व्यक्तित्वका रूपमा नेपाली समाजमा सु-परिचित मानिन्छन् ।

## ३.४ शङ्करलाल श्रेष्ठको साहित्यिक व्यक्तित्व

शङ्करलाल श्रेष्ठको सुरुदेखि हालसम्म विचार गर्दा निरन्तर रहेको साहित्यिक यात्रा अर्थात साहित्यिक व्यक्तितव नै प्रमुख पाटोको रूपमा रहेको देखिन्छ । उनको साहित्यिक व्यक्तित्व पनि मुख्य रूपमा कवि, कथाकार, समालोचक, सम्पादक व्यक्तित्वका रूपमा विस्तरित भएको पाइन्छ । उनको वाल्यकालको पारिवारिक वातावरण साहित्यिक नभएर कृषक भएता पनि समाजका शोषित पीडित वर्गका जनताको अवस्थाबाट विद्यार्थी जीवन देखिनै श्रेष्ठ साहित्य सिर्जनामा क्रियाशील रहेको बुझिन्छ । (रामप्रसाद सापकोटको जानकारीबाट प्राप्त)

दुई दशक अघिदेखि साहित्यिक क्रियाकलापमा सक्रिय भएका शङ्करलाल श्रेष्ठ विविसी नेपाली युवाकविता प्रतियोगतामा सहभागि भइ उत्कृष्ट तीस कविहरूमा प्रथम स्थान हासिल गरेकाले पनि नेपालका प्रतिष्ठित कविका रूपमा परिचित भइसकेका थिए । उनले आफ्ना कविताहरूमा शोषित वर्गहरू प्रति आक्रोश पैदा गर्ने, समानताका लागि समाजका युवाहरूको पहल तथा लिंगिय , वर्गीय, जातीय, समानताका लागि सशक्त क्रान्ति गर्नु पर्दछ, समाजका गरिब र श्रमिजीवी अन्तरनिहित कुरिती, अन्धविश्वास जस्ता कलुषित संस्कारको अन्त्यका लागि सैको समान पहल हुनु पर्ने कुरामा विशेष जोड दिएको पाइन्छ । साहित्य र व्यवहार अर्थात साहित्य मार्फत मानिसको व्यवहारमा परिवर्तन ल्याउनु पर्छ भन्ने उनको मान्यता रहेको छ । वास्तविक मुक्तिका लागि शोषित पीडित जनतको मुक्तिका लागि क्रान्ति एवं त्यसका निम्ति आवश्यक मार्क्सवादी दर्शन सिद्धान्त र विचारबाट निर्मित भएको देखिन्छ । कक्षा १० मा अध्ययन गर्दा गर्दै ‘मन’ कविता मार्फत साहित्यमा प्रवेश गरेका श्रेष्ठको मुख्य विधा कथा भए तापनि उनी साहित्यका अन्य विधाहरूमा पनि आफ्नो कलम चलाएका पाइन्छ । उनको साहित्यिक व्यक्तित्वको सङ्क्षिप्त चर्चा तलका उपशीर्षकमा गरिन्छ ।

### ३.४.१ कवि व्यक्तित्व

शङ्करलाल श्रेष्ठको एउटा प्रमुख व्यक्तित्वको रूपमा कवि व्यक्तित्वलाई लिन सकिन्छ । श्रेष्ठ सर्वप्रथम वि.सं. २०३८ सालमा ‘मन’ कविता लिएर साहित्यमा प्रवेश गरेका हुन् । हालसम्म उनका कविताहरू विभिन्न दैनिक साप्ताहिक तथा

साहित्यिक पत्रिकाहरूमा प्रकाशित भए तापनि सङ्ग्रका रूपमा भने प्रकाशित हुन सकेका छैनन् । शङ्करलाल श्रेष्ठका केही कविताहरूमा 'च्छोरोल्पा', 'मन' 'बसन्तका युवा', 'बन्दमनका कथाहरू', 'देश दुखेको बेला', 'बादल ; 'बगैचा', 'मैले मान्छे भेटेँ', 'वर्तमान', 'नरोउ दिलमाया', 'मेरो कलम' आदि कविताहरू दोलखा जिल्लाबाट प्रकाशन हुने स्थानीय पत्र पत्रिकाहरू शैलुङ्गको सूर्य, कालिञ्चोक सन्देश, परिकल्पना, चरिकोट टुडे, प्रदेय, तथा विभिन्न साहित्यिक पत्रिका मधुपर्क, जस्ता पत्र पत्रिकाहरूमा प्रकाशित भएका छन् ।

शङ्करलाल श्रेष्ठका फुटकर कविताहरूको रचनाको छुट्टै पहिचान रहेको छ र उनका फुटकर रचनाको छुट्टाछुट्टै पपरिचय दिनुभनदा समष्टिगत रूपमा चिनारी दिनु आवश्यक ठानी प्रस्तुत गरिएको छ । उनका फुटकर् रचनाहरू धेरैजसो २०४६ साल देखि हाल सम्मका बीचमा रचना भएका देखिन्छन् । श्रेष्ठका कविताहरूको संगालोमा नसँगालिएका फुटकर कविताहरू केहीमात्रामा रहेका छन् । उनले प्रगतिवादी चेतनाको उद्वेगका चेपमा रहेर कविता लेखेका छन् । व्यक्तित्ग अनुभूति, जीवन जगतका यथार्थ अवस्था, निम्न वर्गीय व्यक्तिका अभाव र कुण्ठा, शोषण, सामान्तवादको विरोध, दलित शोषित र पीडित जनताको अभाव र कुण्ठा लगायत तत्कालीन राजनैतिक अवस्था विकृति, विसंगतिलाई उनले विषयवस्तु बनाएर कविता लेखेका छन् । जीवन भोगाइका दुःख कष्टहरू अभाव सङ्कट फोस्रो आश्वासन र विकृतिलाई उनका कवितामा समेटिएको छ । आफू मालिक बनी सोभ्का, सिधा जनताको रगत र पसिना चुस्ने चुसाहा वर्गको विरोध सामन्ती व्यवस्थाको कारण जनताले सधैभरी दासदासीका रूपमा काम गर्नु परेको ठूला र धनी वर्गकाले सधैभरी थिचेर आफ्नो पेट भरेको यथार्थलाई श्रेष्ठले उजागर गरेका छन् । श्रेष्ठ हालसम्म पनि कविता लेखन कार्यलाई निरन्तरता दिँदै विभिन्न कवि गोष्ठीहरूमा समेत आफ्नो कविता वाचन गर्न पछि नपरेका पाइन्छ ।

### ३.४.२ कथाकार व्यक्तित्व

शङ्करलाल श्रेष्ठ कवि व्यक्तित्व मात्र नभएर कथाकार व्यक्तित्व समेत रहेकाछन् । उनका कविता पछि कथाहरू प्रकाशित भएका छन् । दोलखा जिल्लाबाट प्रकाशित साप्ताहिक तथा मासिक पत्र पत्रिकाहरू शैलुङ्गको सूर्य, दोलखा सन्देश, परिकल्पना, जस्ता पत्रपत्रिका मार्फत कथा, कविता, समीक्षात्मक लेख रचना प्रकाशित गरेका छन् । उनलाई विभिन्न प्रकारका साहित्यिक बुलेटिनहरू, मधुपर्क, गरिमा मार्फत अफूलाई साहित्यिक फाँटमा उतार्न सफल भएका साहित्यकार हुन् ।

यथास्थितिको विरुद्ध तड्कारो आवाज उठाउँदै आमूल परिवर्तनको चाहना राख्ने कथाकार श्रेष्ठ अन्य व्यक्तित्व भन्दा कथाकार व्यक्तित्वको बढी स्थान ओगटेको छ । प्रगतिशीलता, श्रृङ्गारिकता, सामाजिक यथार्थता, व्यङ्ग्य र विद्रोह, नरनारीले समान रूपमा भोगेका कष्टहरू उत्पीडित वर्ग माथिको शोषण जस्ता दुराचार प्रति आक्रोशित हुँदै सामाजिक विसङ्गतिका कारक तत्व औल्याउँदै कथाको सिर्जना गर्ने कथाकारको व्यक्तित्व निकै उज्यालो छ । कतिपय उनका कथाहरू प्रकाशित छन् भने कतिपय कथाहरू प्रकाशोन्मुख रहेका छन् ।

कथाकार शङ्करलाल श्रेष्ठ आफ्ना कथामा नेपाली समाजमा हुने गरेका शोषण दमन अनि मानवताको अतिक्रमण विरुद्ध आवाज उठाएका छन् । आर्थिक विपन्नताका कारण दुःख कष्ट पाएको त्यसैगरी सामाजिक व्यवहारको विरोध गर्दै शोषणमूलक पूँजीवादी सामाजिक व्यवस्था समाप्त पार्नु पर्ने दृष्टिकोण उनका कथामा पाइन्छ । बन्दले निम्न स्तरका मानिसको जीविकोपार्जनमा पारेको असर, देशको मुक्तिका लागि उनीहरूको बलिदानीका बारेमा 'माहिला दाइ' कथामा व्यक्त भएको छ । 'गोरेकी आमा' कथामा गरिबीले जकडिएको गोरेको परिवारमा गोरेकी आमा मुखियाको घरमा काम गरेको पैसा लिन पुग्दा गरिब तर इमान्दार गोरेकी आमा माथि मुखिया बा ले जवानी रूपी र कामूक व्यवहार देखाए । त्यसबाट पनि गरिबको इज्जत मुखिया बा जस्ता समाजका सम्भ्रान्त वर्गले कठपुतली जस्तो खेलाउन पछि नपरेको र त्यस्ता पुँजीपति वर्गको एकदिन पक्कै पनि सर्वनाश गर्न सोझा सिधा जनताहरू अग्रसर हुनु पर्छ भनी सामाजिक चेतनाले ओतप्रोत गरी जनजागरण गराउने कथा लेखेको पाइन्छ (दोलखा साहित्य सङ्गम २०६५,पृष्ठ २०)

### ३.४.३ सम्पादक व्यक्तित्व

शङ्करलाल श्रेष्ठको व्यक्तित्व कवि, कथाकारका रूपमा मात्र सिमित नरहेर सम्पादक व्यक्तित्व सम्म फैलिएको देखिन्छ । दोलखाबाट वि.सं. २०६१ सालमा प्रकाशित 'परिकल्पना' साहित्यिक पत्रिकाको सम्पादन शङ्करलाल श्रेष्ठबाट भएको देखिन्छ । (परिकल्पना साहित्यिक मासिक पत्रिका), गौरीशङ्कर बहुमुखी क्याम्पस, दोलखाबाट प्रकाशित गौरी शङ्कर पुञ्ज पत्रिकाको सम्पादन कार्य शङ्करलाल श्रेष्ठबाट भएको भन्ने बुझिन्छ । (गौरीशङ्कर बहुमुखि क्याम्पसबाट प्राप्त जानकारीअनुसार), हनुमन्तेश्वर उच्च मा.वि. काभ्रे, दोलखाबाट प्रकाशित स्मारिकाको सम्पादन शङ्करलाल श्रेष्ठद्वारा भएको पाइन्छ । (हनुमुन्तेश्वर उच्च मा.वि. प्रशासनबाट प्राप्त जानकारी अनुसार), वैतेश्वर उच्च मा.वि. नाम्दु, दोलखा,

कालिनाग उच्च मा.वि. सुनखानी, भीम उच्च मा.वि. नाम्दु, दोलखाबाट प्रकाशित स्मारिकाहरूको सम्पादकको कार्य शङ्करलाल श्रेष्ठले गरेका थिए भन्ने बुझिन्छ । ( सम्बन्धित उच्च मा.वि. विद्यालय प्रशासनबाट प्राप्त जानकारीअनुसार) शङ्करलाल श्रेष्ठले सम्पादन गरेका पुस्तक तथा साहित्यिक पत्रपत्रिकाहरू निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

| पत्रिकाको नाम | प्रकाशन गर्ने संस्था | सम्पादक |
|---|---|---|
| क) गौरीशङ्कर पुञ्ज | गौरीशङ्कर बहुमुखि क्याम्पस, चरिकोट | शङ्करलाल श्रेष्ठ |
| ख) स्मारिका | हनुमन्तेश्वर उ.मा.वि. कात्रे, दोलखा | शङ्करलाल श्रेष्ठ |
| ग) स्मारिका | वैतेश्वर उ.मा.वि. नाम्दु, दोलखा | शङ्करलाल श्रेष्ठ |
| घ) स्मारिका | कालिनाग उ.मा.वि. सुनखानी, दोलखा | शङ्करलाल श्रेष्ठ |
| ङ) स्मारिका | भीम उ.मा.वि. दोलखा | शङ्करलाल श्रेष्ठ |
| च) चम्किलो तारा | राइजिङ्ग स्टार ई.बो.स्कूल | शङ्करलाल श्रेष्ठ |

उपर्युक्त साहित्यिक पत्रिका तथा स्मारिकाहरूमा शङ्करलाल श्रेष्ठले सम्पादकको भूमिका निर्वाह गरेको पाइन्छ ।

### ३.४.४ साहित्येत्तर व्यक्तित्व

शङ्करलाल श्रेष्ठको साहित्येत्तर व्यक्तित्व पनि उल्लेखनीय रहेको छ । उनको समग्र जीवन संघर्षशील अविचल तर अभाव र एक्लोपनले भरिएको छैन त्यसैले उनको जीवनशैली गरिमापूर्ण रहेको छ । यस अन्तर्गत शङ्करलाल श्रेष्ठको राजनीतिक र शिक्षक व्यक्तित्वको अध्ययन गर्न सकिन्छ :

### ३.४.५ राजनीतिक व्यक्तित्व

शङ्करलाल श्रेष्ठ वाल्यवस्था देखिनै समाजमा भए गरेका अन्यायपूर्ण शोषण र थिचोमिचो प्रति आक्रमक हुने गरेको पाइन्छ । व्यक्तिगत जीवनमा प्राय कोहीसँग पनि कल्यै कसैसँग नरिसाएका श्रेष्ठले समाजमा बलियाले कमजोरमाथि गर्ने शोषणका विरुद्ध भौतिक आक्रमण गर्न समेत पछि नपरेका उदाहरणहरू पाइन्छन् । सानै उमेरमा दाजु दिदीहरूले ल्याएर राखेका वामपन्थी विचारधारा सँगै सम्बन्धित पुस्तकहरू, मार्क्स एङ्गेल्सका सैद्धान्तिक ज्ञानका पुस्तकहरूको अध्ययनबाट समाजमा समानताको लागि वर्गीय, लिंगीय तथा गरिवीको उन्मुलनका लागि सदा क्रियाशिल भइरहनका लागि वामपन्थी व्यक्तित्व निर्माणको पूर्वाधार बन्यो एस.एल.सी. पासगरी गौरी शङ्कर बहुमुखी क्याम्पसमा प्रमाणपत्र तह अध्ययनका लागि भर्ना भएका शङ्करलाल श्रेष्ठ अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी

युनियनमा आबद्ध हुन पुगेको पाइन्छ । विभिन्न सांगठनिक प्रशिक्षणहरूमा सहभागी हुने अवसरले उनलाई वामपन्थी सिद्धान्तको राजनीतिक व्यक्तित्वले मार्क्सवादी, लेनिनवादी विचारधाराबाट अनुप्रमाणित नै भयो । उनी आफ्ना विचारहरू समकक्षि साथीहरू बीच पस्केर एकातिर संगठन निर्माणमा अग्रसर भएको पाइन्छ भने अर्कोतिर श्रेष्ठ गरिब र श्रमजीवि वर्गमाथिको उत्पीडनबाट आम जनताको सम्पूर्ण मुक्तिका लागि कलम पनि निरन्तर रूपमा चलाइरहेको पाइन्छ । शङ्करलाल श्रेष्ठ सानै उमेरदेखि किताबहरू पढ्थे । दाजुहरूका वामपन्थी किताबहरू पढ्थे । किताबबाटै उसको वैचारिक धारणा बनेको थियो । त्यसैले त्यसै समयदेखि राजनीतितिर झुकाव भयो । वामपन्थी नेपाल कम्युनिष्ट पार्टी एमालेमा संलग्न भएको र त्यतिबेला दोलखामा पनि आफ्नो घर परिवारलाई माले परिवार भन्ने गर्दथे उ भन्छन् । तत्कालीन माले सँग सम्लग्न हुँदा आनन्द प्रसाद पोखरेल, शिवप्रसाद भण्डारी, पशुपति चौलागाई, आदिको निकटताका कारण आफू विद्यार्थी संगठन नेपाल राष्ट्रिय शिक्षक संगठनको अध्यक्ष समेत भएको बताउँछन् । वैचारिक स्पष्टताका साथ नेकपा एमालेको संगठीत सदस्यता पाएको र पार्टीका हरेक क्षेत्रबाट अगाडि बढिरहने क्रम जारी रहेको छ । २०३६ सालको विद्यार्थी आन्दोलनमा लागेका श्रेष्ठ देशमा निरंकुश शासन र पञ्चायती व्यवस्था हावी भएको बेला प्रजातन्त्र प्रापितका लागि समेत संलग्न भएको पाइन्छ । यसरी सक्रिय राजनीतिक व्यक्तित्व नदेखिए पनि राजनीति सचेत व्यक्तित्वका रूपमा उ चिनिन्छन् ।

### ३.४.६ शिक्षक व्यक्तित्व

शङ्करलाल श्रेष्ठको शिक्षक व्यक्तित्व निकै दरिलो रहेकोछ । वि.सं. २०४३ सालमा श्री गौरीशंकर क्याम्पसबाट प्रमाणपत्र तह उत्तीर्ण गरेपछि दोलखा जिल्ला भिमेश्वर नगरपालिका स्थित श्री कुटिडाँडा मा.वि.मा नेपाली विषयका शिक्षकका रूपमा होमिएका शङ्करलाल श्रेष्ठले आजसम्म जीविकोपार्जनको निम्ति शिक्षण कार्य बाहेक कुनै पेसा अंगालेका जानकारी पाइदैन । उनको शिक्षक व्यक्तित्व सरकारी विद्यालयबाट प्रारम्भ भएर हालसम्म पनि सरकारी सामुदायिक विद्यालय सम्म नै जारी रहेको पाइन्छ । उनी नेपाली मूल विषय लिएर अध्ययन गरेका कारण पनि नेपाली विषयका दक्ष, अनुभवी, एवम् योग्य शिक्षकका रूपमा अध्यावधि कार्यरत रहेका छन् ।

शिक्षक व्यक्तित्व बारे चर्चा गर्दा उनको शारीरिक तथा मानसिक अवस्थाले साथ दिएसम्म इमान्दार , कर्तव्यनिष्ठ तथा लगनशीलतापूर्वक जिम्मेवारी सम्पन्न गर्ने

शिक्षकको रूपमा शङ्करलाल श्रेष्ठको परिचय निर्मित छ । वि. सं. २०४६ सालमा रत्नराज्य क्याम्पसबाट वि.ए. र २०४९ सालमा त्रिभुवन विश्वविद्यालयबाट वि.एड. उत्तीर्ण गरेपछि र वि.सं. २०५३ सालमा स्नातकोत्तर तह उत्तीर्ण गरेकाले शिक्षण पेसामा अझ सहज भएको पाइन्छ ।

स्वयम् आफ्नो शिक्षक पेशा, दोलखाको सदरमुकाम चरिकोटको बसाइ, घर व्यवहार, सामाजिक काम, वालबच्चाको रेखदेखका साथ साहित्यिक कार्यक्रममा सहभागिता आदिका बावजुद श्री गौरीशंकर क्याम्पसबाट प्रमाणपत्र तह उत्तीर्ण गरेपछि २०४३-४५ साल देखि सामुदायिक विद्यालयमा पढाउन थालेको देखिन्छ । त्यसपछि वि.सं. २०४६ सालमा स्थायी नियुक्ति पाइ श्री कुटिडाँडा मा.वि.मा नेपाली विषयको अध्यापन र श्री गौरीशंकर क्याम्पसमा नेपाली विषयकै अध्यापन गरेको देखिन्छ । उनी हालसम्म पनि श्री कुटिडाँडा मा.वि. मकैवारीमा प्रधान अध्यापक पदमा रही शिक्षण पेसा मै रहेका छन् । विहानको समयमा माउन्ट भ्यालि उच्च मा.वि.सँग सम्बद्ध हिम्स कलेजमा अध्ययनरत रहेकाछन् ।

### ३.४.७ साँस्कृतिक व्यक्तित्व

शङ्करलाल श्रेष्ठको साँस्कृतिक व्यक्तित्व वाल्यवस्था देखिनै सवल रहेको देखिन्छ । कृषक परिवारमा जन्मिएर पनि आम जनताको आर्थिक, सामाजिक तथा साँस्कृतिक रूपान्तरणका लागि सामुहिक अभियानमा जुटेका शङ्करलाल श्रेष्ठको विचारमा साहित्य कला र संगीतका माध्यमबाट समाज परिवर्तन गर्न सहज र सरल भन्ने बुझिन्छ । गौरीशंकर क्याम्पस चरिकोट दोलखाबाट प्रमाणपत्र तह उत्तीर्ण गरेपछि शिक्षण पेशामा प्रवेश गर्नुका साथै साहित्य, कला र संगीतको माध्यमबाट जनतामा जागरण ल्याउने अभियानमा सम्लग्न रहेको पाइन्छ । भुवन के.सी., सुन्दर विक्रम कार्की, आदि व्यक्तिहरूको संलग्न रहेको सो अभियानमा शङ्करलाल श्रेष्ठको भूमिका अग्रणी रहेको बुझिन्छ । उनले कुनै पनि स्थानमा संचालित नाटकमा उचित सल्लाह, सुझाव दिएर, विभिन्न साँस्कृतिक कार्यक्रमहरूमा सहभागिता जनाएर र कविता सिर्जना गरेर आफ्नो साँस्कृतिक व्यक्तित्वलाई माथि उठाएका छन् । ( दोलखा साँस्कृतिक समूहको जानकारीअनुसार)

मार्क्सवादी द्वन्दात्मक भौतिकवादी दर्शन, लेनिनवादी सांगठनिक सिद्धान्तको नेतृत्वमा चलाइएको चिनियाँ साँस्कृतिक क्रान्तिबाट अत्याधिक प्रभावित शङ्करलाल श्रेष्ठ जनताका माझमा एक इमान्दार व्यक्तित्वका रूपमा देखा पर्दछन् । आम जनताको क्रान्तिकारी रूपान्तरण नभएस्म्म आर्थिक सामाजिक मुक्ति असम्भव देख्ने

शङ्करलाल श्रेष्ठ असल कुराहरू सबै धर्मशास्त्रबाट ग्रहण गर्न पूर्वाग्रही हुनु हुँदैन भन्ने विचार राख्छन् । सबै प्रकारका अन्धविश्वास रुढिवादी परम्परा, पछौटेपन तथा धर्मका नाममा जकडिएको सामाजिक रीतिरिवाजप्रति आफ्ना रचनाहरूका माध्यमबाट धारिलो प्रहार गर्ने श्रेष्ठ शोषित, पीडित, भोका, नाङ्गा श्रमजिवी जनताको वर्तमान अवस्थामा आफ्ना दुःख र पीडालाई समान रूपमा लिने व्यक्तित्व हुन् । मुलुकमा सबै भाषा, जाति, संस्कृति, लिङ्ग र क्षेत्रका जनताले राज्यबाट समानुपातिक अधिकार र अवसर प्राप्त गर्नु पर्दछ भन्ने विचार र सिद्धान्तमा दृढ निश्चयी व्यक्तित्वका रूपमा प्रसंशित मान्छन् र शङ्करलाल श्रेष्ठ ।

२०४६ सालमा नेपालमा एक युगान्तकारी जनआन्दोलन भयो । जसको फलस्वरूप नेपालमा विद्यमान तीस वर्षे पञ्चायती व्यवस्थाको अन्त्यलाई नेपालमा वहुदलीय प्रजातन्त्र स्तापना भयो । समाज परिवर्तनको तिव्र चाहना भएका शङ्करलाल श्रेष्ठलाई उक्त जन आन्दोलनले आकर्षित गर्नु अस्वभाविक होइन । श्रेष्ठ आन्दोलनको निम्ति आफ्नै तरिकाबाट सदा लागि परिरहे । श्रेष्ठ शान्तिपूर्ण आन्दोलनले व्यवस्थापिका परिवर्तन गर्न सकिन्छ भन्ने मान्यतामा अडिग भएका कारण हात, हतियार, हत्या जस्ता कुराहरूबाट सँधै टाढा रही शान्तिपूर्ण आन्दोलनमै सीमित रहेको पाइन्छ । जनआन्दोलनकै क्रममा धेरै युवा, युवती एवम् आन्दोलनकारीहरू गिरफ्तारीमा परे तर शङ्करलाल श्रेष्ठ भने पार्टीको निर्देशनमा साँगठनिक गतिविधिमा क्रियाशील रहेको बुझिन्छ । आन्दोलन सफल पारी निर्णायक बनाउने क्रममा उनी विभिन्न नेतृत्वका व्यक्तित्वहरूको सम्पर्कमा रही पार्टीका रणनीतिक कार्यहरूलाई कार्यान्वयनमा लागि परेको पाइन्छ । जनआन्दोलनकै शिलशिलामा उनी बढी होसियारीपूर्वक लागेका कारण तत्कालीन सरकारका तर्फबाट गिरफ्तार भने हुनु परेन । आन्दोलन ताका उनी भूमिगत भने भएको पाइदैन । हाल उनी नेपाल कम्युनिष्ट पार्टी एकीकृत मार्क्सवाद, लेनिनवाद, सँगको सिधा सम्पर्कमा रहेर विभिन्न जनवर्गीय संगठनहरूमा संगठित रहेका छन् । उनी हाल दोलखा जिल्ला भिमोश्वर नगरपालिका स्थित कुटिडाँडा उच्च माध्यमिक विद्यालय मकैबारीमा शिक्षण कार्यमा संलग्न र विद्यालय प्रशासन प्रमुख वा प्रधान अध्यापक र प्राचार्य समेत रहेका छन् र साहित्य सिर्जनामा (कथा, कविता विधामा) आफूलाई केन्द्रित गरेका हुन् । (शोधनायकको कुराकानीबाट प्राप्त जानकारी अनुसार) ।

## ३.५ जीवनी, व्यक्तित्व र साहित्य लेखनका बीच अन्त सम्बन्ध

शङ्करलाल श्रेष्ठ जीवनका बहुमुखी प्रतिभा हुन् । जीवन र जगतलाई प्राकृतिक कुरा र एउटा नाट्यशाला हो जहाँ हामी पात्रका रूपमा रहेका हुन्छौं भन्ने धारणा लिएका उनी एक आशावाद, गतिशिलता र परिवर्तनका सापेक्षतामा जीवनलाई बुझ्रेर बदल्न उद्यत हुने स्रष्टा हुन शङकरलाल श्रेष्ठ ।

शङ्करलाल श्रेष्ठ कहिल्यै पनि स्थिर अवस्थामा नरहे गतिशिल प्रक्रियालाई छोडेर कल्यै पनि संकुचित घेरामा सिमित रहेनन् । सानो संकीर्ण घेरातिर आकर्षित भएनन् ।

शङ्करलाल श्रेष्ठ समाज सुधारक भएकाले पनि समाजमा रहेका अशिक्षा, गरिबी, शोषित, पीडित जनताका रोदनयुक्त आवाजहरू उनका आँखा अगाडि झलझली आइरहन्छन् । एकदिन एउटा कवि सम्मेलन वा कविता गोष्ठी थियो । त्यस कविता गोष्ठीमा शङ्करलाल श्रेष्ठको समर्पण र त्याग ठूलो रहेको चर्चा गरियो । उनले नेपाली समाजमा गरेका सामाजिक व्यवहार र नेपालको राजनीतिमा गरेको लगानी समर्पण र त्याग ठूलो छ । जीवन देखि नथाकिकन निरन्तर रूपमा संघर्ष गरिनै रह्यौ । एकदिन पक्कै पनि तिम्रो सूयोग्य दिन आउनेछ । तिम्रो जीवनका लागि अति आवश्यक  सुख, सुविधाहरूको व्यवस्था हुनेछ किनकि यो कविहरूको सम्मेलनमा, यस कविहरूको गोष्ठीमा तिम्रा कवितामा उर्लिएका भावनाका छालहरूले भरिपूर्ण आवाज हो, यस आवाजमा तिम्रो मनोभावनात्मक स्पन्दन हुने शब्दहरू पोखिएका छन् ।

शङ्करलाल श्रेष्ठको, त्याग र समर्पणबाट संघर्ष र बलिदानबाट उनका कविताहरूबाट कसैले फाइदा लिए तर उनलाई चाहिँ उपेच्छा गरे भन्ने आशयले यि माथिका हरफहरू उल्लेख गरिएको हो । नेपालको परिवर्तित राजनीतिमा शङ्करलाल श्रेष्ठको कविताले विशेष भूमिका निर्वाह गरेको र राजनैतिक व्यवस्था परिवर्तन हुनुमा केही हदसम्म भए पनि आन्दोलनलाई उर्जा मिलेको थियो । त्यसैको फलस्वरूप नेपालमा राजनीतिक रूपबाट व्यवस्था फेरियो तर विभिन्न दलका नेताहरू व्यक्तिगत स्वार्थका कारण सुविधा सम्पन्न बने, तन मनले धन कमाए उच्चस्थानमा पुगे तर उनी जहाँको त्यहीँ अवस्थित रहेकाछन् भन्ने अर्थमा माथिका वाक्यांशहरू उल्लेख गरिएका हुन् । उनको नरिसाउने मिझसिला र नम्र स्वरमा स्वाभाविक ढंगले जवाफ दिए । उनी सम्पूर्ण नेपालीहरूको चुलोमा आगो बलेको, कसैको आङ नाङ्गो नभएको र् स्वास्थ्य उपचारमा सबैको समान उपयोगका बारेमा

चिनिन्त भएकाले पेटभरी खान नपाउनेले अझै सम्म पनि पेटभरि खान पाइरहेका छैनन् । जसले आङ ढाक्ने गरी लाउन पाइरहेका छैनन् । तिनीहरूले अझै सम्म आङ ढाक्ने गरी लुगा लगाउन पाएका छैनन् । कसैको उच्चस्तरीय दरवार जस्ता महल छन् त कोही वास बस्ने वासस्थान घर पाइरहेका छैनन् । कसैले आफ्ना छोराछोरीहरूलाई अमेरिका, वेलायत, जापान लगायत अन्य मुलुकमा पढ्न पठाएका छन् भने धेरैका छोराछोरीहरू लेखपढ गर्न पाइरहेका छैनन् । यस्तो अवस्था देखेर उनी दिक्क मान्दै व्यवस्था बदलिएको छैन तर मात्र मालिकहरू बदलिएका छन् । नेपाली जनताको आन्दोलन संघर्ष नेपाली जनताहरू बदलिएका छन् । नेपाली जनताको आन्दोलन संघर्ष नेपाली जनताहरू समान खुसी, शिक्षित धनी हुन् भन्ने हेतुले गरिएको आन्दोलन तर गरिब मानिसहरू उत्तम जीवन नपाई अझ गरिब हुँदैछन् । देशमा भ्रष्टाचार बढिरहेछ । दैनिक हत्या, अपहरण र लुटपाट जस्ता घटनाहरू मौलाउँदैछन् । त्यसैले हामीले आन्दोलन रोक्ने हैन । सदा संघर्षशील रहनु पर्दछ । कदापी अलमलमा पर्नु हुँदैन ।

शङ्करलाल श्रेष्ठको अभिव्यक्तिले मानवीय चेतनालाई अझ सोच्न वाध्य बनाएको थियो । यथास्थितिमा नरहेर सदा संघर्षशील भएर बाँच्ने ठूलो प्रेरणा दिएको थियो । कवि एवम् साहित्यकार सधै यस्तै यस्तै चेतनाले भरिपूर्ण रहेका कविता अरूसँग पस्किएर अझ संघर्ष वा क्रान्तिमा होमिन आग्रह गर्दै आगो बढीरहनेछन् । दुःखमा सुखमा राजनीतिमा, खुला जीवनमा, बन्दिजीवनमा, जहाँसुकै जति बेला भए पनि उनले कविता मार्फत युगीन चेतनाको सम्प्रेषण गरेका छन् ।

उनको कविता लेखनले विचित्र कलात्मक प्रस्तुतिलाई पछ्याएको छ भने कथा लेखनले सामाजिक यथार्थवादीतालाई आत्मासात गरेको छ । सारदर्भिक रूपमा विचार गर्दा उनका कविताहरूमा शोषण र अन्यायको विरुद्धमा जागरुक बनाउने , समाजको युगिन चेतनाको सम्प्रेषण गर्ने, समाज सुधारक, शोषकहरूमाथि शोषणको तिक्ष्ण व्यङ्ग्य तथा देशप्रेम र राष्ट्रप्रेमको तिव्र चाहना व्यक्त गरेका छन् । शङ्करलाल श्रेष्ठ सधै हँसिला, रसिला स्वभाव भएकाले दुःखी हुँदा दुःखको , निराश हुँदा निराशाको, हार्दा हारको प्रस्तुति गर्ने शङ्करलाल श्रेष्ठ सधै जीवन प्रति इमान्दार रहेको पाइन्छ ।

अध्याय - चार

# ४. शङ्करलाल श्रेष्ठको कृतित्वको अध्ययन

## ४.१ परिचय

दोलखा जिल्लामा जन्मेर दोलखालाई नै कर्मथलो बनाई साहित्य साधनामा लागेका शङ्करलाल श्रेष्ठ १६/१७ वर्षको उमेरदेखि नै कविता लेखनका माध्यमबाट नेपाली साहित्यमा प्रवेश गरेका हुन् । शङ्करलाल श्रेष्ठ २०३६ सालको विद्यार्थी आन्दोलन देखिनै प्रगतिशिल विचार तर्फ उन्मुख भइ राजनैतिक, सामाजिक र साहित्यिक कार्यमा लागेका हुन् । सामाजिक मुक्तिको आन्दोलनबाट मात्र आमूल परिवर्तन हुने विचार उसका कृतिमा व्यक्त भएको छ । वर्गीय, लिंगिय पक्षधरका साथ सामाजिक यथार्थहरूको चित्रण पनि उनका कृतिमा गरिएको छ । उसले नेपाली जनता गरिबीले जकडिएका, समाजका उच्च वर्गले निम्न वर्गमाथि गरेको व्यवहार र उनीहरूको गिध्दे दृष्टि, देश र राष्ट्रपतिको बलिदानीलाई मूल विषयवस्तु बनाएर साहित्य सिर्जना गरेको पाइन्छ । श्रेष्ठ नेपाली समानताका लागि लिंगिय , जातिय समानताका लागि मार्क्सवादी कोणबाट हेर्छन् ।

२०४६ सालको जनआन्दोलनले राजनैतिक व्यवस्थालाई स्वरूपगत परिवर्तन गरे पनि, असमानता, अन्याय र आर्थिक तथा साँस्कृतिक आधारलाई छुनसम्म भन्ने विचार उसको रहेको छ । विशेष गरेर उच्च वर्गले निम्न वर्गमाथि गरेको शोषण , अन्याय अत्याचारले गर्दा निम्न वर्गीयले अपेक्षित स्वतन्त्रता, प्राप्त नगरेको र उत्पीडन सहनु पर्ने वाध्यता जस्ताको तस्तै रहेको भाव उनी व्यक्त गर्दछन् ।

आर्थिक असमानताका कारण उच्च वर्गका मान्छेले निम्न वर्गका मान्छेलाई दोस्रो दर्जाको नागरिक बनाएर आफू मालिक र अरू नोकर सरह भएर आफ्ना चाहना रुची, र स्वार्थ अनुरूप व्यवहार गर्दै आएको पीडा अभिव्यक्तिसमेत उनले गोरेकी आमा कथामा व्यक्त गरेका छन् । उसका कथा, कविता, निबन्ध लेख रचनाहरू प्रतिवाद तर्फ उन्मुख भएका छन् ।

## ४.२ कविता कृतिको अध्ययन

शङ्करलाल श्रेष्ठका फुटकर रचनाहरूको छुट्टै पहिचान रहेको छ । र उनका फुटकर रचनाको छुट्टाछुट्टै परिचय दिनुभन्दा समष्टिगत रूपमा चिनारी दिनु आवश्यक ठानी प्रस्तुत गरिएको छ । उनका फुटकर रचनाहरू धेरै जसो २०४६ सालदेखि हालसम्मका बीचमा रचना भएका देखिन्छन् । श्रेष्ठका कविताहरूको सँगालोमा नसँगालिएका फुटकर कविताहरू केही मात्रामा रहेका छन् । उनले प्रगतिवादी

चेतनाको उद्वेगका रूपमा रहेर कविता लेखेका छन् । व्यक्तिगत अनुभूति जीवन जगतका यथार्थ अवस्था, निम्न वर्गीय व्यक्तिका अभाव र कुण्ठा, शोषण, सामन्तवादको विरोध, दलित, शोषित र पीडित जनताको अभाव र कुण्ठा लगायत तत्कालीन रनजनैतिक अवस्थता, विकृति, विसंगतिलाई उनले विषयवस्तु बनाएर कविता लेखेका छन् । जीवन भोगाइका दुःख कष्टहरू, अभाव, संकट, फोस्रो आश्वासन र विकृतिलाई उनका कवितामा समेटिएको छ । आफूमालिक बनी सोझा सिधा जनताको रगत चुस्ने चुसाहाको विरोध, सामन्ति व्यवस्थाकृ कारण जनताले सधैंभरी दास दासीका रूपमा काम गर्नु परेको , ठूला र धनी वर्गले सधैंभरी थिचेर आफ्नो पेट भरेको यथार्थलाई श्रेष्ठले उजागर गरेका छन् । श्रेष्ठ निबन्धात्मक लेख, कविता, विभिन्न पत्र पत्रिकाहरूमा प्रकाशित भएका छन् भने उनको मूल विधा भनेको कथा हो ।

### ४.३.१ शङ्करलाल श्रेष्ठको कविता कृतिको विवरण

क) शङ्करलाल श्रेष्ठका पत्र पत्रिकामा प्रकाशित लेख रचनाहरूको सुची

| क्र.सं. | शीर्षक | प्रकाशन स्रोत |
|---|---|---|
| १ | च्छोरोल्पा | शैलुङ्गको सूर्य |
| २ | मन | |
| ३ | वसन्तका युवा | शैलुङ्गको सूर्य |
| ४ | वन्दमनका कथाहरू | शैलुङ्गको सूर्य |
| ५ | देश दुखेको बेला | |
| ६ | वादल | कालिञ्चोक सन्देश |
| ७ | बगैंचा | |
| ८ | मैले मान्छे भेटैं | परिकल्पना |
| ९ | वर्तमान | चरिकोट टुडे |
| १० | नरोउ दिलमाया | चरिकोट टुडे |
| ११ | मेरो कलम | |

### ४.३.२ शङ्करलाल श्रेष्ठको कविताको अध्ययन

हाम्रा शासकहरू जनताका अति जरुरी आवश्यकता प्रति मात्र संवेदनशील छैनन् ; देशको सोभादेखा र अस्मिता सुरक्षा गर्न समेत सक्षम छैनन् । उनीहरू भू मण्डलीकरण, उदारीकरण, निजीकरणका नाममा नेपालको अर्थतन्त्र र स्रोत साधन

समेत वेचविखन गर्न हतारिरहेका देखिन्छन् । सत्ताका लागि लुछाचुँडी भइरहेको छ । वर्तमान समसामयिक अवस्थामा भैरहेको राजनीतिक खिचातानीले गर्दा विदेशी शक्तिहरूको चलखेलले नेपालकै अस्मिता माथि दाग लाग्न सक्छ भन्ने भाव 'वर्तमान' भन्ने कवितामा व्यक्त गरिएको छ । प्रकृतिको चित्रण गरी दोलखा जिल्लामा स्थित च्छो रोल्पा तालले नेपालको प्राकृतिक सौन्दर्य बढाएको यसले छुट्टै पहिचान कायम रहेको भाव 'च्छो रोल्पा' कवितामा व्यक्त गरिएको छ । नारी स्वतन्त्रता, युवावस्थाको चन्चलेपन, वेरोजगारीताले ल्याएको छटपटी स्वास्थ्य शिक्षा र रोजगारीको चाहना तथा स्वतन्त्र राष्ट्रियता, शान्ति र सदभावको सहयात्रालाई समेटेर भाव व्यक्त, गरिएर लेखेके कविता हो 'बन्द मनका कथाहरू', अशान्ति हट्दैछ, देशमा सुशासन कायम हुँदैछ । जनताले चाहेको व्यवस्था आउँदैछ । नेपाली जनताका दुःख र कष्ट समाप्ति हुँदैछ । गाँस, बाँस र कपासको व्यवस्था हुँदैछ अब नेपालीको भविष्य उज्वल हुँदैछ भन्ने भाव नरोउ दिलमाया भन्ने कवितामा व्यक्त भएको छ । विद्रोही स्वर, अन्याय, अत्याचारको अन्त्यका लागि, शोषण दमन र निरंकुशताको अन्त्यका लागि सधै प्रगतिवादी चेतना फैलियोस् जहाँ समानता, न्यायपूर्णता होस् भन्ने प्रगतिवादी चेतना फैलियोस जहाँ समानता, न्यायपूर्णता होस् भन्ने प्रगतिवादी चेतना फैलाइएको भाव मेरो कलम कवितामा व्यक्त गरिएको छ । हामी विविध धर्म संस्कृति, रितिरिवाज भएका बहुजाति, बहुभाषि नेपाली जनताहरू वगैंचामा रहेका फूलसरी मिलेर संसारका मानिसहरूलाई सुवास छर्न सफल भएका छौं भन्ने भाव र साथमा प्रकृति चित्रण समेत गरिएको कविता हो वगैचा ।

संख्यात्मक रूपमा कविताहरू धेरै नै भए तापनि सङ्ग्रहीत भने छैनन् । तथापि उसको यो विद्रोही स्वर राजनीतिक मात्र हैन अधिकांश प्रगतिवादी कविताहरूले उपेक्षा गर्ने गरेको सांस्कृतिक पक्ष प्रति उसले धारिलो रूपबाट प्रहार गरेका छन् । ( चपागाई २०५७) ।

देशका मूल कर्णधार नेपालका युवा हुन् । नेपाली युवाले देशका कुरिति कुसंस्कारको अन्त्य गरी नेपाललाई अग्रदिशा दिन सक्छन् । सामाजिक विकास, आर्थिक विकास र परिस्थिति अनुकूल भएमा युवाले सिंगो राजनीतिक परिवर्तन चाँडो गराउन सक्छन् भन्ने भाव बसन्तका युवा मा व्यक्त गरिइएको छ । नेपालका नारीहरू पुरुषले तुलनामा पछाडि हुनु, पछि पर्नुमा कमजोर मानवता हो भन्ने मुख्य भाव मैले मान्छे भेटैं कवितामा व्यक्त गरिएको छ । उनका कविताहरूका शीर्षक सार्थक छन् । यथार्थवादी छन् । यथार्थवादी हुनुले शीर्षक सार्थक रहेका छन् भन्न सकिन्छ । श्रेष्ठ

बालककालदेखिनै गाउँघर घरछिमेक,दिदीबहिनी र आमाहरूलाई पुरुषहरूबाट गरिएका भौतिक आक्रमण वा घरेलु हिंसाहरू तिनले भोग्नु परेका मानसिक यातनाहरू छोराछोरीमा भेदभाव, दुःखी, गरिब, निमुखा जनता माथि उच्च वर्गीय व्यक्तिको थिचोमिचो, प्रकृति चित्रण, राष्ट्रियतको जगेर्ना जस्ता विषय वस्तुलाई कवितामा उल्लेख गरी शीर्षक चयन गरिएकोछ । उनका कविताहरूका शीर्षकहरू प्रतिकात्मक नभई शीर्षक अभिधात्मक रूपमा आएका छन् भने कुनै कुनै कवितामा व्यङ्ग्य रूप पाउन सकिन्छ । कविताका शीर्षकहरू साधारण समाजमा प्रचलित विषयवस्तुमा केन्द्रित भए तापनि तिनीहरूको वास्तविक मर्म भने फरक किसिमका रहेका छन् । उनले यी कविताहरूमा अन्याय, अत्याचार, दिनहीन दुःखी, शोषित, पीडित महिला र देश र जनताको समानता र स्वतन्त्रताका लागि आवाज उठाएका छन् । उनका कविताहरूमा रहेका शीर्षकहरमा अभिधात्मक शक्ति भेटिन्छ भने व्यङ्ग्यरूप केही कवितामा मात्र मुखरित भएको देखिन्छ ।

### ४.३.३ प्रगतिवाद

'प्रगतिवाद' मार्क्सवादी द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादमा आधारित वैज्ञानिक साहित्यिक दृष्टिकोण हो । यसलाई अझ प्रष्ट पार्न यस अध्यायमा प्रगतिवादको शाब्दिक तात्पर्य एवम् विभिन्न दृष्टिकोणको सैद्धान्तिक आधारमा विवेचना गरी निष्कर्षमा पुगिएको छ भने प्रगतिवादी धाराको पनि यस अध्यायमा चर्चा गरिएकोछ ।

'प्रगतिवाद' शब्द 'प्रगति' र 'वाद' नामक शब्दको संयाजनबाट तयार भएको हो । 'प्रगति' शब्द 'गति' मूल शब्दमा 'प्र' उपसर्ग लागेर तयार भएको हो । यस शब्दको अर्थ उत्थान, विकास, उन्नति, सुधार जस्ता ।

### ४.३.४ प्रगतिवादको दार्शनिक आधार

प्रगतिवादी सिद्धान्तको दार्शनिक आधार भनेको जीवनजगतलाई भौतिकवादी दृष्टिले हेर्ने मार्क्सवादी दर्शन हो । प्रकृति सामाजिक जीवनको व्याख्या विश्लेषण मार्क्सवादीले इन्दात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादलाई आधार बनाएको छ । यसकारण मार्क्सवादी दर्शन, भौतिकवादी दर्शन हो भने यसै दर्शनमा आधारित भएको हुँदा प्रगतिवाद पनि भौतिकवादी साहित्यिक दृष्टिकोण हो । यस दृष्टिकोणका प्रतिपादकहरू कार्लमार्क्स र फ्रेडरिक एङ्गेल्स हुन् । प्रगतिवादलाई बुझ्नका लागि मार्क्सवादका बारेमा जान्नु अपरिहार्य छ । मार्क्सवादका प्रमुख प्रस्थापनाहरू दुईवटा रहेका छन् । ती हुन् द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवाद । यसै

परिप्रेक्ष्यमा यी दुई प्रस्तावनाका बारेमा सङ्क्षिप्त चर्चा गरिन्छ ।

### ४.३.५ द्वन्द्वात्मक भौतिकवदा

द्वन्द्वात्मक भौतिकवादले पदार्थमा गतिशिल रहने मान्यतालाई स्वीकार गर्छ जर्मनका अध्यात्मवादी दार्शनिक हेगेलले प्रयोग गरेको द्वन्द्वात्मक पद्धतिलाई स्वीकार गर्दै मार्क्सले यो पद्धति चेतनामा मात्र नभएर पदार्थमा लागू हुन्छ भन्ने दृष्टिकोण प्रस्तुत गरेको पाइन्छ । शाब्दिक रूपमा हेर्दा द्वान्द्वात्मक ग्रिसेली भाषाको 'डाइलेगो' र अङ्ग्रेजी भाषाको 'डाइलेसिस' बुझाउनृ समानार्थी नेपाली रूपान्तरण हो र डाइलेगो शब्दले विरोधी पक्षहरूको तर्कमा भएका अन्तर विरोधहरूलाई खोजेर खण्डन गर्ने र तथ्य पत्ता लगाउने कलालाई बुझाउँछ । यसरी द्वन्द्ववादले के भन्छ भने समस्त प्रकृति र जीवन जगतको विकास पदार्थमा भएको द्वन्द्वशील गुणले गर्दा नै सम्भव भएको छ । भौतिकवादी दृष्टिकोण भएको हुँदा यस चिन्तनको यथार्थजगत गतिशिल छ परिवर्तनशील छ, यो कुनै परमसत्ता द्वारा निर्मित नभएर स्वतसत्तासम्पन्न छ भन्ने मान्यता प्रस्तुत गर्दछ । मानव चेतनादेखि यसको स्वतन्त्र आफ्नै अस्तित्व छ भन्ने कुरास्वीकार गर्दछ । मान्छेको चेतनले उसको अस्तित्व निर्धारण गर्दैन, सामाजिक चेतनाले नै उसको अस्तित्व निर्धारण गर्दछ भन्ने यसको मान्यता छ ।

परम्परागत आदर्शवादले समस्त वस्तुजगतलाई परमत्वको चेतनाको प्रतिफल मान्दछ भने द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोण त्यसको ठीक विपरित यथार्थवादी दृष्टिकोण प्रस्तुत गर्ने चिन्तन हो । भौतिकवादी दृसष्टकोण भएको हुँदा द्वन्द्वात्मक भौतिकवाद कुनै पनि ईश्वरीय सत्तालाई स्वीकार गर्दैन । अपरिवर्तनशील रूपमा प्रकृतिलाई हेर्ने तथा अस्तित्वमा आउन नसकेको कुनै पनि कुराको उद्भव हुन नसक्ने दृष्टिकोण र मान्यता राख्ने अधिभूतवादी विचारका विपरित द्वन्द्ववादले प्रकृति वा जीवन जगतलाई परिवर्तनशील रूपमा हेर्दछ । यसले गुणात्मक परिवर्तनबाट नयाँ चिजको जन्म हुने कुरा प्रस्तुत गर्दछ । विकासको मुलस्रो पदार्थभित्रै हुन्छ भन्ने मान्यता प्रस्तुत गर्ने द्वन्द्वात्मक प्रक्रियाबाट वस्तुजगतको विकास हुन्छ भन्ने मान्यता स्वीकार गरेको छ ।

यिनै परिवर्तनका नियम र प्रक्रियाबाट समस्त जीवनजगतको परिवर्तन र विकास सम्बन्धी आफ्नो धारणा द्वन्द्वात्मक भौतिकवादले प्रस्तुत गरेको छ । जुन परम्परा आदर्शवादी सोचभन्दा विपरित र धरातलीय यथार्थमा आधारित छ । जसले प्रमाणित रूपमा आफ्ना तथ्यहरू प्रस्तुत गर्न स्क्छ भने अधिभूतवादीहरूको मुख पनि टालिदिन सक्छ ।

ऐतिहासिक भौतिकवाद मार्क्सवादी दर्शनको दोस्रो प्रस्थापना हो । ऐतिहासिक भौतिकवादले समाज विकासको ऐतिहासिक स्थिति, भौतिक वस्तुले विकासको कारण र त्यसका आधारभूत तत्वको विवेचना गरेको छ । द्वन्द्वात्मक भौतिकवादका सिद्धान्तहरू सामाजिक जीवनमा अध्ययनमा पनि विस्तारित हुँदा सामाजिक जीवनका घटनाहरू, समाज र समाजको इतिहासको अध्ययन गर्नका निम्ति पनि प्रयोग हुन्छन् । यसरी विस्तार र प्रयोग भएको द्वन्द्ववादलाई ऐतिहासिक भौतिकवाद भनिन्छ । ऐतिहासिक भौतिकवादले सामाजिक आर्थिक परिवर्तनका अध्ययन गरेको भेटिन्छ । संक्षेपमा भन्दा ऐतिहासिक भौतिकवादको वास्तविक अर्थ सामाजिक जीवन र मानव जातिको इतिहासमा द्वन्द्वात्मक भौतिकवादका मूल सिद्धान्तहरूको प्रयोग हो ।

मार्क्स र एंगेल्सले ऐतिहासिक सिद्धान्तको भौतिकवादी प्रगतिवादी गरिदिएपछि समाज तथा इतिहास सम्बन्धी धारणामा फरक आएको पाइन्छ भने धारणा रहेको छ । इतिहासका नियमहरू एवम् वैज्ञानिक तथ्यपरक दृष्टिकोण प्रस्तुत गरिएको हुँदा मानव समाजको परिवर्तन सम्बन्धी वास्तविक इतिहास त्यसपछि मात्र तयार भएकोले यस सिद्धान्तलाई क्रान्तिकारी स्थापनाको रूप लिने गरिन्छ । सामाजिक जीवनको वास्तविक इतिहास एवम् परम्परालाई प्रष्ट पार्न यस ऐतिहासिक भौतिकवादी मान्यता अझ सफल भएको छ । सामाजिक तथा आर्थिक पक्षलाई प्राथमिक तत्वका रूपमा स्वीकार गर्ने भौतिकवादले सामाजिक रूपान्तणको निर्णायक तत्व ऐतिहासिकता भएको यथार्थलाई आत्मसात गर्दछ । उत्पादन पद्धति तथा उत्पादन सम्बन्धहरूले समाजको विकासमा कुनै किसिमको प्रभाव कसरी पार्न सक्छ भन्ने विषयको अध्ययन ऐतिहासिक भौतिकवाद अन्तर्गत गरिन्छ । ऐतिहासिक भौतिकवादका अनुसार भौतिक साधनको उत्पादन र पुनरुत्पादन, समान विकास र सामाजिक अस्तित्वको महत्वपूर्ण सर्त हो ।

जीवन निर्वाहको क्रममा भौतिक सामग्रीहरू आवश्यक पर्ने हुँदा उत्पादन पद्धति जीवनको अवाश्यक सर्त भएको र सामाजिक जीवन उत्पादन पद्धति अनुरूप बदलिँदै जाने यथार्थलाई ऐतिहासिक भौतिकवादले स्पष्ट पारेकोछ ।

यसरी मान्छे अनिवार्य रूपमा उत्पादन प्रक्रियासँग सम्बन्धित रहेको हुन्छ । मार्क्सको भनाईलाई देवीप्रसाद गौतमले यसप्रकार उदृत गरेका छन् । सामाजिक जीवनको उत्पादन प्रकृयामा मान्छे अपरिहार्य रूपमा सुनिश्चित सम्बन्ध राख्दछ । यिनै सम्बन्धहरूको योग तथा सम्पूर्णताले नै समाजको आर्थिक धरातलको निर्माण गर्दछ

। त्यसैमा एक न्यायिक तथा राजनीतिक वाह्य संरचना वा अधि संरचना खडा हुन्छ ।

ऐतिहासिक भौतिकवादी दर्शन अनुसार इतिहास तल्लो चरणबाट माथिल्लो चरणमा क्रमिक रूपमा अगाडि बढ्छ । यस किसिमको इतिहासको विकास मानिसको इच्छाबाट होइन वस्तुगत नियमबाट हेर्नु पर्छ । हरेक ऐतिहासिक व्यवस्थामा पाइने राजनैतिक तथा कानुनी संस्थाहरू र धार्मिक दार्शनिक आदि धारणाहरूको वास्तविक आधार तत्कालीन आर्थिक संरचना हो । यसर्थ आर्थिकताका आधारमा नै इतिहासको व्याख्या र अध्ययन गर्नु पर्दछ भन्ने धारणा मार्क्स र एंगेल्सको पाइन्छ । (भण्डारी २०५३:६)

आज सम्मको इतिहास वर्गसंघर्षको इतिहास हो भन्ने मान्यता प्रस्तुत गर्ने मार्क्स र एंगेल्स समाजमा वर्ग कायम रहेसम्म संघर्ष कायम भन्नेमान्यता पप्रस्तुत गर्दछन् । शोषक र शोषित वर्गको अन्त्यमा साम्यवादी समाजको निर्माण हुँदाराज्य विलोप हुन्छ भन्ने अभिप्राय यहाँ प्राप्त गर्न सकिन्छ । मार्क्सका अनुसार दबाउनका लागि कुनै वर्ग नरहने हुँदा केवल साम्यवादी मात्र राज्यलाई पूर्णरूपमा अनावश्यक बनाउँछ भन्ने लेनिनको भनाइले पनि यस भनाइलाई थप मद्धत पुऱ्याएको देखिन्छ । परिवर्तन सम्बन्धमा नयाँ उत्पादन शक्तिहरू र पुराना उत्पादन सम्बन्धहरूको टक्कर नै सामाजिक क्रान्तिको आर्थिक जग हो भन्ने मार्क्सवादी निष्कर्षले सामाजिक क्रान्तिकानिम्ति उत्पादन सम्बन्ध कारणका रूपमा रहेको यथार्थ जानकारी गराउँछ । यसै तथ्यलाई पुँजीवादी युव व्यतित भएको उल्लेख गर्दै समाज समाजवादी युगतर्फ संक्रमण गर्न खोजेको निष्कर्ष निकालिन्छ ।

ऐतिहासिक भौतिकवादी दृष्टिको अनुसार आदिम साम्यवादको विघटन देखि मानव जातिको इतिहास वर्गहरूबीच संघर्ष हुँदै आएको छ । आदिम समाज वर्गहीन समाज भएको हुनाले उत्पादक शक्तिहरूको विकास भयो, जसको प्रतिफल नयाँ वर्गहरूको जम्मा भयो । यी वर्गहरूमा नयाँ प्रगतिशिलका स्वरूपमा वर्गहरू र पुराना शक्तिबीच आइपुगेको निम्ति वर्गसंघर्ष प्रेरक र अपरिहार्य तत्वका रूपमा स्वीकार गर्नुपर्ने हुन्छ । यही संघर्षले नै पुरानालाई हटाएर नयाँ व्यवस्थाको जम्मा गराएको हुन्छ ।

यस प्रकार ऐतिहासिक भौतिकवादले मानव सभ्यताको इतिहासलाई तथ्यपरक यथार्थवादी ढंगले विश्लेषण गर्दछ । त्यस्तै मानवीय चेतना पनि भौतिक परिवर्तनकै अनुपातमा हुने परिवर्तन हो भन्ने मान्यता प्रस्तुत गरेको छ ।

### ४.३.६ प्रगतिवादी कला साहित्य मान्यता

प्रगतिवादी दार्शनिक आधार प्रदान दार्शनिक चिन्तन नै मार्क्सवाद हो । प्रगतिवादी मार्क्सवादका दुइ प्रस्थापनाहरू द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवाद जस्ता वैज्ञानिक आधार स्तम्भलाई आधार बनाएर खडा भएको छ । मार्क्सवाद विभिन्न शाखाहरू मध्ये साहित्यिक शाखा नै प्रगतिवाद हो । प्रगतिवाद मार्क्सवाद एउटा बलियो हाँगा हुँदा हुँदै पनि यस दर्शनका प्रगतिवादक कार्लमार्क्स र फ्रेडरिक एंगेल्सले भने साहित्यको सन्दर्भमा कुनै पनि कृति प्रस्तुत गरेका छैनन् । यति भए तापनि मार्क्स र एंगेल्सले पुराना सौन्दर्य शास्त्रीहरूले समाधान गर्न नसकेका अनेक गम्भिर प्रश्नको समाधान गरी मार्क्सवादी दर्शन अगाडि ल्याएका छन् । (भण्डारी २०५३:१०) यसै दर्शनबाट अनुशासित प्रगतिवाद सफल साहित्यिक सिद्धान्तका रूपमा प्रतिस्थापित भएको छ । हामीले मार्क्स र एंगेल्सले साहित्यका विषयमा के बोलेका छन् भनने भन्दा पनि यस विषयमा के भन्ने थिए होलान् र उनीहरूद्वारा प्रतिपादित सिद्धान्तले के भन्छ भन्ने कुरा महत्वका साथ लिनु पर्ने हुन आउँछ । गौतम २०४९:४० प्रगतिवादी कला साहित्यका सन्दर्भमा विभिन्न दार्शनिकहरूले विभिन्न दर्शन र चिन्तनहरू प्रस्तुत गरेका छन् । यी चिन्तनहरूले प्रगतिवादलाई अझ स्पष्ट र गतिशिल बनाएका छन् । यिनै चिन्तन र तर्कहरूको आधारमा प्रगतिवादी कला साहित्य मान्यतालाई स्पष्ट पार्ने प्रयास गरिन्छ ।

मार्क्स र एंगेल्सद्वारा साहित्यका सन्दर्भमा कुनै पनि कृति प्रस्तुत गरेका नभएता पनि उनीहरूबाट भएको कृतित्वको टिप्पणी र अन्तर्वार्ता आदिका क्रममा व्यक्त भएका धारणाहरूले मार्क्सवादी कला साहित्यको मान्यतालाई आधार प्रदान गरेका छन् । खासगरी मार्क्सवादी साहित्यको प्रस्थान विन्दुका रूपमा लिइने मार्क्सको कृति अ कन्ट्रिब्युसन टुदी क्रिटिक अफ पोलिटिकल इकोनोमि हो । यस कृतिको प्रस्थापना खण्डमा रहेको आधार र अधिरचनामा निम्न स्थापनाहरू शिवकुमार राईद्वारा प्रस्तुत गरिएका छन् :

साहित्यिक एवम् कला विचारधाराकै स्वरूप हुन् ।

ती मूलतः समाजका आर्थिक, भौतिक जीवनबाट उत्पन्न एवम् तिनैमा स्थित र आधारित छन् ।

आर्थिक, भौतिक धरातलमा परिवर्तन हुनासाथ साहित्य कला अथवा विचार धाराका अन्यरूप पनि धेरै थोर त्यही तीव्रताका साथ परिवर्तन हुन्छ । र यस्तो परिवर्तनमा विचार गर्दा हामीले उत्पादनका आर्थिक परिस्थितिहरू जसलाई पदार्थ विज्ञानको झैं

नै हीकसँग आकलन गर्न सकियोस् र विचारधाराका रूपहरू जसमा मनुष्य यसप्रति सचेत रहन्छ । यसका बीच भेद गर्नु पर्दछ (मिश्र १९७३:१९५) मार्क्स आधारको परिवर्तनबाट अघि रचनामा परिवर्तन हुन्छ भन्ने देखाउन चाहन्छन् । अघिरचनाको परिवर्तनको समेत आधार परिवर्तन गर्न सक्ने प्रति जोड दिन समेत चुक्दैनन । यस भनाइले के स्पष्ट पार्न खोजेको छ भने समाजमा भएका संघर्ष र त्यसबाट हुने परिवर्तनको कला साहित्यमा ठूलो असर पारेको हुन्छ भने कला साहित्यको पनि समाज परिवर्तनका लागि त्यतिकै अनुकुल प्रभाव पार्ने गर्दछ ।

प्रगतिवादको निकट पृष्ठभूमि यथार्थवाद हो, तथापि मार्क्स र एंगेल्सको कला साहित्य मान्यताले फोटोकपीमुलक स्वीकार गर्दैन । प्रगतिवादले सामान्य नभइ समाजको प्रतिनिधि परिस्थिति र प्रतिनिधि पात्रहरूको यथार्थवादी मान्यता सँगै यही अन्तरभुलभूल रहेको पाइन्छ । (पाण्डेय, २०५६:१०)

यस तथ्यलाई अझ स्पष्ट गर्न यो भनाइ उपयुक्त देखिन्छ । प्रतिनिधि परिस्थिति प्रतिनिधि पात्रको सृजन जनपक्षीय साहित्यका विशिष्ट लक्ष्य हो । पात्रको व्यक्तिगत नियतिसँग कार्यकारण सम्बन्धमा रहेको विभिन्न प्रतिनिधि परिस्थितिको उत्पादन यसको विशेषता हो । त्यसैले आफू बाँचेको र कार्यरत रहेको सामाजिक वातवारणबाट पात्रलाई नअलग्याई समाज, पात्र र समाजको वास्तविक अन्तरविरोधसहित सामाजिक सम्बन्धहरूको द्वन्द्वात्मक रूप चित्रित गर्न जनपक्षीय साहित्यकार कुशल बन्नु पर्दछ । (चापागाई २०५१:१०) यसबाट के पुष्टि हुन्छ भने प्रगतिवादी साहित्य समाजको प्रतिनिधि परिस्थितिको प्रस्तुति हो जसमा समाजको यथार्थ प्रस्तुति हुन्छ तर साहित्य फोटोकपी जस्तो नभएर समाजलाई मार्ग निर्देशन गर्न सक्ने खुवी भएको हुनुपर्छ भन्ने आग्रह प्रगतिवादी साहित्यले राख्दछ । स्पष्ट कुरा के हो भने यथार्थवादले मार्क्सवादलाई आत्मसात गरेपछि मात्र पूर्णता पाउन सक्छ । यसलाई पुष्टि गर्ने सन्दर्भमा डा. ताराकान्त पाण्डेयको भनाई यस्तो रहेको छ : प्रगतिवादको विकासपूर्व यथार्थवाद फोटो ग्राफिक सामान्य यथार्थ चित्रण कि त डार्विनको विकासवादबाट अनुप्रमाणित भएर प्रकृतिवादी चित्रण तर्फ लहसिएको पाइन्छ । वस्तुतः यस क्षेत्रमा मार्क्स र एंगेल्सको द्वन्द्वात्मक भौतिक वादी मान्यताको स्थापना र विकासपछि नै यथार्थवादले वैज्ञानिक आधार प्राप्त गरेको हो र साँचो अर्थमा यथार्थवादी रूप ग्रहण गरेको हो । (पाण्डेय २०५६:१०) ।

लेनिन राजनीतिक क्षेत्रमा साहित्य र पार्टीको उद्देश्यलाई समान महत्व प्रदान गर्न चाहन्छन् । यसरी समान रूपमा पार्टीको उद्देश्यलाई अगाडि बढाउन सकिए मात्र

क्रान्तिकारी सर्वहारा वर्गको हित हुन्छ भन्ने आफ्नो दायित्व पूरा गर्न सक्देन तसर्थ लेनिनले साहित्य र पार्टीको कार्यक्रम एड अर्को सँग आबद्ध भएर जानुपर्छ भन्ने दृष्टिकोण पेस गरेको देखिन्छ । (भण्डारी २०५६:१७) ।

लेनिनको चाहना साहित्य एवम् कला जनताको सम्पत्ति बनोस् भन्ने थियो । यस कुरामा उनी हरसम्भव पक्षपाती थिए । उनको दृष्टिविचार यस्तो थियो कि लोकप्रिय साधन, कला वा साहित्य स्तरीय हुनुमा कुनै बाधा छैन, उनी कला साहित्यमा जनताका सपना एवम् आदर्शनको चित्रण जसलाई साकार पार्न समाजवादी क्रान्ति भएको थियो (मिश्र १९७३:२१०) ।

त्यसैगरी लेनिनले स्वतन्त्र साहित्य र स्वतन्त्र लेखनका बारेमा पनि चर्चा गरेका छन् । लेनिनका विचारमा शोषित र शासकयुक्त वर्गीय समाजमा लेखकले स्वतन्त्र लेखनको वकालत गर्नु भनेको शोषक वर्गको हितमा काम गर्नु हो । वर्गयुक्त समाजमा पुँजीवादी लेखक तथा कलाकारहरूले भन्ने गरेको स्वतन्त्रता पैसा, भ्रष्टाचार र व्यभिचारको मुखुण्डोको अधिनता युक्त स्वतन्त्रता हो । त्यसकारण यस किसिमको राज्यव्यवस्थामा स्वतन्त्र साहित्य सिर्जना हुनेकुरा व्यक्त गरेको छन् । साहित्य वर्गीय हितको लागि हुनुपर्छ न कि स्वन्तसुखायका लागि साहित्यको क्रान्तिको समयमा योद्धालाई सहयोग गर्न सक्नु पर्दछ । लेनिनका विचारमा कला साहित्य भनेको क्रान्तिका पेच किला हुन् जुन किला र पेच बिनाको मेसिन कल्पना गर्न समेत सकिन्न । यसबाट के स्पष्ट हुन्छ भने लेनिन वर्गीय साहित्यका पक्षपाती छन् भने साहित्यलाई क्रान्तिकै हतियारको रूपमा प्रस्तुत गर्न चाहन्छन् । प्रगतिवादी साहित्यको चिन्तन परम्परा लेनिन पाश्चात मुख्य स्थान माओत्सेतुङको आउँछ । लेनिन जस्तै माओपनि पूर्णतः राजनीतिक व्यक्तित्व नै हुन । यति भएर पनि माओले सन् १९४२ मा येनान प्रान्तमा भएको गोष्ठीमा प्रस्तुत गरेको साहित्य र कला सम्बन्धी दृष्टिकोण विशेष महत्व राख्दछ । चीनमा गृहयुद्ध चर्किरहेको बखतमा भएको येन प्रान्तको उक्त गोष्ठीको मुख्य अभिप्राय कला साहित्यलाई क्रान्तिको अभिन्न अंगका रूपमा विकसित गर्नु क्रान्तिका शत्रुलाई ध्वस्त पार्ने साधनका रूपमा ढाल्नु र संघर्षशील जनताको क्रान्तिकारी युद्धलाई सहयोग गर्नु रहेको थियो । माओवादीको  विचारमा लेखक वा कलाकारको अडान वा प्रतिवद्धता भनेकै वर्गीय अडान हो । सर्वहारा वर्ग र जनसमूहको अडानलाई नै लेखक तथा कलाकारले अंगीकार गर्नु पर्दछ ।

माओको विचारमा लेखक वा कलाकारको अडान वा प्रतिबद्धता भनेकै वर्गीय अडान

हो । सर्वहारा वर्ग र जनसमूहकोअडानलाई नै लेखक तथा कलाकारले अंगीकार गर्नु पर्दछ लेनिनले जस्तै माओले पनि लेखक तथा कलाकारहरूले पार्टीको अडान अनुरूप चल्नु पर्ने आग्रह गरेका छन् । (भण्डारी २०५३:१९) यस आग्रहले लेखक कलाकार जस्तो सचेत पक्षलाई कतै पार्टीका कारिन्दा बनाउन खदोजेको त होइन ? भन्ने प्रश्न उब्जन सक्छ तर यसको कदापि त्यो आशय भने होइन । पार्टी भनेको संगठित जनसमूहको स्वरूप हो । पार्टीमा वृहत जनसहभागिता रहने गर्दछ । लेखक तथा कलाकारको धर्म भनेको बहुजनको हित गर्ने खालको साहित्य सिर्जना गर्नु हो । माओको यो आग्रह पार्टी प्रतिबद्धता भन्दा पनि वर्ग प्रतिबद्धता संकेत हुन सक्छ । मुलतः माओत्सेतुङ पनि कला साहित्य वर्गीय हुने कुरामा जोड दिन्छन् । उनी कलाकार साहित्यकारले सर्वहारा वर्गको स्वभावलाई पहिचान गर्नुपर्नेमा जोड दिन्छन् । उनले वर्गमा विभक्त समाजा सामान्य प्रति प्रेम प्रदर्शित गर्ने लेखक कलाकारदेखि सावधान रहनु पर्ने सिफारिस पेश गरेका छन् । जुन समाज वर्गमा विभक्त छ, त्यसमा साहित्यकार कलाकारको प्रेम सर्वहारा वर्गमा समर्पित हुन सक्छ । सामान्य मानवता जस्तो उनै अबुझ तत्वमा होइन (मिश्र १९७३:२३५) उनको विचारमा सामान्य मावनताको वकालत गर्ने साहित्यकारहरू क्रान्ति र संघर्षदेखि डराउँछन् । यी कलाकार वा साहित्यकार शोष्क वर्गका खेताला हुन सक्छन् । जसले झिना मसिना लोभ देखाएर क्रान्तिमा भाँजो हाल्ने सम्भावना अधिक हुन्छ । प्रगतिवादी कला साहित्यको सन्दर्भमा लेनिन पछिका यी प्रबुद्ध चिन्तक माओत्सेतुङको कला समीक्षाको सन्दर्भमा आलोकचक चैतन्यको भनाई यस्तो रहेकोछ, माओले कलाको समीक्षाको मापदण्ड निर्धारित गर्ने क्रममा एकातिर मार्क्सवाद र लेनिनवादको सैद्धान्तिक पृष्ठभूमि र अर्कोतिर साम्रज्यवद एवम् सर्वहारा क्रान्तिको युगका वर्गसंघर्ष एवम् अन्त संघर्षका क्षेत्रमा थप जटिलता दुवै पक्षमाथि ध्यान दिनुभयो । यसै क्रममा उहाँले मार्क्सवाद लेनिनवादलाई माओवादको गुणात्मक शिखरमा उठाउनु भयो र यसै अनुरूप सौन्दर्य चिन्तनलाई नयाँ उचाइ प्रदान गर्नु भयो । ( चापागाई २०५४:५)

माओत्सेतुङले कला साहित्यको क्षेत्रमा थपेको जीवन मान्यता भनेको कलाकार वा साहित्यकारलाई सांस्कृतिक मान्यता प्रदान गर्नु हो । माओका विचारमा क्रान्तिका बेला सशस्त्रलालपल्टनकै हाराहारीमा सांस्कृतिक पल्टनले पनि भूमिका खेल्छ । त्यतिमात्र नभएर क्रान्ति पश्चात पनि प्राप्त उपलब्धीलाई साँस्कृतिक पल्टनले दिगो बनाउँछ । समाजलाई प्रतिक्रान्तिका क्षेत्रमा फर्काउने सकारात्मक तथा नकरात्मक

क्षेत्रमा सांस्कृतिक आन्दोलनको भूमिका महत्वपूर्ण रहने कुरा बताउँदै माओले सामाजिक चेतनाको परिष्कार र परिवर्तनमा कला साहित्यको अहम् भूमिका रहने कुरा बताएका छन् । (पाण्डे २०५६:१६) । प्रगतिवादी साहित्यको सम्बन्धमा चर्चा गरिएका अघिल्ला दुई व्यक्तित्व लेनिन र माओत्सेतुङ मुलतः राजनीतिक व्यक्तित्व हुन् मुख्य रूपमा राजनीतिसँग सम्बन्धित भएका हुँदा उनीहरूले साहित्यलाई राजनीतिक हतियारका रूपमा विकसित गर्दै लानु हो भन्ने देखिन्छ । साहित्य शास्त्रीय आधारमा पनि हेरिनु पर्ने हुन्छ, त्यस्तै मान्यतालाई आधार बनाएर विभिन्न सौन्दर्यशास्त्रीहरूले मार्क्सवादी साहित्यको अध्ययन र चिन्तन गरेको भेटिन्छ । यसरी सौन्दर्यशास्त्रीय आधारमा प्रगतिवादी कला साहित्यिक मान्यताको अध्ययन र चिन्तन गर्ने प्रमुख केही व्यक्तित्वका बारेमा चर्चा  गर्नु सान्दर्भिक देखिने हुँदा यहाँ चर्चा गरिन्छ ।

प्रगतिवादी कला साहित्यलाई सौन्दर्य चिन्तन एवम् आलोचनात्मक परम्परामा सर्वप्रथम बहुमुखी प्रतिभाका धनी लुना चास्कीको नाम उल्लेख गर्न सकिन्छ । लुना चार्स्की लेनिनका विश्वस्त मित्र, रुसको नयाँ समाजको अत्यन्त ख्यातिप्राप्त सिद्धान्तवीद, वैज्ञानिक पत्रका श्रेष्ठवक्ता तथा अदभूत मेधावी दार्शनिक थिए । उनको कला साहित्यको क्षेत्रमा अत्यन्त महत्वपूर्ण कृति भनेको मार्क्सवादी समीक्षाका समस्या हो । यस कृतिलाई शोधपूर्ण वैज्ञानिक कृति मानिन्छ । यस कृतिमा उनलेमार्न्स र लेनिनको वैज्ञानिक समाजशास्त्रलाई मार्क्सवादी समीक्षाको आधार मानेका छन् । लुना चार्स्कीले प्रगतिवादी साहित्य समीक्षाकै वैष्ठिय समाजशास्त्रीय आधारलाई ठहराएका छन् । कुनै पनि कला कृतिमा सचेत र असचेत रूपमा नै कुनै वर्गको समाज मनोविज्ञान आउँछ । कवि तथा कलाकारको अनुभूति पनि त्यसबाट टाढा रहन नसक्ने हुँदा समीक्षकले त्यसको सुक्ष्म रूपमा विश्लेषण गर्नुपर्छ भन्ने धाराा लुना चार्स्कीको रहेको पाइन्छ । (गौतम २०४९:६०) लेनिन र माओको भन्दा केही खुकुलो पनले साहित्यलाई हेर्न सक्नु उनको नविता हो । लुना चार्स्की पछि प्रगतिवादी साहितयलाई सौन्दर्यशास्त्रीय आधारमा हेर्ने चिन्तकहरूमा मेक्सिमा गोर्कि, क्रिस्टोफर कडवेल, राल्फ फक्स, टार्वट फान्ट जर्जलुकाज, अन्सर्ट र चाउयाङ्ग मुख्य छन् । अन्तर्राष्ट्रिय ख्याति प्राप्त महान रचनात्मक लेखक म्याक्सिम गोर्कीले मार्क्सवादी यथार्थवादलाई समाजवादी यथार्थवादी संज्ञा दिएका छन् । मुलभूत रूपमा गोर्कीले सिर्जनात्मक साहित्यकार भए पनि स्रष्टाकै अनुभवबाट भए पनि साहित्यका बारेमा चिन्तन प्रस्तुत रेका छन् । उनले साहित्यका सन्दर्भमा गरेका चिन्तनहरू

साहित्यका बारेमा भन्ने पुस्तकमा संकलित रहेका छन् गोर्कीका सैद्धान्तिक लेखहरू मध्ये व्यक्तित्वको विखण्डन भन्ने लेखमा समाज व्यवस्था सँगै समष्टिबाट व्यष्टमा विखण्डित हुँदै आउँदा हामी म ममा रूपान्तरित भएको हो भन्ने जानकारी दिइएको छ । जे छ त्यो मात्र चाहनु वा प्रस्तुत गर्नु मात्र साहित्यको काम होइन के इच्छा गरिएको छ र के हुनुपर्छ भन्नुपर्छ भन्ने कुरा देखाउनु पनि यसको उद्देश्य हो । यसका लागि प्रारूपीकरण आवश्यक भन्ने गोर्कीले धारणा पाइन्छ ।

यसरी विभिन्न राजनीतिक एवम. सौन्दर्य चिन्तक तथा आलोचकहरूबाट प्रगतिवादी जस्ता साहित्यका सम्बन्धमा आ-आफ्ना धारणा राखिएका पाइन्छन् । उपर्युक्त चर्चित सम्पूर्ण धारणाहरूलाई समष्टिगत रूपमा मिलाएर हेर्दा प्रगतिवादी कला साहित्यको उत्पत्ति, उद्देश्य, प्रयोजन , स्वरूप, अन्तर्वस्तु आदिबारे मुलभूत रूपमा निम्न धारणा बनाउन सकिन्छः

क) कलाको उत्पत्ति श्रमशील मान्छेको श्रमसँगै भएको हो ।

ख) कला साहित्य भनेको सामाजिक जीवनका आर्थिक, सांस्कृतिक प्रतिच्छाया हुन् ।

ग) प्रगतिवपादी कला साहित्य दार्शनिक आधार द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवाद हुन् ।

घ) समाज वर्गयुक्त हुने हुँदा साहित्य समेत वर्गयुक्त हुन्छ भने प्रगतिवपादी कला साहित्यले सर्वहारा वर्गको पक्षपोषण गर्छ ।

ङ) सामन्तवाद पुँजीवाद, विस्तारवाद, साम्राज्यवादका विरुद्ध हुने यो उभिन्छ ।

### ४.३.७ प्रगतिवादी नेपाली कविता परम्परा

नेपाली साहित्यमा प्रचलित र प्रयोगिता प्रगतिवादको आधारशिला मार्क्सवाद हो । मार्क्सीय जीवन जगतप्रतिको दृष्टिकोणबाट प्रगतिवादीको अन्त गर्भ निर्मित छ । यसर्थ प्रगतिवादी मार्क्सको द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादमा आधारित रहेकोछ । प्रकृति र सामाजिक जीवनको व्याख्या विश्लेषणमा मार्क्सवादले द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादलाई आधार बनाएको छ । यसकारण मार्क्सवादी दर्शन भौतिकवादी दर्शन हो । यसै दर्शनबाट प्रगतिवाद प्रभावित र अनुप्राणित रहेको छ । (देवीप्रसाद गौतम, प्रगतिवाद : परम्परा र मान्यता, काठमाडौं : श्रीमती मुना गौतम, २०४१, पृ. २८) यस कारण प्रगतिवादको आधार स्तम्भ रहेको मार्क्सवादी दर्शनको उदय र स्वरूपका बारेमा चर्चा गर्नु उपयुक्त हुन्छ ।

मार्क्सवादी सिद्धान्तको उत्पत्ति सामाजिक विचार र मानव सभ्यताको विकासको मूल

धाराबाट नै भएको हो । मानवीय विकासको निरन्तरतामा एउटा महत्वपूर्ण चरणका रूपमा मार्क्सवादी दर्शनको स्थापना भएको हो । मार्क्स वादी दर्शन भनेकै द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवाद हो । प्रकृति र सामाजिक जीवनको अध्ययनका क्षेत्रमा मानवजातिबाट प्राप्त गरिएका ठूलाठूला उपलब्धिहरूका आधारमा र त्यसैको वैधानिक हकदारका रूपमा मार्क्सवाद इतिहासका रंगमञ्चमा देखापरेको हो । ( कृष्णदास श्रेष्ठ, मार्क्सवादकाविचारधारात्मक स्रोतहरू (काठमाडौंः प्रगति प्रकाशन २०४२, पृ. ५) खासगरीमार्क्स र एङगेल्स भन्दा पहिले पनि जीवन जगत्को व्याख्या र विश्लेषण गर्ने दर्शनका फाँटमा ठूल्ठूला प्राप्ति भइसकेका देखिन्छन् । हेगेलीय दर्शनमा विकसित द्वन्द्ववाद र फ्वारवाखको दर्शनमा विकसित प्रकृति सम्बन्धी भौतिकवादी धारणा नै मार्क्स र एङ्गेल्स सम्मका दार्शनिक विकासमा महत्वपूर्ण प्राप्ति रहेका थिए । (कृष्णदास श्रेष्ठ, दर्शन सम्बन्धी टिप्पणीहरू, काठमाडौं : तीर्थ ज्यापु २०३७ पृ. १५० १८ औं शताब्दीको अन्ततिर र १९  औं शताब्दीको आरम्भतिरका औधिनै महत्वपूर्ण दार्शनिक आर्थिक तथा समाजवादी सिद्धान्तहरूको प्रत्यक्ष तथा तात्कालीक विस्तारका रूपमा (कृष्णदास श्रेष्ठ मार्क्सवादका विचारधारात्मक स्रोतहरू पूर्ववत पृ. ५) पनि मार्क्सको द्वन्द्वात्मक भौतिक वादी विश्व दृष्टिकोणलाई लिन सकिन्छ । मार्क्सवादको निर्माणको निम्ति मार्क्सभन्दा अगाडिका दार्शनिक सिद्धान्तहरूले आधारभूत सिर्जना गरे तापनि ती सिद्धान्तका बीच मार्क्सवादको द्वन्द्वात्मक निरन्तरताको सम्बन्ध रहेको छ । मार्क्सभन्दा अगाडिको हेगेलीय द्वन्द्ववाद आदर्शवादी थियो र त्यसमा गम्भीर त्रुटि र सीमाहरू थिए (कृष्ण दास श्रेष्ठ मार्क्स वादका प्रमुख अभिन्न अंगहरू, काठमाडौं : प्रगति प्रकाशन २०४५, पृ. १५) ।

### ४.३.८ प्रगतिवादी नेपाली कविताको उद्भव र विकास

प्रगतिवादी नेपाली कविताधाराको उदभाव र विकासको पृष्ठभूमिको अध्ययन र विश्लेषणबाट प्राप्त निष्कर्षहरूमा नेपाली समाजमा सामन्त वादी शासन व्यवस्था विरुद्ध वि.सं. २००० अगावै जागृति उत्पन्न भएको र राजनैतिक संगठनहरूको गठन र तिनका गतिविधि संचालन हुन थालेको देखिन्छ । यसको प्रभाव साहित्यकारहरूमा पर्न गएको छ । नेपाली समाज सामन्तवादी व्यवस्था र त्यसका पोषक शक्तिद्वारा आक्रान्त देखिन्छ भने बहुसंख्यक उत्पीडित वर्गको जीवन भयावह र कारणिक रहेको पाइन्छ । आर्थिक र सामाजिक विषमता तथा त्यसभित्रको द्वन्द्व चर्कँदै गएको देखिन्छ । नेपाली कविताको प्राथमिकताकालको पूर्वाद्ध चरणमा

व्यक्तिस्वुति, सामन्तशाहीको गुणगान गर्ने प्रवृत्तिका साथै केही मात्रामा राष्ट्रियताको भावना प्रकट भएको पाइन्छ भने उत्तरार्द्ध चरणका सन्तकविहरूले नेपाली समाजमा व्याप्त धार्मिक अन्धवाद, जातिवाद, वर्णवाद, आदिको विरोध गरेका छन् । माध्यमिक कालका कविहरूले शासकवर्गको रुचि अनुरूपका श्रृंगारिक कविता लेखेका छन् । आधुनिक कालमा मात्र प्रत्यक्ष, अप्रत्यक्ष रूपमा आर्थिक। सामाजिक र राजनैतिक स्थिति प्रति स्पष्टतः विरोधको भाव व्यक्त भएको छ । नेपाली कविता परम्परामा प्रगतिवादी कविताधाराको आरम्भका निमित्त नेपाली आर्थिक सामाजिक राजनैतिक र साहित्यिक परिवेशले पृष्ठभूमिको कार्य गरेका छन् । शासकवर्गको अत्याचार दमन विरुद्ध जागृत हुँदै गएको नेपाली समाज र संगठनका गतिविधिहरूले साहित्यकारहरूलाई प्रभावित पारेको छ । नेपाली कविता परम्पराको आधुनिककलामा प्रगतिवादी कविताधाराको उद्भव भएको हो र यसको प्रवर्तन गोपाल प्रसाद रिमाले आमाको सपना कविताका माध्यमबाट गरेका हुन् ।

### ४.३.८ प्रगतिवादी नेपाली कवितामा शङ्करलाल श्रेष्ठको प्रवेश

नेपालीको इतिहास सुरुआत देखिनै रक्तरञ्जित रहँदै आएको छ । चाहे त्यो नेपाल एकीकरणको नाममा बगेको रगत होस् या शक्ति हत्याउन राजा वा राणाहरूद्वारा गरिएको षड्यन्त्र किन नहोस् । यिनीहरूले रगतकै सहाराद्वारा आफ्नो स्वार्थ सिद्ध गरेका छन् । प्रारम्भमा चेतनाको कमीका कारण जनता निरपेक्ष रहेता पनि वर्गीय संघर्ष हुने गरेको देखिन्छ जसको फलस्वरूप विभिन्न घटनाहरू घटेका पाइन्छ । तिनका उल्लेख्य घटना मकैपर्व १९७३, लाइब्रेरी पर्व १९८६-१९८७, प्रजापरिषदको गठन १९९३ शहिद २००३, नेपाल प्रजातन्त्र काँग्रेसको स्थापना २००५, नेपाल कम्युनिष्ट पार्टीको स्थापना २००६ ,लाई लिन सकिन्छ । यी घटनाहरूको प्रत्यक्ष प्रभाव नेपाली साहित्यमा परेको भेटिन्छ । यिनै प्रभाव र प्रेरणा अनि विदेशमा भएका क्रान्तिकारी परिवर्तनले नेपाली साहित्यमा प्रगतिवादी कविता प्रारम्भ हुनुमा प्रेरणा प्रदान गरेका छन् ।

नेपाली कवितामा प्रगतिवादी कविताको सुरुवात कहिले भयो भन्ने बारेमा कसैले २००० बाट र कसैले गोपाल प्रसाद रिमालको आमाको सपना बाट भएको भन्छन् र कसैले कृष्णचन्द्र सिंह प्रधानको भञ्ज्याङ्गनिरै कविता सङ्ग्रहबाट सुरु भएको मान्छन् । प्रगतिवादी नेपाली कविताको आरम्भ नेपाल कम्युनिष्ट पार्टीको स्थापना २००६ र वि.सं. २००७ को परिवर्तनलाई आधार मानेर २००६ बाट भएको भन्ने धैरैले मत दिएका छन् ।

समयका दृष्टिले प्रगतिवादी कविताको आरम्भ वस्तुतः २००७ साल देखि भएको हो । २००७ सालपूर्वका सामाजिक भावबोधलाई व्यक्त गर्ने विभिन्न धाराका कवितााबाटै सिर्जनात्मक सवलता प्राप्त गर्दै यसको विकास भएको हो । समाजवादी विश्व दृष्टिकोणलाई स्वीकार गर्नु र कला चिन्तनका रूपमा साहित्यमा समाजवादी यथार्थवादको अवलम्वन गरिनु भिन्ना भिन्नै स्थिति हुन् । हामीले घोषणालाई होइन व्यवहारलाई आधार बनाउनु पर्छ । (चापागाई २०५४:८८) भन्नु तर २००७ सालभन्दा ७ वर्ष अघि नै गोपाल प्रसाद रिमालका कविताले अवलम्वन गरेको यथार्थलाई रूपान्तकारी यथार्थ स्वीकार नगर्नु ऐतिहासिक भौतिकवादी मान्यता विपरित रहेकोछ ।

त्यस्तै गरी प्रगतिवादी कविताको सन्दर्भमा देखापरेको दोस्रो मत भनेको प्रगतिवादी कविताको आरम्भ २००० सालदेखि अर्थात कवि गोपालप्रसाद रिमालबाट भएको हो भन्ने हो । यो मत जगदीशचन्द्र भण्डारी लगायत समालोचकहरूको रहेको छ । भण्डारीको विचारमा वि.सं २००० सालमा आमाको सपना कविताद्वारा कवि रिमालले नेपाली कविता साहित्यमा क्रान्तिकारी विषयवस्तुको प्रवेश गराई प्रगतिवादी कविता धाराको प्रवर्तन गरेका हुन् । (भण्डारी २०५३:५३) ।

निष्कर्षमा प्रगतिवादी कविताको आरम्भ डा. भण्डारी भने झैं वि.सं. २००० बाट नै भएको मान्दा उपयुक्त र सान्दर्भिक देखिन्छ । इतिहासलाई सापेक्ष राखेर हेर्दा नेपाली समाजमा वर्गीय द्वन्द्व वि.सं. २००० भन्दा पहिले देखि ै भएका भेटिन्छन् । गोपालप्रसादको आमाको सपना २००० उनका अन्य कविता त्यो के ? दन्त्यकथा कृष्ण चन्द्रसिंहको भञ्ज्याङ्ग निरै का कवितालाई प्रगतिवादी मान्न सकिन्छ । यसरी प्रगतिवादको स्थापना २००० सालनै मान्नु पर्छ ।

नेपाली प्रगतिवादी कविता परम्परामा कवि गोपालप्रसाद रिमालको आमाको सपना कवितालाई प्रथम प्रगतिवादी कविता मानिएको छ । यस अवधिका उल्लेख कविमा श्यामप्रसाद शर्मा हुन् । यसै अवधिमा उनका सन्देश २००२ कृषि उद्धार २००३ र यथार्थ लिनु नै २००६ जस्ता प्रगतिवाद कविता भेटिन्छ । यि सबै कविता उदय पत्रिकामा प्रकाशित छन् ।

तत्कालीन राजनीतिक तथा सामाजिक आस्थाको परिणाम स्वरूप देखापरेका वर्गीय विषमता, आर्थिक असमानता, सामाजिक विभेदको चित्रण गर्नु, राण शासकहरूले गरेको अन्याय, दमन, अत्याचारको विरोध गर्दै, जनमुक्ति लागि विद्रोहको भाव प्रकट गर्नु आदि मुख्य प्रवृत्ति यस चरणको कविताहरूमा पाइन्छ ।

नेपाली प्रगतिवादी कविहरूका लागि २००६ साल ऐतिहासिक वर्ष हो । मूल रूपमा सामन्तवादी व्यवस्थाको अन्त्य गर्न नसकिएता पनि १०४ वर्ष देखि नेपाली जनताले सँहदै आएको राणशासनको यसै वर्ष अन्त्य भएको थियो । कविहरूलाई २००६ सालपछि डराइडराई लेख्नुपर्ने भएन । देशवाहिरको वातावरणले पनि प्रभाव पार्‍यो विशेषगरी यसबाट सुरु भएको मार्क्सवादी दर्शनका आधारित राज्यव्वस्थाले उल्लेख्य प्रभाव पारेको भेटिन्छ । भारतमा स्थापना भएको मुन्सी प्रेमचन्द्का आध्यायनमा प्रगतिशिल लेखक संघको प्रभाव लेपालमा पनि पर्‍यो । जसको फलस्वरूप प्रलेसको स्थापना श्याम प्रसादको अध्यक्षतामा २००९ मा वीरगञ्जमा भयो ।

श्याम प्रसादकै सम्पादनमा सेवा पत्रिकामा वि.स. २००८ साल तिरबाटै प्रगतिवादी रचना प्रकाशित हुन थालेको पाइन्छ । वि.स. २००६ सालको राजनीतिक परिवर्तनको सन्दर्भमा त्रिपक्षीय दिल्ली सम्झौतालाई धोका दिएको धन्दै त्यसको विरोध गर्नु , सामन्तवाद तथा देशीविदेशी प्रतिक्रियावादको विरोध गर्नु , साम्राज्यवाद, विपक्षमा उभिनु आदि यस समयका प्रवृत्ति मानिन्छ ।

नेपाली राजनीतिक इतिहासमा वि.स. २०१७ साल कालो धब्बा सावित भयो किनकी राजा महेन्द्रले जनअधिकार समेत मटैतिगरी निरङ्कुश दलहीन पञ्चायती व्यवस्थाको सरुत्रपात गरे । यसपछि नागरिकहरू कटौती भए भने स्वतन्त्र लेखनमा अंकुश लगाउने काम भयो ।

अनुदार राजाको राजनीतिक कुपश्चात दलिय राजनीतिमा विश्वास राख्ने कैयौ नेताहरू जेल परे भने कैयौ पलायन भए । त्यसैले गर्दा प्रगतिवादी कविता अघि बढ्न सकेन । नवयुवकहरू बनारसतिर अध्ययन गर्न पलायन हुने क्रम जारी भयो । यसै समयमा कविहरूले हृदम नामबाट कविताहरू छपाउने गरेको पाइन्छ ।

२०१७ सालपछि प्रगतिवादी नेपाली कवितालाई अग्रगति प्रदान गर्ने घटना वा सन्दर्भहरू अरूपनि रहेका देखिन्छन् । २०२५ सालमा झापाको शनिश्चरे र नेपाली साहित्य परिषद झापाको आयोजनामा मेची अञ्चलस्तरीय नेपाली साहित्य सम्मेलन आदि रहेका छन् । मेची अञ्चल स्तरीय साहित्य सम्मेलनले वर्तमान नेपाली साहित्य र जनजीवनमा त्यसको असर प्रगतिशिल साहित्य

प्रगतिशिल साहित्यको समस्या र समाधान अन्तराष्ट्रिय जगतमा नेपाली साहित्यको भूमिका विषयमा छलफल गरी निष्कर्ष निकालेको थियो । यसै समयको हाराहारीमा प्रजातन्त्रवादी कवि मोदनाथ प्रश्रित जस्ता कविको प्रगतिवादाम आगमन भयो । केही कविहरूले विसंगतिलाई त्यागेर पारिजातसँगै प्रगतिवादाम आएको पाइन्छ ।

वि.सं. २०३५/०३६ सालमा चलेको पञ्चायती व्यवस्थाको विरुद्धको जनसंघर्षले प्रगतिवादी नेपाली कवितामा एउटा कोशे ढुंगाको काम गरेको छ । जनसंघर्षको परिणाम पछि घोषणा भएको जनमत सङ्ग्रहको घोषणा पछि साहित्य र राजनीति अलग्गै भने कवि मोहन कोइराला जस्ता कविहरूको आगमन भयो । कविता आफ्नै सोखका लागि लेख्ने साहित्य र कला जो सुकैले बुझ्ने कुरा होइन भन्ने कविहरू पनि सडक कवितामा क्रान्तिको नाममा बहुदलको पक्षमा सडक सडक कविता सुनाउँदै हिँडन थाले । २०१७ सालदेखि २०३० साल सम्म प्रगतिवादी भाव धारालाई अँगाली कविता लेख्ने कविहरूमा रुद्र खरेल , तारा सुवेदी, चन्द्रकान्त गौतम, रेनु आचार्य, सूर्य कुमारी प्रधान, हीराप्रसाद रिमाल, खिलबहादुर भावुक, मोदनाथ प्रश्रित आदि रहेका छन् ।

त्यसैगरी ३० को दशकमा देखापर्ने कविहरूमा राजेश्वर थापा, विमल कोइराला, मिल निभा, कुन्ता शर्मा, हरिहर अधिकारी, जगदीशचन्द्र भण्डारी, पूर्णविराम इत्यादि रहेका छन् । त्यसैगरी २०४० देखि २०४६ सालको जनआन्दोलन, पञ्चायती व्यवस्थाको चर्को विरोध गरी कविता लेख्ने कविहरूमा देवीका तिमिल्सिना, गोपाल  गुरागाई, राजेन्द्र प्रसाद अधिकारी, धरेन्द्र बस्नेत, सानुराज पोखरेल, नूमराज बराल, शोभा गौतम, सिता शर्मा आदि रहेका छन् ।

प्रगतिवादी कविता परम्पराको यस तृतीय चरणमा पूर्व प्रकाशित तथा अप्रकाशित कविताहरूको सङ्ग्रह लिएर पनि विभिन्न कविहरू निस्किएका हुन् । जसमा प्रमुख निम्न कविहरू रहेका छन् । युद्धप्रसाद मिश्रको वाढी २०२९, जगदीशचन्द्र भण्डारीको वर्तमान जन्मन खोजिरहेछ २०४०, पूर्ण विरामको इतिहासका किल्लाहरूमा २०४३, मन्जुलको गायक पात्रो २०४०, घनश्याम ढकालको फैसला हारजीतको २०४४ इत्यादि कविता सङ्ग्रहमा तानाशाहको विरोध, प्रजातन्त्रको चाहना जस्ता प्रवृत्ति रहेका छन् । यस समयमा कैयौ

संख्यामा प्रगतिवादी पत्रपत्रिकाहरू प्रकाशित भएका छन् । यो पत्रिकाहरूले प्रगतिवादी नेपाली कविहरूका फुटकर कविताहरू प्रकाशित गरेर प्रगतिवादी नेपाली कविलाई अगाडि बढाउन महत्वपूर्ण गुण लगाएका छन् । यस्ता पत्रिकाहरूमा नौलो विहानी, नौलो हाँक, झटारो, युगधारा, हिमाली आवाज, हलकारा आदि रहेका छन् ।

जब २०४९ सालमा बहुदलीय प्रजातन्त्र आयो त्यसपछि प्रगतिवादी कविहरूले झन् फुकाएर कविताहरू लेख्न थाले । त्यसपछि २०५८ सालमा दरबार हत्याकाण्ड भयो र २०५९ मा राजा ज्ञानेन्द्रले सम्पूर्ण देशको बागडोर आफ्नो हातमा लिएपछि देशमा फेरि पञ्चायती व्यवस्थाको कालो बादल महारिन लाग्यो । त्यसपछि कविहरू त्यसै बस्न सकेनन् । भित्रभित्रै प्रगतिवादी कविताहरू रच्दै दोस्रो जनआन्दोलन सुरु गरे । जसको फलस्वरूप २०६३ वैशाख ११ गते देशमा गणतन्त्र ल्याएर छोडे । २०४६ सालदेखि आजसम्म यस्ता कविता सङ्ग्रहमा विक्रम सुब्बाको पग्लेर पनि तिम्रो मुटुबाट २०४६, जगदीशचन्द्र भण्डारीको मुक्तिक्षेत्रको यात्रामा २०४८, पूर्णविरामको गोविन्दले ठीक भन्यो २०५०, लीला उदासीको आज मालेलाई वास्न निषेध छ , सीता शर्माको नालिस २०५७ प्रमुख रहेका छन् । यस अवधिका प्रगतिवादी नेपाली कविताहरू अनेक प्रवृत्तिका देखापरेका छन् । खास गरेर २०४६ सालमा प्राप्त नयाँ राजनीतिक परिवेशको स्वागत र सोप्रतिको प्रसन्नताको भाव विघटित निरंकुश व्यवस्था र त्यसका नायकप्रति घृणा र उपहासको भाव जनआन्दोलनको निरन्तरताको कामनाका साथ गणतन्त्रवादी आन्दोलनमा सहदात प्राप्त गर्नेहरू प्रति सम्मान र श्रद्धाञ्जली साम्यवाद प्रति अटल आस्था, क्रान्तिप्रतिको विश्वास, राज्ययन्त्रबाट सञ्चालित हिंसात्मक क्रियाकलापको विरोध आदि यस समयका कविताका प्रवृत्ति हुन् ।

२०५२ देखि नेकपा माओवादीको केन्द्रीयतामा सञ्चालन भएको जनयुद्ध वर्ग संघर्षको उच्चतम रूप रहेको छ । सामन्ती राज्य व्यवस्था र त्यसका मुखिया राजा स्वतन्त्र एवम् त्यसलाई सुदृढ गराउने आकांक्षा बोकेको उदार पुँजीवादी तत्वहरूका विरुद्ध समेत जनयुद्ध केन्द्रीत रहेको तथ्य सुविदितै छ ।

नेपाली कविताको प्रतिनिधि प्रगतिवादी धारानै हो । बीचको समयमा यसको

गति त्यति प्रभावकारी नदेखिए पनि दोस्रो जनयुद्धपूर्व र जनयुद्ध पश्चातको अवधि सर्वाधिक उल्लेखनीय रहेको छ । संसउदीय फासीवाद सांस्कृतिक साम्राज्यवाद र दक्षिणपन्थी संशोधनवादको सशक्त प्रतिरोधमा नै प्रगतिवाद जब्बर बनेको हो । नेपाली जनताको वर्ग संघर्षलाई मूर्तरूप दिन , वर्गीय चेतनाको निश्चिततालाई प्रकट गर्न, सामन्तवादी पुँजीवादी शासकहरूका विरुद्धको अग्रगामी द्वन्द्वलाई अभिव्यञ्जन गर्न, जातीय लैंगीक भाषिक एवम् दलितसँग सम्बन्धित असमानता र विभेदका पर्खाल भत्काउन र नवीन , यथार्थ एवम. मुक्त समाजको निर्माण गर्न प्रगतिवादी साहित्य अग्रगामी धाराका रूपमा स्थापित हुँदै आएको छ ।(भण्डारी २०६५:२६) ।

नेपाली जनवादी क्रान्तिको इतिहासमा महान जनयुद्ध अनुपम युद्धगाथाको रूपमा रहेको छ । महान तथा गौरवशाली पार्टी माओवादीद्वारा सञ्चालित जनयुद्धको प्रमुख आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा जवर्जस्ती परेको छ । निमित्त विस्मयकारी घटनाप्रवाहका बीचबाट प्रभावित र उत्प्रेरित भइ कविताहरू लेखिएको पाइन्छ । सामन्तवाद , साम्राज्यवादका विरुद्ध नयाँ जनवादी गणतन्त्रको स्थापना गर्ने र समाजवाद हुँदै साम्यदातर्फ अगाडि बढ्ने उद्देश्यका साथै भएको महान जनयुद्धले नेपाली जीवनमा भूकम्प पैदा गरायो र देशी तथा विदेशी प्रतिक्रियावादीहरूलाई थर्काइदियो । सामन्तवादी उत्पीडनमा दमन अन्याय, शोषणविरुद्ध मुक्ति र क्रान्तिका महान पथलाई विस्तृत गरी नयाँ उचाइमा पुऱ्याउनमा जनयुद्धको अद्वितीय वैशिवक विशेषता रहेको मान्न सकिन्छ । महान जनयुद्धद्वारा स्थापित यथार्थ नेपाली समाजको विशिष्ट यथार्थ हो र त्यसले नेपालको विविध भूभाग मात्र होइन जाति, जनजाति, लैंगीक भाषिक, विभेदकारी उत्पीडित रहेका मानिसहरूलाई ब्युझाई, जातीय, क्षेत्रीय, उत्पीडिन असमानताका विरुद्ध जनगणतन्त्रको स्थापनाका लागि जनमानसमा लाग्न हौसला प्रदान पाइन्छ । यो समयमा प्रगतिशिल कविहरू पनि चुप लागेर बसेनन् । जनयुद्धलाई समर्थन गर्न शहरका गल्ली गल्लीबाट कविहरू जन्मिए । यस समयमा जनयुद्धका बीचबाट नेपाली जीवनको संघर्षलाई हेरेर आत्मासात गरेर लेखिएका कवितामा समर संघर्षका उदात्त अनुभूति प्रकट भएका छन् । यस क्रममा लेखिएका कविता र कविहरूमा कृष्ण सेन इच्छुकका इतिहासको

यस घडीमा २०५६, बन्दी र चन्द्रगिरी २०५९, पूर्णविरामको ए । मेरो आदरणीय लेकाली फूल २०६४, इश्वरचन्द्र ज्ञवालीका हुरीका स्पन्दनहरू २०५२, यसरी देशभरि रहेछ २०५९, आगोका शब्दाविम्व २०६३, दिल साहनीको फिलिङ्गो २०५७, सीता शर्माको नालिस २०५७, गणेश भण्डारीको आस्थाको निहारिकाबाट २०६२, मोदनाथ प्रश्रितको मर्दाको पाइलाहरू आकाशतिर आकसिँदै गर्दा २०५५, पुण्य कार्कीको बाघले फेरि धौस खायो २०५४, चेतकान्त चापागाईको यात्रा मुक्ति शिखरको २०५३, र राता फूलहरू २०६३, गंगा श्रेष्ठको म प्रति ध्रुविय यात्री २०५५ र एक्काइसौ शताब्दीका प्रमियस २०६३ मनी थापाको वगिरहेछ सुनकोशी २०५८, विष्णु भण्डारीका फेरि अर्को तार खस्यो २०६३ , देश जागेको बेला २०६४, सत्य पहाडीको आगो, लाभा र हुरी २०६४, निभा शाहको इंक्कलाभ जिन्दावाद २०६३, अग्निपरीक्षाका गीतहरू २०६३, अशोक सुवेदीको नयाँ समयका नयाँ मान्छेहरू २०६२, टीका श्रेष्ठको टीक श्रेष्ठका कविताहरू २०६३, डीपी. ढकालको अग्नियात्रीका सपनाहरू २०६४, आरपी तिमिल्सिनाको आगो र सपनाहरू २०६४, आदि दर्जनौ कविता सङ्ग्रहहरू छापिएका छन् । यसका साथै फुटकर कविता लेख्ने कविहरू पनि जुर्मुराएर साम्रज्यवाद, क्रान्तिप्रतिको आकर्षण र दासता एवम् शोषणबाट मुक्तिका लागि अविरल कामनाका साथ कविताहरू लेख्न अग्रसर भएको पाइन्छ । यो समयका कविहरूमा सिलबहादुर भण्डारी, खुशीराम पाखिन, लोकेन्द्र विष्ट, परन क्षेत्री, सीता शर्मा, झपेन्द्र वैद्य, आकाश घर्तीमगर, शङ्करलाल श्रेष्ठ लगायत रहेका छन् । सामन्तवाद, साम्राज्यवाद र विस्तारवाद विरुद्धको परिवर्तन चेतनायुक्त क्रान्तिकारीकै आकर्षण र दासता एवम् शोषणबाट मुक्तिको अभिरम कामनाका साथ युद्धभूमिमा मृत्युसँग संघर्ष गरिरहेका योद्धाहरूको साहस, सौर्यबाट सम्माहित भइ युद्धबाट जागृत सचेतित नेपाली जीवनलाई यस समयका कविताहरूले थप ऊर्जा दिएको पाइन्छ यस समयका कविका कवितामा वर्गयुद्धजन्य नयाँ संवेदना, सर्वहारा वर्गीय , उत्तेजना, उत्पीडित जाति, जनजाति, दलित, एकाकारबन्दै गएको यथार्थ, सामन्तवादी वर्वर अत्याचारका विरुद्ध स्वतन्त्रता, समानता मुक्तिको निमित्त बन्दुक सँगसँगै कलम लिएर कविताको प्रगतिवाद अगाडि बढिरहेको पाउन सकिन्छ ।

नेपाली साहित्यमा प्रगतिवादी कविताको सुरुआत २००० बाट सुरु भइ २००७ सालमा केही सफलता हासिल गरेको पाइन्छ भने २०१७ सालमा आएर यसले केही कठिनाइहरूको सामना गर्नु पुग्छ । त्यसपछि २०३६ सालको जनमत सङ्ग्रह २०४६ सालको बहुदलीय प्रजातन्त्रमा मलजल प्राप्त गर्दै २०५९ सालमा केही समय भित्रभित्रैबाट ज्वालहरू सल्काएर २०६२/०६३ मा गणतन्त्र सम्बन्धी नौलो विहानीका साथ अग्रपंक्तिमा हिँडिरहेको मान्न सकिन्छ । यो क्रम चलिरहनेछ । प्रगतिवादीको मूल प्रवृत्ति भनेको सामन्तवाद, तत्कालीन राजनीतिक सामाजिक, सांस्कृतिक र आर्थिक जीवनको चर्को विरोध, सर्वहारा वर्गको उत्थान आदि रहेका छन् ।

### ४.३.१० शङ्करलाल श्रेष्ठको कविताको विश्लेषण

शङ्करलाल श्रेष्ठको प्रकाशित कविता कृतिहरू नभए तापनि उनका फुटकर कविताहरू स्थानीय पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । यिनै कविताहरूलाई विश्लेषण गर्नु पर्दा उनका कविताहरूमा समाजमा रहेका विकृतिहरूलाई हटाउन सक्रिय रहेको पाइन्छ । समाजमा चेतना जगाउने र धर्तीलाई ज्ञान र विज्ञानको गहिरो ज्ञानद्वारा आलोकिक पार्दै समाजमा रहेका गरीवहरुलाई सामाजिक रुपबाट माथि उठाउन उनको यो कविता सक्रिय रुपमा रहेको पाइछ :

एउटा व्याकुल माहिला
ओखलढुङ्गातिर सिर्जनाका गीतहरु
जनताका लागि पस्कँदैछन्
अर्का माहिला व्याकुलहरु
सहरको केन्द्र भागतिर
अझ गला रेट्नका लागि
आँखीझ्यालबाट चिहाइरहेछन् ।
हो, धेरै माहिलाहरु
आकुल-व्याकुल छन्
कुरा सत्य हो -
जो जससँग सम्बन्ध छ
बेलैमा उपचार भएन भने
आकुलता र व्याकुलता
हात्तीछाप चप्पल र हात्तीजस्तो

उस्तै-उस्तै नहुने होइनन्
हात्तीछाप चप्पल र हात्ती
उस्तै-उस्तै त होइन
र, पनि उस्तै - उस्तै
हुन पनि सक्छन् ।
त्यसैले -
आकुल- व्याकुललाई
उपचार गर्न अभिलासा राख्नेहरुप्रति
जनाधिकार छेकबार गर्नेहरु हो
होस राखे
इतिहास साक्षी रहनेछ ।

### ४.३.११ शङ्करलाल श्रेष्ठको साहित्यिक संयोजकको भूमिका

शङ्करलाल श्रेष्ठ नेपाली साहित्यका सर्जक हुन् । उनले नेपाली साहित्यका कविता, कथा, निबन्ध, साहित्यिक लेख आदि लेखनका क्षेत्रमा अग्रणी स्थानमा रहेका छन् । कथा, कविता विद्यामा मात्र कलम नचलाएर साहित्य जगर्नाका लागि उनले विभिन्न साहित्यिक पत्र पत्रिकाहरुका प्रमुख भएर कार्य गरेको पाईन्छ । यहि क्रममा दोलखा जिल्लाबाट निस्किने साहित्यिक पत्रिका “परिकल्पना” जुन दोलखा साहित्य सङ्गमबाट प्रकाशित भएको छ, जसको संयोजक शङ्करलाल श्रेष्ठ रहनु भएको पाईन्छ । दोलखा साहित्य सङ्गमले वि.सं. २०६६ सालमा वर्ष ३ अङ्क ३ परिकल्पना वाल कविता विशषाङ्क प्रकाशित गरेको थियो जसमा शङ्करलाल श्रेष्ठले आफु संयोजक भएर प्रकाशित वाल कविता विशेषाङ्कमा आफ्नो अनुभूतिहरु यसरी प्रकट गर्नु भएको पाईन्छ ।

**कवि वालवालिका गुमेका छन् द्वन्दले**
**आमाको काख रित्तिएको छ युद्धले**
**वालवालिकालाई युद्ध गर्ने हतियार नसमभ्फ**
**वालवालिका त देशका कर्णधार हुन् ।**

क्षत्रावती मा.वि. क्षत्रावतीमा अध्ययन गर्ने छात्रा विद्या चौहानको यी कविताका हरफहरु आँखा पऱ्यो । द्वन्दका कालखण्डमा घाइते भएका यी वालमनहरु कति होलान जो सानो सङ्ग्रहित कृतिभित्र भनि चिन्तित रहेको पाइयो । यसै क्रममा हिलेपानी संस्कृत उच्च मा.वि.की छात्रा रेखा दर्जीको सुन्दर काव्यपङ्तीमा यस्तो रहेको छ ।

**काग आउँछ सन्देश ल्याउँछ घर आँगनमा ।**

**कोइली रुन्छे पखेरामा सधैं सम्झनामा ॥**

यो गेयात्मक, कलात्मक र मर्मस्पर्शी हरफहरु पढ्दा उनले एकैपटक हजारौं आमाहरु सम्झेका छन् र साँच्चै रेखाले भने जस्तै गरी काग र कोइलीका आवाजमा आफन्तमिलनकी सङ्केत र सम्झनाका अर्थ खोजिरहेछन् । के यो सिङ्गो कृति युद्धबाट टाढा जान सकेन ? के वालवालिकाहरु युद्धको पीडामा मात्र छट्पटाइरहेका छन् ? हो यो वियोगले कथा र व्यथा एकतातिर छ नर रोएर मात्र त जीवन चल्दैन । चुम्नु पर्ने लक्ष्यहरु होलान्, चढ्नु पर्ने समुन्नको सगरमाथाहरु होलान् । के गर्दैछन् हाम्रा वालस्रष्टाहरु ? खोज्दै जाँदा यो कृतिभित्र वालवालिकाका सचेतनाहरु पनि भेट्न सकिएको पाइन्छ । कतै वाल लिङ्गहरु वाल अधिकारका लागि आवाज उठाइरहेका छन् । यसै गरी प्रतिना कार्कीका यी हरफहरु यस्ता रहेका छन् :-

**वालकले आफ्नो अधिकार पाउनुपर्छ**

**पढ्ने, लेख्ने, खेल्ने मौका पाउनु पर्छ**

**समृद्ध राष्ट्र निर्माण गर्ने हो भने**

**वालवालिकालाई फुल्ने अवसर दिनुपर्छ ।**

वाल अधिकारका लागि प्रनिता कार्की मात्र होइन यहाँ सबैजसो वालवालिकाहरुका सिर्जनाहरुमा खवरदारी पाईन्छ । वालवाललिकाहरु रचनात्मक वातावरणमा कसैको दर र त्रासबाट मुक्त भएर अध्ययन गर्न चाहन्छन् भन्ने कुरामा पर्वत खतिवडाका यी हरफहरु आफै बोलेका छन् ।

**हँसाई खेलाई शिक्षण गर्ने वातावरण बनोस्**

**अभिभावकहरु गुरु वर्ग, वालकको यो मर्म बुझ्नुहोस्**

वालवालिकाहरुको भाषणमात्र गर्ने, काम नगर्नेहरु प्रति रोसपूर्ण अभिव्यक्ति पनि छ । यसको भाव तलका पद्धतिहरुबाट स्पष्ट हुन्छ । हामी ठूला भन्नेहरु र नीति निर्माणमा सङ्लग्न मान्छेहरुले यी वालवालिकाहरुका इच्छा, आकाङ्क्षाहरु बुझ्दैनौं ।

**वालकले अझैसम्म पढ्न पाका छैनन् ।**

**थोत्रो, मौलो लुगा लगाउँछन् नयाँ लाका छैनन्**

**बाँचेका छन् वालवालिका नबाँचे झै गरी**

**अधिकार खोज्नु पर्छ अब अघिसरी**

सवै वालसिर्जनाका पंक्तिहरु हेर्दा उनी निर्धक्कसँग भन्दछन् कि वालवालिकाहरुमा स्पष्टसँग युगवोध गर्ने क्षमता छ, न्याय र समनातको खातिर उढ्ने चेतनाको प्रवाह

छ, देश सुन्दर बन्न आवश्यक पर्ने पक्षहरुको पहिचान छ । यी सिर्जनाको थुङ्गाभित्र मात्र द्वन्द र वाल अधिकारका कुरा छैनन्, वालवालिकाहरुका देश प्रेमका भावनाहरु पनि छताछुल्ल भएर बगेका छन् । सङगीता दाहालको “कहाँ गयो गोर्खाली मुटु” भन्ने कवितामा उनी लेख्छिन् -

**पूर्खाको विशावल नेपाल हेर्दा**
**लाग्छ हृदयमा ठूलो तीर**
**अझै सीमाना असुरक्षित देख्दा**
**कसरी खपौं त्यो पीर ?**

यी पङ्क्तिहरु हेरिरहँदा एकैपटक तीन किसिमका चित्रहरु मस्तिष्कमा सलबलाउँछन् । पहिलो खुम्चिदै गरेको सीमाना, दोस्रो राष्ट्र हाँस्ने सारथीहरु छ र तेस्रो भोलिका नेपालमा नेपाली भएर बाँच्न चाहने यी कलिला वाल अनुहारहरु बालवालिकाहरुका कलमले राष्ट्र, अधिकार र युगीन पीडाहरु मात्र पनि बोध गरेका छैनन् यहाँ जो सिर्जना भित्र चियाउने जो सुकैले उनीहरुको स्वअनुशासनको उद्घोष भेट्न सक्छ । यहाँ भनी सामाजिक चेतनाको विम्वहरुको अनुभुति गर्न सक्छन् । लाग्छ यो सानो सिर्जनाको झुल्काभित्र देवकोटाहरु जन्मन खोज्दैछन्, पारिजातका कलमहरु उठ्न खोज्दैछन्, भोल्नेयर रुसोहरु जन्मन खोज्दैन् ।

यी दोलखा साहित्य सङ्गमको वाल सुसेली अङ्कमा प्रकाशित कविताहरु हुन । वालवालिाकाहरुका स्वच्छभावनाबाट जन्मिएको नयाँ नेपालको नवक्षितिजको परिकल्पना हो । यस कृतिको महत्व वाल सिर्जना भएकाले मात्र भएको जस्तो पाईदैन । यो एउटा यस्तो कालखण्डमा जन्मिएको छ, जसले एउटा भयावह पीडाको विसर्जन खोजेको छ र आसालु वर्तमानको पपरिकल्पनामा पनि एकसाथ गरेको छ । हामीहरु वालवालिकाहरु विचार बुझ्ने कष्ट कमै गर्छौं । निर्णयमा सहभागिता कमै खोज्छौं । यसो गर्नु उनीहरुको विशाल र स्वच्छ भावनाको अवमूल्यन हो । कमसे कम दोलखा साहित्य सङ्गमले यो परिकल्पनालाई वालवालिकाहरुको बनाएर उनहिरुको त्यषे भावनाको कदर गरेको छ र अन्तरनिहित क्षमतालाई उजागर गर्न एउटा शशक्त मौका दिएको छ । सम्भवत : दोलखाली साहित्यको आशालाग्दो लहरभित्र यो एउटा वगैचामा नवीन साहित्यलाई फुल्ने मौका प्रदान गरेको छ ।

वास्तवमा साहित्यलाई फलाउन फूलाउन शङ्करलाल श्रेष्ठले आफ्नो जीवनको लक्ष्य सम्झेको पाइन्छ । यसको प्रमाणको लागि उनको विभिन्न साहित्यिक संघ संस्थाहरु माथिको संलग्नता, क्रियाशीलता तथा लगावले नेपाली साहित्यको उत्थानका लागि दिगो ज्यान दिएर लागेको पाईन्छ ।

### ४.३.१२ दोलखाली साहित्यमा शङ्करलाल श्रेष्ठको स्थान

नेपालको राजधानी काठमाण्डौबाट १३३ कि.मी दूरीमा अवस्थित ऐतिहासिक तथा सांस्कृतिक महत्व बोकेको दोलखा जिल्ला साहित्यिक हिसाबले पनि उल्लेख्य रहेको मान्न सकिन्छ । यहाँका स्रष्टाहरूले नेपाली साहित्य, कला, गीत/सङ्गीतमा राष्ट्रिय छवि ग्रहण गरिसकेका छन् । भौगोलिक रूपमा समेत सुन्दर यस जिल्लाका साहित्यसाधक, तथा विभिन्न विधका मूर्धन्य व्यक्तित्वहरूको कलमबाट निर्मित साहित्यिक इतिहासलाई सामान्य रूपमा खोतल्ने जमर्को गरिएको छ । यस लेखमा दोलखाली साहित्यलाई २०४६ अघि र पछि गरी दुई भागमा विभाजन गरेर नियाल्ने प्रयास भएको छ ।

**क. वि.सं. २०४६ साल अघिको साहित्यिक कालखण्ड**

दोलखाको साहित्यिक विकासको क्रमलाई खोतल्दा अन्यत्र जस्तै स्वभाविक रूपमा लोक साहित्य ने जगमा रहेको पाइन्छ । भवानी शङ्कर श्रेष्ठको नाटक **अष्टमातृका** ( १९६४) र १९८२ सालमा हस्तबहादुर श्रेष्ठको निर्देशनमा प्रदर्शित शीर्षक नखुलेको नाटकलाई यहाँको सांस्कृतिक जीवनको साहित्यिक प्रस्तुति मानिन्छ । वि.सं. २०५१ सालसम्म आइपुग्दा ८० वटा जति नाटकहरूले दोलखालाई रङ्गभूमि बनाएको तथ्य चाख लाग्दो छ । **पैसा वा अविद्या** (पूर्णनारायण प्रधान) **श्यामा भक्ति तरङ्गिणी** ( महेश्वर शिवाकोटी), दोलखाबाट प्रवास पुगेका टीकारम शर्माका लघुनाटकहरू क्रमशः **आमाको पुकार** (२०२०), **चेली** (२०२१), **टुहुरी** (२०२२), भीमला वैदारको **भीम रामायण** (२०२२), बैकुण्ड काफ्लेद्वारा लिखित **सावित्री शोककाव्य** (२०२६), मनबहादुर मुखियाको नाटकहरू क्रमशः **अँध्यारोमा बाँच्नेहरू, अनि देउराली रुन्छ** ( २०३०), **फेरि इतिहास दोहोरिन्छ** (२०३२), **असत्यम अशिवम् असुन्दरम्** (२०३२), क्रसमा टाँगिएको जिन्दगी (२०३४), आदि जस्ता नाटकहरू यहाँ प्रसिद्ध मानिन्छन् । प्रेमप्रसाद सुवेदीको प्रेमदर्पण (२०३०), हिबाबु पोखरेलको पुराना कथाको संस्मरण नयाँ कथाका विश्रान्ती नामक चम्पुकाव्य (२०३९), वि.सं (२०४०) साल पूर्वका महुत्वपूर्ण काव्यकृतिहरू रहेका छन् । साहित्यको एउटा महत्वपूर्ण विधा हाँस्यव्यङ्ग्यले पनि वि.सं. २०३७ सालतिरै दोलखामा जन्म लिएको पाइन्छ र यस्तो महत्वपूर्ण कार्य गरेका छन्- मुक्ति कुवेर मास्केले । उनको कृतिकमो नाम रहेको छ- ‘धर्मराज यमको अदालत’ । औपन्यासिक विधा दोलखामा नजन्मने त झन् कुरै भएन । विनीत वेदनाद्वारा लिखित ‘पुनर्जजन्म’ (२०३९) यसको ज्यँदो साक्षी रहेको छ । के २०४० साल पूर्व दोलखाको साहित्य क्षितिजमा कुनै कथा जन्मेन ? यो प्रश्नको

उत्तर दिएका छन् अमरकुमार प्रधानले । उनको कथासङ्ग्रह रहेको छ त्रिविध (२०३९) ।

### ख. २०४६ साल पछिको साहित्यिक कालखण्ड

देशभरि बन्द कोठाभित्र निसासिएका र निरङ्कुशताको बुठमुनि कुल्चिएको विचार भावनाले प्रजातन्त्रको पुनःस्थापना (२०४६) पछि स्वतन्त्रताको पखेंटा फटफटाए । स्वतन्त्रताको बिहानीमा खोलखाली कवि रमेश खड्का निस्किए सृजना कविता सङग्रह लिएर । रमेश खड्काकै हाराहारीमा उभिए अर्का दोलखाली युवा कवि विष्णु सुवेदी 'ती फूलहरू खै' (२०४८) नामक कविता सङ्ग्रह लिएर ।

'मुक्ति' नामक लघुकाव्य (२०४८), रमेश खड्काको साहित्यिक निरन्तरताको सङ्केत हो भने कवि धरणीधर शर्मा कोइरालाको 'समग्र' र जगन्नाथ त्रिपाठीको क्रमशः यो किन मौन बस्यो ? (२०४९) र श्रद्धा सुमनको भजनहरूमा आध्यात्मिक भक्तिको परिशीलन (२०५०) अर्को सशक्त प्रस्तुतीका उदाहरणहरू रहे ।

साहित्यका विधाहरूमध्ये दोलखाली साहित्यिक बाटिकामा नभेटिएको कृति थियो निबन्ध सङ्ग्रह । यसको रिक्ताता पूरा भयो- बादल धर्ति र आस्थाहरू नामक निबन्ध सङ्ग्रहबाट । यस सङ्ग्रहको जननी बनिन् सुधा त्रिपाठी । जीवनसूत्र र स्वप्नाभास (२०५३), विश्वासको गुजुल्टाहरू/एकाङ्की सङ्ग्रह (२०५५), सुट, टाई र सुँगुर (२०४९) सुधा त्रिपाठीका साधना र सिर्जना हुन् । उनी निरन्तर साहित्य साधनमा क्रियाशील छिन् ।

प्रजातन्त्रको पुनःस्थापना पश्चात दोलखाले श्रीबाबु कार्की 'उदास' मार्फत च्यातिएको मुस्कान नामक कविता सङ्ग्रह (२०५६) जन्मायो । समय बाछिटा (लघुकथा सङ्ग्रह, २०६१, उनको पछिल्लो कृतिको रूपमा जन्मिसकेको छ । पुष्करराज बुढाथोकी 'साउँतेली' को 'परेलीको पानी' (२०५७), लघु गीतिसङ्ग्रह, टीकारम पोखरेलको धोको -कथासङ्ग्रह २०५७) अमरकुमार प्रधानको शान्ति कान्ति -कथासङ्ग्रह), रबिन्द्र तमाङको मुग्लानरी (तामाङ भाषाको नाटक) मोहन चापागाईको रम, शबाफ र राजधानी नामक समयामयिक लेख तथा निबन्ध सङ्ग्रह-२०५७ साहित्यकार मित्रमणि पोखरेलको फुल्दैछन् फूलहरू नामक कविता सङ्ग्रह (२०५६) जर्नेलकी छोरी -उपन्यास, २०४५) पछिको निरन्त साहित्यि पाइला भनेर मान्न सकिने देखिन्छ । विष्णुहरी नेपालको बाह्र वर्षे उमेरैमा (कविता सङ्ग्रह २०५९), हरिभक्त न्यौपानेको मनमोहक कविता तथा गज कविता सङग्रहहरू सुधा त्रिपाठीको भूपिको कवितामा व्यङ्ग्यालङ्कारको चेतना नामक समालोचनात्मक कृतिहरूले दोलखाली

साहित्यको निरन्तर उत्थानको पुष्टि गर्दछ ।

यस्ता साहित्यिक कृतिहरू कुनै प्रवासमा पुगेर, कुनै राजधानीमा पुगेर त, कुनै जिल्ला मै जन्मिएरका छन् । पछिल्लो समयमा जिल्लामै बसेर पनि साहित्य सिर्जना भईरहेको छ ।

साहित्यकार शङ्करलाल श्रेष्ठको 'बाबा जून टिपिदिनुस् न !' (कथासङ्ग्रह २०६१) अर्का युवा साहित्यकार चिरञ्जीवी मास्केको नेपाली र अङ्ग्रेजी दुवै भाषामा लिखित मान्छे बदलेको देखें (गीतगजल सङग्रह, २०६०) । दिनेश के.सी. 'रवि'को व्यङ्ग्य लेखनको समष्टिगत झुल्को टिलटिले घैंटो-२०६३, गजल स्रष्टा द्वय अवतार ढकाल र श्रेष्ठ सत्यको सङ्गम नामक गजलसङ्ग्रह (२०६३), गीतालक्ष्मी शिवाकोटीको आँखाले संसार नदेखे पनि -कवितासङ्ग्रह, २०६१), कवि विष्णु सुवेदीको निरन्तर साहित्य यात्राको पछिल्लो पाइलोका रूपमा प्रकाशित कवितासङ्ग्रह विधवा भाउजूहरूको देश (२०६२) आदि यस माटोमा सिर्जिएका सिर्जनाहरूको जल्दाबल्दा उदाहरणहरू हुन् । कलिलो उमेरमै साहित्य बालकदेखि प्रौढसम्मका व्यक्तिहरूको सक्रिय संलग्नता रहेको सुखद पक्ष भेट्न सकिन्छ । छन्दमा कलम चलाउने स्रष्टाहरूको पनि केही छैन भन्ने कुरा कवि बलराम दाहालको शार्दुलविक्रिडित छनदमा लिखित घरको कथा नामक खण्डकाव्य (२०६३) ले प्रमाणित गरेको छ । यी बाहेक सीताराम ओलीको परिवर्तनको सङ्गालो (विविध) २०५८, कवि भोजराज न्यौपानेको कविता सङ्ग्रह आकाश माथिको देउता दोलखाली स्रष्टाहरूका अमूल्य सिर्जनाहारको रूपमा देखिन्छ । त्यसो त दोलखालाई कर्मक्षेत्रको रूपमा चुम्न आइपुगेका राष्ट्रसेवकहरूको पनि यहाँको साहित्य सिर्जनामा कम भूमिका देखिएको छैन । मरेको छ जिन्दगी कवि राधाकृष्ण चापागाइँ, म बाँचेको छु- कवि श्याम भट्टराईको संयुक्त कविता सँगालो (२०६२) यसको ज्वलन्त उदाहरण हो । लेखक स्वयम्कै बालकथा सङ्ग्रह चटकी मा (२०६३) दोखाली भूमिकै जन्मेको कृति हो । गजल र कविता विधामा छन्द शैलीमा सशक्त भएर प्रस्तुत हुने कवि जीत कार्कीको गजल तथा कविताहरू कैयन साहित्यिक पुस्तक तथा पत्रिकाहरूमा छरिएर रहेका छन् । हालसालै उनको बहरमा लेखिएको गजल सङ्ग्रह आस्थाका हिऊँचुलीहरू ( २०६४) प्रकाशित भएको छ । यसै गरी रमेश दहालको गीत सङ्ग्रह, बालुवाको घर र पुष्करराज बुढाथोकी 'साउँतेली'को पहिलो कृति वेदनाको रङ्गहरू -गीत सङ्ग्रह-२०६३) समते उल्लेख कृतिहरू हुन् ।

शास्त्रीय छन्दमा काव्य सुसेली हाल्ने कवि पुष्करनाथ पोखरेल, महिला स्रष्टा जया

बुढाथोकी, , समकालिन कवितामा कलम चलाउने कविहरू चोकबहादुर दाहाल, अमर कुमार प्रधान, आनन्द प्रसाद पोखरेल, स्व.रीतबहादुर खड्का, अमृतबहादुर क्षेत्री (ए.बि.सी.), शङ्करलाल श्रेष्ठ, बोलबहादुर बस्नेत , शान्त पापी, मधु माधुर्य, विनीता वेदनजा, भोजराज न्यौपाने, सुमन जिरेल, बिर्ख क्रान्ति बलराम थापा, केशव चौलागाईं, रामप्रसाद सामकोटा, श्रीबहादुर के.सी 'शैलुङ्गे', ध्रुब खड्का, चिनीमैया श्रेष्ठ, विश्वास भण्डारी, शेरबहादुर भुजेल, गीता शिवाकोटी, मुरारी दुलाल, अर्जुन गौतम, ईश्वरी दहाल, रोहित खड्का, राजेन्द्र खरेज, जीवन लामा, बालकृष्ण शर्मा, कालिका पाठक, गङ्गा कार्की, अर्जुन पोखरेल, लोकहरि कार्की, राजेन्द्र मानन्धर, शिव शिवाकोटी, आनन्द श्रेष्ठ, सोभित मैनाली, डि.बि जिरेल, उमेश के.सी., साविन्द्रा खड्का, रमा खड्का, मोहनकृष्ण श्रेष्ठ, उदय नारायण श्रेष्ठ, कुमार चौलागाई, अर्जुन गौतम, रविन्द्र गौतम आदि स्रष्टाहरूले दोलखाली साहित्यको बाटिकामा सिर्जनाका फूलहरू फुलाइरहेका छन् । मोहनकृष्ण श्रेष्ठ, शयाम कुमार श्रेष्ठ, उदयनारायण श्रेष्ठ, बालकृष्ण जोशी, यज्ञकुमार प्रधान, माधवकणि राजभण्डारी, भल्ला मास्के, शयाम विछोड, बालकृष्ण दोल्खे, ममता प्रधान, सुनिल अञ्जिर, महेश श्रेष्ठ, 'बरदान', मञ्जुराज भण्डारी, बलराम दाहाल, सरला श्रेष्ठ, रीता मास्के, यज्ञरथ श्रेष्ठ, शयामजी प्रधान, घनश्याम खतिवडा, कृष्ण प्रसाद मास्के, सुमित्रा प्रधान, अनुसुया श्रेष्ठ, मिसु श्रेष्ठ, भीमसेन मास्के, जीत श्रेष्ठ, सुमी प्रधान, उपेन्द्र प्रधान, मुरारी राजभण्डारी, रमेश ढुङ्गेल, सीता सुवेदी, रमेश सापकोटा, डम्बर चौंलागाई, बासु बुढाथोकी, सौरभ कार्की, भागिरथी केसी, शान्ता पाण्डे, उर्मिला थामी, सरिना खड्का, अम्बिका दाहाल, सोकला पाखिन, शारादा के.सी., शरदा सापकोटा, शयाम मैनाली आदि पनि यसै जिल्लाका साहित्यकार एवं साहित्यानुरागीहरू हुन् ।

दोलखाली साहित्यिक फाँटमा क्रियाशील नवसर्जकहरूलाई थप उर्जावान बनाउन कर्मचारी मिलन केन्द्र दोलखाले पनि बेला बखतमा महत्वपूर्ण योगदान पुऱ्याइरहेको पाइन्छ । बेलाबखत गरिने कविता प्रतियोगिता तथा यसै केन्द्रद्वारा प्रकाशित कविता मिलन (२०६१) यसको ज्वलन्त उदाहरण हो । समिष्टिगत रूपमा २०४६ साल पछिको दोलखाली साहित्यिक कालखण्डलाई हेर्दा अघिल्ला समयमा जस्तो सिर्जनाको बाढी नदेखिए पनि सिर्जनाले परिपक्वता ग्रहण गर्दै गएको अनुभूति धेरैलाई हुन्छ ।

## २. साहित्यमा पत्रिकाहरूको योगदान

२०४० साल पूर्वको दोलखाली साहित्य र संस्कृतिको विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको ऐतिहासिक संस्थागत साहित्यिक कृति हो आँखा । वि.सं. २०२६ सालको

बडादसैंको उपलक्ष्यमा श्री भीम पब्लिक हाइस्कुल दोलखाको प्रकाशनमा जन्मेको यो साहित्यिक पत्रिकाको सम्पादन तत्कालीन प्रधानाध्यापक श्री मेघराज काइरालाले गरेको पाइन्छ । वि.सं. २०२७ सालदेखि यो कालिञ्चोक युवा क्लव र अन्य स्थानिय साहित्यकारहरूको सिर्जनाको कुचीमा रङ्गिएर निरन्तर प्रकाशित छ । यहाँको आधुनिक साहित्यमा फड्को मापर्ने कार्यमा 'आँखा' को प्रकाशन महत्वपूर्ण ठानिन्छ । जिरी उच्च माविबाट प्रकाशन हुने झुल्को (विद्यालयको मुखपत्र), विद्यार्थी जागण २०३८ (पत्रिका) ले पनि यहाँको साहित्यिक जागरण सिर्जनामा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । कृष्णनारायण श्रेष्ठको प्रधानसम्पादकत्वमा प्रकाशन भएको तिलिञ्चो परिवारको मुखपत्र चिमाल (२०३९) ले पनि दस वसन्तसम्म पार गरेर विश्रान्ति लिएको देखिन्छ । साहित्यको उत्थानमा यसले पनि महत्वपूर्ण भूमिका निर्वाह गरेको ठहर यहाँका स्थानीय साहित्यकारहरूको रहेको छ । त्यसैगरी चोकबहादुर दाहाल, ध्रुब घिमिरे र अमृतबहादुर क्षेत्रीको सम्पादकत्वमा वि.सं. २०४८ सालमा प्रकाशित आँकुरा पनि तीन अङ्कसम्म प्रकाशन भएर अघि बढ्न त सकेन तर दोलखाको साहित्य विकासमा यसले थपेको उर्जालाई दोलखाका साहित्यकारहरू भुल्न सक्दैनन् । साहित्य र विचारको माध्यमबाट पञ्चायती राज्यसत्ता विरुद्ध जनचेतना जगाउने उद्देश्यले इन्द्रबहादुर खड्काको सम्पादकत्वमा २०३० सालमा प्रकाशित च्यार्दोङ्ग नामक वैचारिक पत्रिकाले यस जिल्लामा बेग्लै इतिहास कायम गरेको मानिन्छ । यो पत्रिका तेस्रो अङ्कको रूपमा २०३८ सालसम्म आइपुगेपछि राज्यसत्ताको बक्रदृष्टिबाट बच्न नसकेको भनाइ रहेको छ । विनीत वेदनाद्वारा सम्पादिन दोलखा सन्देश २०३९ शम्भु गौतम, राजेन्द्र मानन्धर, चिरञ्जीवि मास्के र देवदाश श्रेष्ठको सम्पादमा प्रकाशित पत्रका अरूणिमा-२०४९ यी सबैले दोलखाली साहित्कि विकासका लागि महत्वपूर्ण योगदान पुऱ्याएको चर्चा यहाँको साहित्यिक वृत्तमा सुनिन्छ । यहाँको साहित्यमा उर्जा थप्ने क्रममा जिरी प्राविधिक शिक्षालयबाट नियमित रूपमा प्रकाशित जिरीद्वित, हालसम्म पनि नियमित रूपमा नै प्रकाशन भइरहेको छ । वि.सं. २०४९ सालतिरै दुई युवाहरू राजेन्द्र मानन्धर र चिरञ्जीवि मास्केको पहलमा प्रकाशित (दोलखाकै पहिलो) नेपाल अधिराज्यभरिकै २९ औं नम्बरको हारमा उभिएको हवाइ पत्रिका कोसेली ५ अङ्कसम्म प्रकाशित भएर छोडेको पाइन्छ । त्यसपछि वि.सं. २०५६/५७ तिर युवा कवि चिरञ्जीवि मास्केकै सक्रियतामा प्रकाशित प्रदेय पत्रिका (मासिक)ले पनि सहित्यको प्रचार प्रसारमा महत्वपूर्ण योगदान पुऱ्याए पनि २ अङ्गमै यसले आफ्नो यात्रा अन्त

गरेको पाइन्छ । पत्रपत्रिकाकै माध्यमद्वामरा साहित्य र संस्कृतिको उत्थान गर्न प्रयास गर्ने युवा सर्जकहरूको पंक्तिमा विश्वास भण्डारी र शेरबहादुर भुजेल पनि पर्दछन् । विश्वास भण्डारीको सम्पादमा प्रकाशित हवार्य पत्रिका जागृति (२०६१) ले ६ अङ्कसम्म संङ्सर्ष गऱ्यो भने शेरबहादुर भुजेलको सम्पादमा प्रकाशित नवउदय पत्रिकाले ७ अङ्कसम्मको आयुवरण गऱ्यो । जागृतिको प्रकाशनमा अर्पण नामक साहित्य पत्रिका समते प्रकाशन भईरहेको देखिन्छ । यस पत्रिकाले वि.सं. २०६३ सम्म आइपुग्दा चौथो श्रृङ्खला पार गरिसकेको पाइन्छ । केही वर्ष पहिले प्रकाशित साप्ताहिक पत्रिकाहरू दोलखा टुड (सम्पादन केशवराज चौलागाई, गौरीशङ्कर टाइम्पा, जीविविषा -हस्तलिखित-श्रीबाबु कार्की) आदिको पनि साहित्य प्रवर्द्धनमा महत्वपूर्ण योगदान भएको चर्चा यहाँ गरिन्छ । हाल दोलखामा प्रकाशित साम्ताहिक पत्रिकाहरू शैलुङ्को सूर्य, कालिञ्चोक सन्देश र जनरञ्जन समेतले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको देखिन्छ । हाल ‘दोलखा समाचार पत्र’ पनि हालसालै साप्ताहिक पत्रिकाको रूपमा प्रकाशित भइरहेको छ ।

## ३. अन्य लेख तथा लेखकहरू

साहित्य, कला, गीत/सङ्गीतका चर्चा गर्दा साहित्य बाहेकका विषयमा कलम चलाउने लेखकहरूको नाम पनि लिनुपर्ने हुन्छ । ती लेखकका कृतिहरूले परोक्ष वा अपरोक्ष रूपमा नेपाली वाङमयको श्रीवृद्धिमा योगदान पुऱ्याइरहेको हुन्छ । साहित्य वृत्तमा र अनय लेखकीय वृत्तमा नाम लिनु पर्ने स्रष्टाहरूका रूपमा जगन्नाथ त्रिपाठी देखापर्दछन् जसले लघुकौमदीदेखि आधुनिक नेपाली व्याकरणसमेत लेखेका छन् । पारसमणि प्रधानसँग सहलेखन गरेका लेखक टीकाराम शर्माले भने २०१२ सालमा नै नेपाली व्याकरण लेखेको चर्चा (दोलखाको साहित्य इतिहासमा) टीकाराम पोखरेलले गरेका छन् । डा. श्याम जोशी, गोपाल शिवाकोट, अमन श्रेष्ठ, केदारनाथ तिमिल्सिना, रवीन्द्र तामाङ, टीकाराम शर्मा, चन्द्रबहादुर खड्का, मित्रमणि पोखरेल, तिलक प्रसाद चौलागाई, यज्ञबहादुर प्रधान, धन बहादुर बज्राचार्य, टेक बहादुर श्रेष्ठ, रमेश खड्का, कमलाराज ढुङ्गेल, जिष्णु प्रकाश आदि यहाँका मूर्धन्य लेखक लेखक मानिन्छन् । राष्ट्रसेवकका रूपमा यहाँ आएका तात्कालिक प्र.जि.अ. श्री दीपक जोशीले दोलखा भीमेश्वरको विषयमा लेखेको परिचयात्मक लेखलाई पनि दोलखाले भुलेको पाइन्न ।

## ४. लोकसाहित्यमा दोलखा

राजधानीबाट नजिकै रहेको कारण यहाँको जनजीवन र लवजले दोलखालाई प्रभाव

पारेको देखिन्छ र पनि पृथक साँस्कृतिक विशेषता पनि जीवन्त रहेको देखिन्छ । जिरेल, सुरेल, माझी, थामी, शेर्पा, तामाङ जस्ता जातजातिको सङ्गमको रूपमा रहेको यस जिल्लामा यी जातजातिका संस्कृति तथा परम्परासँग गाँसिएको लोकगीत तथा लोकनाचहरूप्रसस्त छन् । त्यस्ता अमूल्य सांस्कृतिक निधिहरूको खोज अनुसन्धान कार्य हुन बाँकीरहेको देखिन्छ । यहाँका विभिन्न ग्रामीण इलाकाहरू जस्तै मिर्गे, भिरकोट, जिरी, सुरी जस्ता क्षेत्रहरूमा लोककथाहरू प्रचुर रहेको बताइन्छ । लोकगीतका क्षेत्रमा पुराना पुस्ताका कुमार बस्नेतदेखि हरिबहादुर राउतसम्मले लोकगीत गाएर पनि परिचय स्थापित गरेका छन् । पछिल्लो समयमा घुम्तीमा पिपलबोट भन्ने गीत गाउने युवा सर्जकहरू टीका दाहाल र प्रवासबाट आएर दोलखामा कर्मभूमि बनाई बसेका प्रकाश प्रधानले आधुनिक गीतको सुसेली सुसाइसकेका छन् । आधुनिक गीतका मूर्धन्य सङ्गीतकार शक्ति बल्लभ यही माटोका वरदान हुन् । हाल हराइरहेका कुशल अभिनयकर्ता हास्यव्यङ्ग्य कलाकार शाम्दे शेर्पा दोलखाकै निधि हुन् भने रङ्गकर्मी मदनदाश श्रेष्ठ यहींका वरदान । राष्ट्रिय रूपमै परिचय प्राप्त गरिसकेकी लक्ष्मी बस्नेत रेडियो नेपालमा लोकगीत गाइसकेकी प्रतिमा हुन् । दोलखा चरिकोटमै बसेर लोक तथा आधुनिक गीतमा साधानारत राजेन्द्र खरेल, कालिका पाठक, घनश्याम रिजाल, भुवन के.सी., जेनु बस्नेत र हाल विभिन्न ढङ्गले क्रियाशील अन्य गायकहरू मुना खड्का, सुदेशना खडका, नन्दलाल घतान, भगवान भुजेल, उद्धबप्रसाद पोखरेल, सुशील बस्नेत, केशवराज चौलागाइँ, प्रल्हाद सुवेदी, पूर्ण शेर्पा, टीकाबहादुर जिरेल, टीका दहाल, माधव खड्का, शिवहरि पोखरेल, तारा चौलागाई नीता शिवाकोटी, कृष्ण श्रेष्ठ आदि पनि यहाँका उदाउँदा प्रतिभाका रूपमा देखिएका छन् ।

### ५. साहित्यिक सम्भावना बोकेको जिल्ला दोलखा

साहित्यमा प्रकृतिलाई विम्ब वा प्रतिकका रूपमा प्रयोग गरिन्छ । आञ्चलिक साहित्यमा त यसले विषयवस्तुको भावभूमि ने चिनाउन पद्दत गर्दछ । प्रकृतिवादी साहित्यकारहरूका लागि आँखामा देखिने प्राकृति परिदृश्यहरू सम्वादका साथी हुन सक्छन् । मानवीय पीडा र भावनाका सुसेलीहरू तीनै प्रकृतिको काखमा सुसेलिन्छन् र कवि एवं साहित्यकारहरूका भावनाहरू प्रखर भएर उठ्छन् । यो वरदान दोलखा जिल्ला र यहाँका साहित्यकारहरूले पाएको देखिन्छ । ऐतिहासिक गौरीशङ्कर हिमाल, च्छोरोल्पा, तामाकोसी, कालिञ्चोक भगवाती, दोलखा भीमसेन, शैलुङ्ग, आदि साहित्यमा वग्न सक्ने क्षेत्र हुन् । यहाँको विविधतापूर्ण बसोवास र लोकसंस्कृति

सबैका लागि रुचिको विषय बन्ने कुरा पनि निश्चित प्रायः छ । त्यसकारण साहित्यको विकासका लागि यहाँ धेरै अनुकूलताहरू भेटिन्छन् ।

## ६. साहित्य विकासमा संस्थागत थालनी

साहित्यको विकासमा व्यक्तिगत रूपमा प्रशस्त अभ्यास गरिएको भएता पनि पुराना र नयाँसर्जकहरूलाई साहित्यको डबलीमा एकसाथ उभ्याउने र साधनामा निखार ल्याउन र सिर्जित सिर्जनालाई सबैका माझ पुऱ्याउनका लागि ठोस रूपमै संस्थागत प्रयासको थालनी नभैरहेका कुरालाई ह्रदयङ्गमा गरी साहित्यानुरागी व्यक्तित्व श्री चोकबहादुर दाहालको अध्यक्षतामा वि.सं. २०४७ सालमा दोलखा साहित्य समाज नामक संस्थाको जन्म भयो । यस संस्थामा अन्य महत्वपूर्ण संस्थापकहरूमा कृष्णबहादुर गौतम, ध्रुब घिमिरे, टीकाराम मुलिचा, विष्णु सेवेदी, एबिसि आदि थिए । यो संस्थाले दोलखाली सर्जक र स्रष्टाहरूलाई निकै उत्साहित तुल्यायो । तर संस्था आफै भने नियमित र निरन्तर भएर माथि उठ्न सकेन । संस्थाका सदस्यहरू छिन्नभिन्न गए । नेतृत्वपङ्क्तिमा एकाथरि अनुहार बिदा हुँदा र संस्थालाई थाम्न सक्ने अर्काथरि अनुहारहरू नदेखिँदा संस्थाले भोग्नु पर्ने नियति नै यहि हो । जे होस् दोसास नै यस्तो पहिलो संस्था थियो, जो दोलखाली माटोमा पहिलोपटक साहित्यिक नेतृत्व वगर्न ताम्सिएको थियो । त्यसो त साहित्यलाई सामाजिक परिवर्तनको माध्यमको रूपमा विकसित गरी स्वस्थ, सुसंस्कृत बिचारहरू प्रदान गर्ने उद्देश्यले वि.सं. २०५७ सालमा यहाँका प्रगतिशील साहित्यकारहरू श्री जीत कार्की, विष्णु सुवेदी, कुलबहादुर खड्का (ठुल्दाइ -मोरङका साहित्यकार जो त्यतिबेला दोलखामा राष्ट्रसेवामा संलग्न हुनुहुन्थ्यो), रामप्रसाद सापकोटा, शङ्करलाल श्रेष्ठ, केशव खतिवडा, कालिका पाठक, तारा पन्त, विश्वमणि चौलागाई आदिको सक्रियतामा र प्रगतिशील लेखक सङ्घका तत्कालीन केन्द्रीय सदस्य श्री रमेश भट्टराईको उपस्थितिमा प्रगतिशिल लेखक संघ दोलखा शाखा नामक साहित्य संस्थाको पनि विधिवत गठन भएको पाइन्छ । स्थापना कालको जोसजाँगरलाई यसले अविच्छिन्न रूपमा साँच्न नसके पनि यस संस्थाले हाल सम्म कुनै न कुनै साहित्यिक गतिविधि सञ्चालन गर्दै आएको पाइन्छ । हाल साहित्यकार गीता शिवाकोटीको अध्यक्षतामा सक्रिय यस संस्थाले गौरीशंकर सामुदायिक पुस्तकालयमा प्रलेस दोलखा नामक भित्ते पत्रिका सञ्चालन गरिरहेको छ । साझा मञ्चको रपमा स्थापित दोसासको आसामयिक विघटनपछि सर्जकहरूले फेरि पनि एउटा साझा साहित्यिक डबलीको अभाव महसुस गरे । यस्तो अभावलाई पूर्ति गर्न तम्सिए यहाँका युवा र अग्रज

साहित्यकारहरू परिणामस्वरूप वि.सं. २०६१ साल मार्ग १० गते दोलखा साहित्य सङ्गम नामक संस्था जन्मिन पुग्यो । यस संस्थालाई जन्माउन साहित्य कार्यक्रमको आयोजना गऱ्यो कालिञ्चोक भूतपूर्व विद्यार्थी समाजले । साहित्यानुरागी श्री कृष्णबहादुर गौतमको अध्यक्षतामा गठित उक्त तदर्थ समितिमा चिरञ्जीवि मस्के, पुष्करनाथ पोखरेल, शङ्करलाल श्रेष्ठ, जीत कार्की, गीता शिवाकोटी, चिनीमैँया श्रेष्ठ, विश्वास भण्डारी, ईश्वरी दाहाल, राधाकृष्ण चापागाई र हरि खनाल समेतको संलग्नता रहेको थियो ।

## ७. दोलखा साहित्य सङ्गमको गतिविधि

तदर्थ समितिको रूपमा गठित यस संस्थाले आफ्नो साहित्यिक गतिविधि संचालन गर्ने प्रयत्न गरे पनि २०६१ साल माघ १९ पछिको बन्द वातावरणले सिर्जना गरेको कालो बादलको कारण सर्जकहरू केही समय अल्मलिन पुगे । तरपनि यस संस्थामा आबद्ध साहित्यकारहरूले अविराम लाकतन्त्रको पक्षमा बुलन्द आवाजहरू सुसेली रहे । संस्थालाई अझ सङ्गठित तुल्याउन २०६२ असारमा यस संस्थालाई जिल्ला प्रशासन कार्यालय, दोलखामा विधिवत रूपमा दर्ता गरियो । पहिलो साधारण सभाबाट साहित्यकार शङ्करलाल श्रेष्ठका अध्यक्षतामा निर्वाचित कार्यसमिति निरन्तर रूपमा साहित्यिक सिर्जनामा साधनारत छ । २०६३ साल असार २९ गते भानु जयन्तीको पावन अवसरमा सम्भवतः नेपालकै साहित्य वृत्तामा नौलो लाग्ने शलोक दोहोरी प्रतियोगिता समेत यस संस्थाले आयोजना गरेर नयाँ र मौलिक प्रकारको गतिविधिमा अग्रसर रहेको सङ्केत दिएको थियो । त्यस्तै जनआन्दोलन २०६२/०६३ को केही समयपछि दोलखा साहित्य सङ्गमले नयाँ नेपाल निर्माणमा कविहरूको आवाज नामक कवि गोष्ठिको आयोजना गरेर कवि, लेखक तथा साहित्यकारहरूको ऐतिकसिक जिम्मेवारी आएको सङ्केत दिएको थियो । त्यसै वैचोरिक निरन्तरता र दोलखा साहित्य सङ्गम, इन्द्रेणी साहित्य समाज काठमाडौं र प्रगतिशील लेखक संघको सुझबुझको परिणमबाट ऐतिहासिक दोलखा साहित्य सम्मेलनको आयोजना हुन सकेको अनुमान गर्न सकिन्छ ।

### ऐतिहासिक दोलखा साहित्य सम्मेलन र त्यसपछिका गतिविधिहरू:

दोलखा साहित्य सङ्गम, इन्द्रेणी साहित्य समाज काठमाडौं र प्रगतिशील लेखक संघ दोलखाको संयुक्त आयोजनामा वि.सं. २०६३ साल माघ २६-२८ गते चरिकोटको माटोमा एउटा महत्वपूर्ण राष्ट्रिय साहित्य सम्मेलनको आयोजना गरियो । नयाँ नेपालको परिकल्पना र साहित्य लेखन नामक उक्त कार्यक्रमको महत्व कार्यक्रम

आयोजना भएकै कारणले मात्र नभई त्यस सम्मेलनमा जारी गरिएको दोलखा घोषणापत्रका कारणले ऐतिकासिक रहेको छ । वरिष्ठ कवि बैरागी काइँलाको प्रमुख अतिथ्यमा आयोजित उक्त साहित्य सम्मेलनमा नयाँ नेपालको निर्माणका लागि कवि तथा लेखक साहित्यकारका भुमिका खोजिएको थियो । साहित्यकार ईश्वरचन्द्र ज्ञवाली, सुधा त्रिपाठी र डा. गोविन्द भट्टराईका कार्यपत्र प्रस्तुती र लेखक तथा साहित्यकार खगेन्द्र संग्रौला, यज्ञनिधी दाहाल र डा. गोविन्द पौडेलले गरेको टिप्पणीले सम्पूर्ण कवि तथा लेखकहरूको मथिङ्गल मात्र खियाएन अन्तिम दिन अर्थात माघ २८ गते सातबुँदे दोलखा घोषणापत्र पनि जारी गरायो । घोषणाको पृष्ठभूमिलाई प्रष्ट्याउँदै भनिएको छ- 'हामी प्रगतिशील लेखक संघ दोलखा जिल्ला शाखा, इन्द्रेणी साहित्य समाज, काठमाडौं दोलखा सहित्य सङ्गम, दोलखाको संयुक्त आयोजनामा मिति २०६३ माघ २६ देखि २८ गतेसम्म ऐतिहासिक पर्यटकीय नगरी भीमेश्वर नगरपालिकामा सम्पन्न नयाँ नेपालको परिकल्पना र साहित्य लेखन सम्मेलनका सम्पूर्ण सहभागी कवि, कवयित्री कथाकार, निवन्धकार, नाटककार, गीतकार, कलाकर्मी र सांस्कृतिक संघ संस्थाहरू नेपालको नयाँ सन्दर्भ र परिवेशमा साहित्य-संस्कृतिको भूमिकालार्य पुनर्परिभाषित गर्न र लोकतान्त्रिक संस्कृतिको स्थापनाको निम्ति अहं जिम्मेवारी बोध गर्दै यो दोलखा घोषणापत्र जारी गर्दछौं' । कविहरू श्याम, चङ्गी श्रेष्ठ, काकुर बेलवासे टिपोटकर्ता र मस्यौदाकर्ता रहेका घोषणापत्रका बुँदाहरू निम्ननुसार रहेका छन्-

१. नयाँ नेपाल निर्माण र संवर्द्धनका लागि दीर्घकालसम्म लोकतान्त्रिक गणतन्त्र पक्षधर संस्कृतिकर्मीहरूको एकताबद्ध हस्तक्षेप अनिवार्य छ भन्ने कुरामा हामी विश्वास राख्दछौं ।

२. सिर्जनाका सबै विधाहरूमा श्रम संस्कृति र मानवीय मूल्यको स्पष्ट अङ्कन गर्नुपर्छ र आम पाठक र स्रष्टाहरूबीच प्रत्यक्ष संवाद स्थापना गर्न विशेष पहल गरिनुपर्छ भन्ने मान्यता राख्दछौं ।

३. लोकतान्त्रिक मूलय प्राणालीलाई सिर्जनाका सबै विधाहरूमा प्राथमिक शर्तका रूपमा अङ्गीकार गर्दछौं ।

४. महिला, बालबालिका, दलित, उत्पीडित, अल्पसङ्ख्यक, जनजातिहरूको भाषिक र अभिव्यक्तिको नैसर्गिक अधिकारलाई सुरक्षित र संरक्षित गर्दै प्रवर्द्धन गर्नमा व्यक्तिगत तथा संस्थागत रूपले पहल गर्न प्रतिवद्धता व्यक्त गर्दै भाषिक तथा सांस्कृतिक विकासका निम्ति पर्याप्त अवसर सिर्जना गर्न राष्ट्रिय नीति तर्जूमा गरी

कार्यान्वयन गर्नुपर्छ भन्ने आग्रह राख्दछौं ।

५. सदियौं पुरानो सामन्तवादी संस्कृतिका अवशेषका रूपमा रहेको राजतन्त्रलाई समूल विस्थापन गर्न हाम्रो रचनात्मक क्रियाशीलता अनिवार्य छ भन्ने कुरा अनुभव गर्दछौं

६. नयाँ नेपाल भन्नाले सदियौं पुरानो सामन्ती संभ्रन्त कुलीनतन्त्र र त्यसमा आधारित मूल्यको विघटन गरिएको तथा विकेन्द्रीकृत, स्वशासित, संघीय र स्वाधीन नेपाल हो भन्ने हाम्रो ठहर छ ।

७. विद्युतीय र छापा माध्यमलाई लोकतान्त्रिक मार्गमा अग्रसर गराई अहिलेको विशष्ट सन्दर्भलाई पक्षपोषण गर्ने खालको नयाँ भाषा, शैली र प्रस्तुती अङ्गीकार गर्न हामीले हस्तक्षेप गर्नुपर्छ भन्ने बोध गरेका छौं ।

उल्लिखित सातबुँदे घोषणापत्रमा हस्ताक्षर गर्नेहरूमा साहित्यकार तथा लेखहरू गोपेन्द्र पौडेल, वैरागी काइँला, श्रवण मुकारुङ, मातृका पोखरेल, हरि गोविन्द लुइँटेल, बेन्जु शर्मा, यज्ञनिधि दाहाल, हेमनाथ पौडेल, सुधा त्रिपाठी, खगेन्द्र संग्रौला, ज्ञानुवाकर पौडेल, निनु ्चापागाई, मञ्जु काँचुली, जयदेव, स्नेह सायमी, आदि थिए दोलखा घोषणापत्रलाई कार्यान्वयन गर्ने बाचा गर्दे समाप्त भएको त्यस ऐतिहासिक साहित्य सम्मेलनले दोलखाको साहित्यलाई सदैव जीवन्त बनाइराख्न मद्दत पुऱ्याउने आशा राख्न सकिन्छ ।

राजधानीबाट राहित्य सम्मेलनमा सहभागी हुन आएका कतिपय लेखक तथा साहित्यकारहरूले दोलखा घोषणापत्रकै मूल मर्मलाई आत्मसाथ गर्दै कलम चलाइरहेको देखिए पनि यसको देशव्यापी प्रचारप्रसार भने उल्लेख्य रूपमा हुन सकेको पाइँदैन । सम्मेलनपश्चात् जिल्लामा पनि खासै अर्को उल्लेख्य कार्य हुन नसकेपनि साहित्यकारहरूले छिटफुट रूपमा पत्रपत्रिका मार्फत घोषणापत्रका मूलमर्महरूलाई पक्षेपण गरिरहेको यथार्थ अनुभव गर्न सकिन्छ । त्यस्तै दोलखाका साहित्यलाई अझै सङ्गठित बनाउने क्रममा इन्द्रेणी साहित्य प्रतिष्ठानले दोलखाको समकालीन साहित्य (२०६४० नामक साहित्यिक कृति बजारमा ल्याएको छ भने सपनामाथि उभिएर (२०६४) नामक -गजल, गीत र कवितासङ्ग्रह) कृतिमार्फत चिरञ्नजीवि मास्के, भोजराज न्यौपाने र विष्णु सुवेदीको साहित्यिक त्रिवेणी सुसाएको छ । पछिल्ला समयमा गजल विधामा अभ्यस्त कवि जीत कार्कीको गजलसङ्ग्रह आस्थाका हिउँचुलीहर (२०६४) ले गजललार्य समसामयकि विषयवस्तुसँग सामिप्यमात्र बनाएको छैन पछिल्ला पुस्ताहरूलाई बहर (छन्द) को बाटोमा डोऱ्याउन समेत उत्प्रेरित तुल्याएको छ । सहित्य सम्मेलनको प्रभाव पछिल्ला पिंढीहरूमा पनि

सकारात्मक ढङ्गले पर्न थालेको देखिन्छ । यहाँबाट निस्कने साप्ताहिक पत्रिकाहरू विशेषतः शैलुङ्गको सूर्य, जनरञ्जन र कालिञ्चोक सन्देश र दोलखा समाचार पत्र मार्फत प्रकाशन हुन थालेको सिर्जनाले यसको पुष्टि गर्दछ ।

साहित्यिक कार्यक्रमहरू फाटफुट भईरहे पनि घोषणापत्रकै आसयसँग जाने गरी भने खासै साहित्य अभियान हुन सकेको देखिदैन । तर सम्भावनाका ढोकाहरू उघ्रिसकेकाले अब दोलखाको साहित्य अझै सशक्त ढङ्गले माथि उठ्ने कुरा भने निश्चित छ । दोलखा बाहेक राजधानीमा बसेर साहित्य सिर्जना र साधनामा अभ्यस्त साहित्यकारहरूको संस्थागत डबली इन्द्रेणी साहित्यिक समाजप्रति पनि यहाँका साहित्यकारहरू गर्व गर्दछन् । यो संस्थाले काठमाडौंमा साहित्यिक गतिविधिहरू गरिरहेको छ । दालेखा साहित्य सङ्गम जिल्लाका नवसर्जकदेखि स्थापित साहित्यकार सम्मलाई एउटै डबलीमा प्रस्तुत गरेर साहितय साधकहरूको भरपर्दो चौतारी बनिसकेको देखिन्छ ।

दोलखमा भएको साहित्य सिर्जना दोलखाको मात्रै पटक्कै होइन । यो त सिङ्गो नेपालकै भाषा, साहित्यको इँटा हो । यो कुरालाई यहाँका राजनीतिक वृत्तदेखि सामाजिक तथा औद्योगिक क्षेत्रसम्मका व्यक्तिहरूले हृदयङ्गम गर्नुपर्दछ । यसो हुनसके दोलखामा बलेको साहित्यिक आलोकले दोलखालाई सर्वत्र चिनाउने छ र यो साहित्यको फाँटमा पनि दर्शनीय जिल्ला बन्ने छ ।

## ४.४ कथा कृतिको अध्ययन

कथा केही कुरा कहनु वा भन्नु अथवा कथेर बताउनु भन्ने अर्थ लाग्दछ । आजको कथा लोककथाको उत्तराधिकारी विधा हो । लोककथामा जन सामान्य का सुख, दुःख का अनुभव र अनुभूतिहरू, विभिन्न आवेग, संवेग तथा असन्तुष्टिहरू तथा मानवीय संवेदनका स्तरमा रहने विविध शाश्वतभावहरू रहेका हुन्छन् । कथाको प्रारम्भ मानिसको भाषिक अभिवक्तिको विकास सँगै भएको देखिन्छ । कथालाई मानव सभ्यताको सेवाहरू तथा मानव इतिहासको साक्षी विधा मानिन्छ । कथालाई ऐतिहासिक, मनोवैज्ञानिक, राजनैतिक, रहस्यवादी लोक कथात्मक आदि प्रकारहरू रहेका छन् ।

नेपाली कथाको सुरुवात १९५७ साल देखि भएको पाइन्छ । १९५८ देखि शरदापूर्व सम्म माध्यमिक काल र वि.सं. १९९१ वा शारदा पत्रिकाको प्रकाशन पछि नेपाली कथाको आधुनिक काल मानिन्छ । आधुनिक नेपाली कथाको प्रमुख धाराहरूमा सामाजिक यथार्थवादी धारा, मनोवैज्ञानिक यथार्थवादी धारा, प्रगतिवादी धारा

प्रयोगवादी धारा प्रमुख रूपमा रहेका छन् ।

### ४.४.१ नेपाली कथामा प्रगतिवादी धाराको उद्भव र शङ्करलाल श्रेष्ठको प्रवेश

कथाकार रमेश विकलको गरीव २००६ बाट समाजवादी यथार्थवादी वा प्रगतिवादी कथाको प्रारम्भ भएको हो । यस धाराका प्रमुख कथाकारहरूमा रमेश विकल १९८५, बालकृष्ण पोखेल १९९०, डि.पी. अधिकारी १९८२, माधव भण्डारी १९९३, कृष्ण प्रसाद सर्वहारा १९८३, खगेन्द्र संग्रौला २००३, हरिहर खनाल २००३, विनयकुमार कसजु २००४, ऋषिराज बराल २००९, इस्माली २०१३, नारायण ढकाल २०१० आदि रहेका छन् ।

कथाकार रमेश विकलको पहिलो कथा गरीव २००६ हो । यिनका विरानो देशमा (२०१६), नयाँ सडकको गीत (२०१९) तेह्र रमाइला कथाहरू (२०१९) आज फेरि अर्को तन्ना फेरिन्छ (२०२४) एउटा बुढो भ्वाइलेन आरावरीको धुनमा (२०२५), अगेनाको डोलमा, उर्मिला भाउजु (२०४३) एक्काइस रमाइला कथाहरू, शव शालिक र सहसु बुद्ध (२०४३) आदि कथा सङ्ग्रह प्रकाशित छन् ।

समाजवादी यथार्थवाद वा प्रगतिवादी कथामा सामाजिक असमानता, र भेदभाव, आर्थिक विषमता र यसबाट उत्पन्न पीडा तथा मानिसका स्वार्थी तथा आडम्बवरी प्रवृत्तिको वर्णन, अन्धविश्वास, रुढि र थोत्रा सामाजिक मुल्य प्रति व्यङ्ग्य वर्गीय दृष्टिकोण, समानतामुलक समाजको अपेक्षा उच्च वर्गका क्रियाकलाप प्रति घृणा र शोषित पीडित वर्गप्रति गहिरो सहानुभूति पाइन्छ । मगन्ते जीवन बिताउन वाध्य भएका छ्न । अन्धा, असहाय बालक, विवश वेश्या कुल्ली, दाउरे आदि पात्रका कारुणिक जीवनको सजिव चित्रण यस्ता कथामा पाइन्छ ।

बालकृष्ण पोखेल (१९९०) सोधाइ र जवाफ (२०२१), फुटेको ऐना २०२६ सुनगामा (२०२६) , कानेखुसी २०३३ आदि कथा सङ्ग्रहहरू प्रकाशित छन् । कथाकार पोखरेल नौलो पाइलो प्रकाशनताका मार्क्सवादी जीवनदृष्टि अनुसार समाजका समग्र पक्षलाई हेर्ने गर्दथे । झरौवादी आन्दोलनका अगुवा पोखरेलका प्रारम्भमा कथामा स्पष्ट प्रगतिवादी स्वर पाइन्छ ।

डि.पी. अधिकारी (१९८२), माउसुली (२०२२), लँगडो मान्छे २०२६ कथा सङ्ग्रह प्रकाशित छन् । वैचारिकता यिनको कथालेखनका विशेषताहरू हुन् । यिनले मानवेत्तर प्राणीलाई पनि बनाएर कथा लेखेका छन् । प्रसोकात्मकताका दृष्टिले यिनको माउसुली कथा उल्लेख्य छ । विपन्न वर्गप्रति सहानुभूति, सामाजिक भेदभाव र कुरीतिको चित्रण, आर्थिक दुरावस्थाले सृजना गरेको विषक्त स्थिति यिनका

कथाका विषय वस्तु हुन् ।

माधव भण्डारी (१९९३) माइत (२०१३) शीर्षकको कथाकार आधुनिक नेपाली कथामा देखा परेका भण्डारीका नेपाली कथा भाव -१ (संयुक्त २०१५) गाउँघर, ( २०२५) , माधव भण्डारीका कथाहरु (२०४०) कथासङ्ग्रह प्रकाशित छन् । ग्रामीण समाजको वर्णन सामान्य पाचहरूलाई लिएर  समाजका मार्मिक पक्षको उद्घाटन, कुरीति र आडम्वरको विरोध सरल भाषा, वर्णनमा प्रभावकारिता कथाकार भण्डारीका वैशिष्ठय हुन् । एक टपरी भात यिनको उत्कृष्ट कथाहरू मध्ये एक हो ।

कृष्ण प्रसाद सर्वहारा (१९८३) यिनका कथासङ्ग्रहहरू दुई देशका सलाई (२०१३) दर्वारकी केटी (२०१८) प्रेमको हत्या, विद्रोही आँसु आदि हुन् । यिनले काठमाडौं र यसको वरिपरिको स्थानलाई कथाको विषय बनाएका छन् । यिनका कथामा वर्गीय दृष्टिकोण, वर्ग इच्छा आर्थिक तथा सामाजिक शोषण , नारीका समस्या, क्रान्ति र परिवर्तनको अपेक्षा, वैचारिक आग्रह आदि पाइन्छ ।

खगेन्द्र सङ्ग्रौला (२००३) यिनको पहिलो कथा अव्यक्त प्रेम भिजेको रुमाल ( २०२३) हो । यिनका नलेखेको इतिहास (२०३६), हाँडी घोप्टेको जीतवाजी (२०४१) सेतेको संसार (२०४१) कथा सङ्ग्रह प्रकाशित छन् ।  २०३० अघि र पछिका यिनका कथाको रूप र शैलीमा भिन्नता पाइन्छ । २०३० साल अघि र पछिमा यिनका कथाका रूप र शैलीमा भिन्नता पाइन्छ । २०३० साल अघिका कथामा  परम्परित शैली र परिपाटीबद्ध कथा ढाँचा पाइन्छ भने यसपछिका कथामा विम्व प्रतीक र संकेत र कही कही स्वैरकाल्पनिकताको पनि प्रयोग पाइन्छ । वर्गीय दृष्टिकोण सैद्धान्तिक प्रतिबद्धता अपेक्षा, व्यङ्ग्यात्मकता विस्तृत सामाजिक परिवेश पात्रका सामाजिक नयाँ मनोवैज्ञानिक सन्दर्भको वर्णन वर्णनात्मक शैली घटनाप्रधान कथा वस्तु उनका कथाका उल्लेख्य पक्ष हुन् ।

हरिहर खनाल (२००३) का पहिलो कथा जुनको प्रकाशमा सूर्यलाई निम्त्याएर ( २०२४) हो । यिनको अजम्वरी गाउँ (२०३७) आकाश हुने डाँडोमुनि (२०३०) देश परदेश (२०४६) र रमका छिर्का कथासङ्ग्रह प्रकाशित भएका छन् ।

यिनले सामाजिक विकृति विसंगति र शोषणलाई वर्गीय आधारमा प्रस्तुत गरेका छन् । सामन्ती समाजका मान्यताबाट ग्रस्त नारीहरूका समस्या भूमिहिन किसान सुकुम्वासी र न्यून वैज्ञानिक देखापरेका युद्ध र अशान्तिबाट उत्पन्न पीडा आदिको वर्णन यिनका कथामा पाइन्छ । ग्रामीण तथा अकिसिन शहरी परिवेशलाई आधार बनाएर कथा लेख्ने कथाकार खनाले शहरीकृत हुँदै गरेको सामाजिक परिवेशका

विसंगतिहरूलाई सुन्दर ढंगमा प्रस्तुत गरेका छन् । वैचारिकता बहिमुर्खी जीवन दृष्टि परम्परित कथाशैली, सरल, सहज र चोखो भाषिक प्रस्तुति आदि यिनका कथाका वैशिष्ठ्य हुन् ।

विनयककुमार कसजु (२००४) , २०३० देखि कथाका क्षेत्रमादेखा परेका कथाकार कसजुको पशुतन्त्र (२०३९, सत्य कुरा कथा सङ्ग्रह प्रकाशित छन् । प्रगतिवादी कथा परम्परामा कथाकार कसजुको आफ्नै वैशिष्ठ्य छ । शैलि र प्रस्तुतिको नवीनता तथा कथाको संरचनामा मौलिकता नै यिनका कथाका उल्लेख्य पक्ष हुन् । यिनले अति लघु आयममा जीवनको कुनै एक विशिष्ट सन्दर्भमाथि टिप्पणी प्रस्तुत गरेका छन् । यिनका कथामा सामाजिक असमानता र विसंगतिमा केन्द्रीत छन् भने केही कथा प्रकृतिमा देखापरेका असंगति र वेमेल माथि लक्षित छन् । यिनले मावनीय तथा मानवेत्तर (जड र चेतन) पात्रहरूका माध्यमबाट मानवीय समस्या र विषमतामूलक सामाजिक संरचना माथि व्यंग्य प्रहार गरेका छन् । झीनो आख्यान, सुक्ष्म परिवेश प्रतिकात्मकता संक्षिप्त कथन, प्रयषेगशीलता आदि उनका विशेषताहरू रहेका छन् ।

ऋषिराज वराल (२००९) वि.सं. २०३१ सालदेखि कथा लेख्न थालेका बरालका कथाहरूमा यिनका गाउँको कथा भन्छ हैन (२०४२) भग्नावशेष (२०४४) वयान (२०४४) वनमान्छेका कथा (२०५४) कथा सङ्ग्रहहरू प्रकाशित छन् । कथाकार बरालका कथामा ग्रामीण तथा शहरी जीवनमा देखापरेका आर्थिक समस्या, विषम समाजिक संरचना र वर्गीय विषमताका कारणबाट उत्पन्न अमानवीय व्यवहार र राजनीतिक क्षेत्रमा देखापरेका विसंगतिको मार्मिक वर्णन पाइन्छ । यिनका कथामा सर्वहारा वर्गीय दृष्टिकोण स्पष्ट रूपमा मुखरित भएको हुन्छ । यिनले विद्यमान आर्थिक संरचना र सामाजिक रूपान्तरणका क्रममा देखापरेको विचलनलाई आफ्ना कथाको विषय बनाएका छन् । परम्परित कथा ढाँचालाई अँगालेर पनि विषयको प्रतिपादनमा मौलिकता कथाकार बरालको विशेषता हो ।

इस्माली (२०१३) यिनले २०३१ देखि कथा लेख्न थालेका हुन् । यिनको एउटा कथा सङ्ग्रह प्रकाशित छ । अन्य थुप्रै कथाहरू संकलन हुन बाँकी छन । यिनले ग्रामीण तथा शहरीया दुवै परिवेशलाई आफ्ना कथामा प्रसतुत गरेका छन् । आर्थिक सामाजिक संरचनाले ल्याएका विकृति र वर्गभेदका कारणबाट उत्पन्न शोषण(ाको वर्णन, वर्गीय पक्षधरता, स्पष्ट वैचारिक दृष्टिकोण, परिवेशको विस्तृत संस्थापन आञ्चलिकता , कथाको कलात्मक प्रस्तुति र शैलीमा विविधता र नौलोपन यिनका

विशेषता हुन् ।

नारायण ढकाल २०१०, यिनले २०३० देखि कथा लेख्न थालेका हुन् । बुट पालिस अभियानका एक सक्रिय सदस्य ढकालको शहर यन्त्र (२०५०) कथा सङ्ग्रह प्रकाशित छन् । कथाकार ढकालले निम्न मध्यम वर्गको शहरीया जीवनका अस्थिरता र श्रमको शोषणबाट उत्पीडित शहरिया विपन्न वर्गको दिनचर्यालाई आफ्ना कथाको विषय बनाएकाा छन् । यिनका कथामा काठमाडौंको वरिपरिको ग्रामीण समाजको पनि वर्णन पाइन्छ ।

सामन्ती मानसिकताबाट उत्पीडित नारीहरूको अवस्था र आधुनिक चेतना प्राप्त गरेका नारीहरूको भडकिलोपन दुवैलाई यिनले आफ्ना कथामा सुन्दर रूपमा प्रस्तुत गरेका छन् । बहिर्मुखी दृष्टि र स्थुल परिवेशलाई लिएर पनि घटनाको पृष्ठभूमि र पात्रको मनोदशाको सवन्वित उपस्थिति यिनका कथाको उल्लेखनीय प्राप्ति हो ।

यस धारामा श्यामप्रसाद शर्मा, शान्तनुपन्त नेपाली, गोविन्द प्रसाद लोहनी, भवानी घिमिरे, यज्ञप्रसाद आचार्य, देवमणि ढकाल, पासाङ गोपर्मा, वीरेन्द्र खुँजेली , कोषराज रेग्मी, चुडामणि रेग्मी, वल्लभमणि दाहाल, मदन कृष्ण प्रसाई, विन्दुप्रसाद नेपाली, जगदिश नेपाली, द्रोणाचार्य क्षेत्री, पारिजात (२०३० पछि) आदि कथाकारहरूको पनि उल्लेख्य योगदान रही आएको छ । प्रगतिवादी विचारधारालाई विभिन्न शैली र संरचनामा प्रस्तुत गर्ने कथाकारहरू द्रोणाचार्य क्षेत्री, घनश्याम, ढकाल, रामहरी पौडेल, कविताराम राजव, सरोज ओली, निर्मोही ब्यास, पूर्णविराम, कुन्ता शर्मा, विजय चालिसे, सञ्जय थापा, तीर्थ नेउपाने, हरिगोविन्द लुइटेल, तारा गाउँले, देवीका तिमिल्सिना, नकुल सिलवाल, ऋषि राम भुसाल, राजेन्द्र श्रेष्ठ, लीला श्रेष्ठ, कपिल लामिछाने, पुण्य खनाल, भाष्कर अमर शाह आदि देखिएका छन् ।

शङ्कुरलाल श्रेष्ठ वि.सं. २०३९ साल देखिनै कथा लेख्न थालेका हुन् । यिनको एउटा कथा सङ्ग्रह ‘बाबा ! जून टिपिदिनुस् न !’ प्रकाशित छ । अन्य थुप्रै कथाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । यिनले ग्रामीण परिवेशलाई कथामा प्रस्तुत गरेका छन् । आर्थिक सामाजिक संरचनाले ल्याएका विकृति, वर्गभेदका कारणबाट उत्पन्न शोषणको वर्णन आफ्ना कथामा प्रस्तुत गर्ने गरेका छन् ।

नेपाली कथाको विकासक्रममा वि.सं. २००६ देखि शुरुवात भएको प्रगतिवादी धाराका केही मुख्य विशेषताहरू रहेका छन् । जुन निम्नानुसार उल्लेख गर्न सकिन्छ

- मार्क्सवादी सिद्धान्त तथा सामाजिक विकासका आधुनिक सिद्धान्तबाट प्रेरणा

- वर्गीय दृष्टिकोण, समानतामुलक समाजको अपेक्षा
- वर्ग द्वन्द्व, आर्थिक तथा सामाजिक शोषण
- क्रान्तिकारी भावना, विद्रोही स्वर र परिवर्तनको अपेक्षा
- आर्थिक विषमता र यसबाट उत्पन्न पीडा
- पुरानो नयाँ पुस्ताका दृष्टिकोणका वीच द्वन्द्व
- रुढिवादी परम्परा, सामन्ती व्यवस्था र थोत्रा सामाजक मूल्यप्रति व्यङ्ग्य
- आदर्शवादी नीतिवादी दृष्टिकोणको वहिष्कार
- सामाजिक असमानता र भेदभाव कुरीतिको चित्रण
- विपन्न वर्गका व्यक्तिहरूको अवस्थाप्रति गहिरो सहानुभूति
- उच्च वर्गका क्रियाकलाप, भोगलिप्सा, स्वार्थी तथा आडम्वरी प्रवृत्तिप्रति घृणा
- आर्थिक दुखवस्थाले सृजना गरेको विषाक्त स्थितिको चित्रण
- जीवनको मूल्यहीनता, अस्तित्वहीनता र शुष्कपनाको वर्णन
- नारीको दयनीय अवस्था, कारुणिक जीवन र दुखान्तक स्थितिको वर्णन
- युवायुवतीमा हुने प्रणयसम्बन्धी आकर्षण, वियोग र वेदना
- वैचारिकताको आग्रह
- योजनाबद्ध कथावस्तुको विकास
- घटनाको विस्तृत विवरण वर्णनात्मक प्रस्तुति
- परम्परागत कथाशैली, इतिवृत्तात्मक प्रस्तुति
- उद्देश्यमुलक कथा संरचना
- स्थानीय भाषा र स्थानीय परिवशेको प्रभावकारी चित्रण

### ४.४.२ ⊔वावा ⊔ जून टिपिदिनुस् न ⊔ कथा सङ्ग्रहका कथाको शीर्षक चयन

वि.सं. २०२२ साल चैत्र २९ गते बुवा स्व. शेरबहादुर श्रेष्ठ र आमा विष्णुमाया श्रेष्ठका कान्छा छोरा शङ्करलाल श्रेष्ठ दोलखा जिल्लामा जन्मिएर एम.ए. र वी.एड. को अध्ययन पुरा गरी माध्यमिक विद्यालयमा एवं क्याम्पसमा समेत शिक्षण कार्य गरिरहेका शंकर संघ संस्थासँग आबद्ध हुनका अतिरिक्त साहित्यतर्फ पनि उनको रुची रहेको छ । साहित्यका एउटा असल पाठक न हुँदै हुन् । त्यसका अतिरिक्त पत्रपत्रिका मार्फत कथाका माध्यमले साहित्यका पाठकमाझ पुग्ने गरेको नाम

शङ्करलाल श्रेष्ठ हो । तिनै शङ्करलाल श्रेष्ठको पहिलो कथा सङ्ग्रहको नाम हो 'वावा ! जून टिपिदिनुस् न !' ।

यो उनको साहित्यिक जीवनको प्रथम पुस्तकको रूपमा प्रकाशित कृति हो र एउटा उदीपयमान स्रष्टाको प्रथम पुस्तक रहेको छ । वावा जुन टिपिदिनुस न कथा सङ्ग्रहमा जम्मा जम्मी ९ वटा कथाहरू मात्र समेटिएका छन् र ती कथाहरूमा सबै भन्दा लामो कथा विदेशको कल्पना हो भने सबभन्दा छोटो कथा आशाको त्यान्द्रो हो ।

यो कथाहरूमा विषयवस्तुको विविधता रहेकोछ र यी विविधताका बीचमा विपन्न जीवनको मार्मिकताले उभिने अवसर पाएको छ । विपन्न जीवनका व्यथाहरू पनि विभिन्न स्वरूपका छन् कुनै नरनारीहरूले समान रूपमा भोगेका व्यथाहरू सल्वलाएका छन् । त कतै तिनले एक्ला एक्लै भोगेका व्यथाहरू टिपिएका छन् । कतै तिनले आमा वावुका हैसियतले एक्ला एक्लै तथा संयुक्त रूपमा बोकेका व्यथाहरूलाई कथा बनाएर पोखेका छन् । कतै छोराछोरीका हैसियतले भोगेका विपन्नताका उकाली ओराली एवम् आशा निराशा तथा छातिका भक्कानाहरूलाई फुटाएर अक्षर र शब्दका टुक्रा बनाएर छरेका छन् । यस अर्थमा शङ्करलाल जीवनका सुखद् अनुभूतितर्फ भन्दा पनि दुःखद अनुभूतितर्फ बढी आकृष्ट देखिन्छन् । सधैं दसै मनाउनेहरूलाई के थाहा एक छाक मासु भात  पेटभरि खान र एकजोर नयाँ लुगा लगाउन पनि दसै नै पर्खिरहनु पर्नेहरूको वेदना वर्षभरमा एक छाक दसै नै नआउने पनि कति छन् कति । यस्ताहरूको पीडालाई टिप्ने प्रयत्न शङ्करलाल श्रेष्ठले गरेका छन् । विदेशको कल्पना वर्षमा एक छाक मेट्नेहरूको कथा हो भने ठूलो मान्छे र दसै त त्यही एक छाक पनि नभेट्नेहरूको कथा हो । यी कथामा सामाजिक यथार्थको वाह्य चित्रण मात्र नगरर नी पात्रहरूको मनोयथार्थको चित्रण पनि गरिएको छ । जसले कथालाई अझ बढी सम्प्रेषण र मार्मिक तुल्याएको छ ।

सौताले श्रीमान खोसेर तथा श्रीमानको मृत्युले एक्ला भएका निम्न वर्गीय नारीका सन्तान हुर्काउँदाको अभाव र दुखलाई शंकरले दसै र विदेशको कल्पना शीर्षकका कथामार्फत प्रस्तुत गरेका छन् । यी कथामा अझ उनले त्यस्ता नारीका आर्थिक समस्यालाई मात्र प्रस्तुत गरेका छन् । यी  कथामा अझ उनले त्यस्ता नारीका आर्थिक समस्यालाई मात्र प्रस्तुत गरेका छन् । त्यस्ता नारीलाई अधिक पीडित तुल्याउने अन्याय सामाजिक समस्याको त उठान नै गरेका छैनन् । कल्पना की सामाजिक पीडाको सीमीश्रत रूपलाई दसै की गोमा र विदेशको कल्पना की

हरिमायाको चरित्रमा समावेश गर्न सकेको भए ती कथाहरू अझ बढी चोटिला हुन सक्थे । नेपाली नारीको लैंगिक समस्यालाई उनले पर्दा शीर्षकको कथामा प्रस्तुत गरेका छन् । नेपालमा विद्यमान सामाजिक र आर्थिक कारण समेतले गर्दा नारीहरू परनिर्भर छन् जसका कारणले श्रीमान गुम्छकी भनेर उनीहरू चिन्तित बन्दछन् । श्रीमान गुमाएपछि हुने सामाजिक र आर्थिक असुरक्षाको कारणले नारीहरूलाई दासत्वमा पिंधिन वाध्य बनाएको छ । श्रीमान गुमेपछि आफ्ना हातमा केही बाँकी नरहने नेपाली नारीको विवश जीवन स्थितिले सिकाएको होशियारीको अभिव्यक्ति हो कथा पर्दा । उनका आफ्ना कथा मार्फत पुरुष मनको रहस्योद्घाटन पनि गरेका छन् । उनी त आमा पो रहिछन् र पर्दा शीर्षकका कथा मार्फत युवा पुरुषको एकान्त मनको पहिचानलाई प्रस्तुत गरेका छन् ।

सन्तान इच्छा मानव मात्रको मनको स्वप्न हो जुन भंग हुँदा उ दुःखी हुन्छ । सन्तानको चाहना हुनु र सन्तान हुनु सहज प्राकृतिक कुरा हो र त्यसको विपरित परिस्थिति असहज अप्राकृतिक कुरा हो । यसैले सन्तान भएको खुसियाली भन्दा नभएको दुःख चाहिँ कथा बन्ने गर्छ र उनले पनि त्यसलाई आफ्ना कथाको विषयवस्तु बनाएका छन् । 'अधुरो इच्छा' नारीको बाँझोपनको पीडा हो भने आशाको त्यान्द्रो , नारी र दुवैको कुण्ठाको प्रकरीकरण हो ।

आफू बालक हुँदाको आफ्ना बालक सन्तानको र समाजका अन्य निम्न वर्गीय उत्पीडित बालकको समेत अनुभूतिलाई गाँसेर उनले 'बाबा जुन टिपिदिनुस् न ठूलो मान्छे, दसै र त्यो भकुण्डो शीर्षकका कथाहरू लेखेका छन् । ठूलो मान्छे र दसै निम्न वर्गीय बालकका संवेदनासँग गाँसिएका कथा हुन् भने अन्य दुई कथा मध्यमवर्गीय बालकका रहरका कथा हुन् । ठूलो मान्छे र दसै मा बालक रहरले जीवनका ३ आधारभूत आवश्यकताका परिधिलाई नाघ्न सकेका छैनन् भने बाँकी दुई कथामा आधारभूत आवश्यकताका घेरा भन्दा बाहिरका छन् ।

'बाबा ! जून टिपिदिनुस् न !' को जून र 'त्यो भकुण्डो' को भकुण्डो कथामा प्रतिकात्मक रूपमा पनि आएका छन् । यिनले वर्तमान नेपालको राजनीतिक परिस्थितिको संकेत गरेका छन् । अघिल्लो कथामा छोराछोरीलाई जून चाहिएको छ र बाबु चाहिलाई त्यो चाहना आकाशको फल आँखा तरी मर तुल्य छ । कथाकारले विपनामा न त्यसको सम्भावना देखेका थिएनन् । नै सपनामा पनि त्यो आधा अपहरित भइसकेको छ । जुनले प्रजातन्त्रको अर्थ बोकेको छ जुन अब त सपनामा समेत पनि पुरा देखिन नसकी आधामात्र देखिएको छ । त्यस्तै बल्ल बल्ल कति

संघर्ष गरेर पाएको भकुण्डो मूल्य नबुझ्दा त्यसलाई कोठाको ढोका थुनेर बाबु आमाले मात्र खेल्न थालेको यथार्थ मार्फत वर्तमान नेपालको दरबार पसेको प्रजातन्त्रको प्रतिकात्मक प्रस्तुति गरिएकोछ र अघिल्लो कथाको जुन झैं पछिल्लो कथाको भकुण्डो पनि प्रजातन्त्रको प्रतिकका रूपमा आएको छ ।

निराधार कल्पनाका पछाडि कुद्ने युवा सुलभ भावुकता र रातारात चचाएका शिखरमा पुगिने अश्लिल विषयवस्तु भन्दा टाढा रही नेपालीहरूका विवश जीवनका मर्मलाई टपक्क टिपेका छन् । खोजेको कथा उडन्ते हुन्छन् । र भेटिएका कथा यथार्थ मर्मस्पर्शी हुन्छन् , जीवनका अत्यन्त निकट हुन्छन् तथा त्यस्तै कथाले नै पाठकका मनमा स्थायी प्रभाव छाड्न सक्तछन् । यसरी नै शङ्करलाल श्रेष्ठले आफ्नो बाबा जुन टिपिदिनुस् न कथा सङ्ग्रहमा नौ वटा कथाहरू संग्राहित गरेका छन् ।

### ४.४.३ बाबा जून टिपिदिनुस् न कथा सङ्ग्रहको कथाहरूको अध्ययन

शङ्करलाल श्रेष्ठको 'बाबा ! जून टिपिदिनुस् न !' २०६१ मा प्रथम पटक प्रकाशित भएको कथा सङ्ग्रह हो । यस सङ्ग्रहमा नौ वटा कथाहरू रहेका छन् । यसभित्र संग्रहित कथाहरू कुनै कुनै अन्य पत्रपत्रिकाहरूमा समेत प्रकाशित भएका हुन् भने कुनै कथाहरू पत्रपत्रिकामा अप्रकाशित रहेका छन् । ती कथाहरूको अध्ययन कथाका तत्वहरूमा आधारमा निम्न लिखित रूपमा विश्लेषण गरिएको छ :-

**क) कथानक**

शङ्करलाल श्रेष्ठको बाबा ! जून टिपिदिनुस् न ! कथा सङ्ग्रहमा संग्रहित कथाहरूमा विभिन्न घटनाहरू रहेका छन् । कथामा एकै विषयसँग सम्बद्ध विभिन्न घटनाहरूको योजनाबद्ध प्रस्तुति रहेको छ । यसमा निश्चित ढाँचामा उनिएका घटनाहरू रहेका छन् । कथामा विभिन्न घटनाहरूलाई कार्यकारण सम्बन्धका आधारमा प्रस्तुत गरिएकोछ ।

कथानकमा कार्यकारण सम्बन्धका आधारमा घटनाहरूको प्रस्तुति हुनेहुादा यसको उपस्थापनामा कथाकारको तर्क, कल्पना, शक्ति र बौद्धिकताको प्रसस्त प्रयोग भएको छ । यस कारणले पाठकमा जिज्ञासा, उत्कण्ठा तथा कौतुहल जन्माइदिएको छ । घटना विन्यासमा कथाकारको कौकशलको कारणबाट कथानकको विकासका क्रममा पाठकका आँखामा आंका द्विविधा भ्रम तथा संसयको सृजना भएको छ । पाठकका कृतिहरूलाई झकमक्याउने र रोचक ढंगमा पाठकलाई आकर्षित गर्न सक्ने सामर्थ्य यसमा रहेको छ । शङ्करलाल श्रेष्ठले देखेका सुनेका वा अनुभव गरेका घटनाहरूबाट कथानाकका निम्ति घटनाहरू लिएको पाइन्छ । कथामा स्थुल

घटनाहरूबाट सामाजिक यथार्थवादी तथा सामाजिक यथार्थवादी कथानकका निम्ति सामग्री प्राप्त गरे्को पाइन्छ । कथाका हरेक घटनाहरू निश्चितसमय क्रममा घटेका भए तापनि कथामा त्यस्ता घटनाहरू सोही समय क्रममा प्रस्तुत भएका छन् । उनका कथामा अघि घटेको घटनाहरूलाई अघि र पछि घटेको घटनाहरूलाई पछि प्रस्तुत गरेका छन् । अर्थात कथाको थालनीमा जुन घटनाको वयान छ, पछिका वयान गरिएका घटनाहरू सबै पछि नै घटेका छन् । उनको अधुरो इच्छा कथामा सन्तानको चाहना हुनु र सन्तान हुनु सहज प्राकृतिक कुरा हो र त्यसको विपरित परिस्थिति असहज प्राकृतिक कुरा हो । त्यसैले सन्तान भएको खुशीयाली भन्दा नभएको दुःख चाहिँ कथा भन्ने गरेको छ । उनले पनि त्यसलाई आफ्ना कथाको विषयवस्तु बनाएका छन् ।

**ख) चरित्रचित्रण**

शङ्करलाल श्रेष्ठले आफ्नो 'बाबा ! जून टिपिदिनुस् न ! कथा सङ्ग्रहभित्र संग्रहित कथाहरूमा कथावस्तु परिवेश भाषाशैली सुहाउने प्रकारका चरित्रहरूको छनौट गरेका छन् । चरित्र कथामा बाहिरी रूप जस्तै नै देखिने हुँदा यो स्थुल तत्व हो । कथामा कथाकारले लिङ्ग, कार्य, स्वभाव, सामाजिक सम्बन्ध, आसन्नताका आधारबाट चरित्रको वर्गीकरण गरेर पात्र चयन गरेका छन् । कथाका रश्रेष्ठले आफ्ना कथाहरूमा पुरुष, स्त्री, प्रमुख पात्र, सहायक पात्र, गौण पात्र, उच्च मात्र, मध्यम पात्र, निम्न पात्र, आदि पात्रको प्रयोग गरेका छन् । श्रेष्ठले आफ्नो दसै कथामा निम्न पात्रका रूपाम स्त्री पात्र गोमा रहेकी छन् भने पुरुष र उच्च पात्रका रूपमा ठूलाघरे बा लाई उभ्याएका छन् । यस कथामा दुःखी गरिब स्त्री पात्र गोमाको श्रीमानले अर्की श्रमिती ल्याएर बसेको कारण गोमालाई कुनै वास्ता परवाहनै नगर दुःख पाएकी छिन् । यस्तैमा दसै आउँछ । सबैका घरमा मार हानिन्छ । छोरा हर्के सबैकोघरमा गएर मार हानेको हेर्छ । घरमा फर्कन्छ तर आफ्नो घरमा मार हान्ने कुनै सुरसार नै नदेखेर ऊ आमासँग मार हान्नेकी मार हान्ने भनेर झगडा गर्छ । विचरी गोमा आर्थिक दुरावस्थाका कारण विह्वल हुन्छे । रुन्छे कराउँछे । वालक हर्के आमालाई नरुन आग्रह गर्छ । अवोध हर्केको इच्छा पुरा गरिदिन एक जोर परेवा लिएर आउँछे । हर्के खुसी हुँदै अरूको घरमा एउटा मार तर हाम्रो घरमा दुइवटा मार आहा ! भनी खुसी हुन्छ । यसरी घटनाक्रमलाई कथावस्तुलाई पाठकका मन हृदयलाई हुनका लागि श्रेष्ठले गरिब निम्न स्तरीय पुरुष, महिला पात्रको प्रयोग गरेका छन् ।

पात्र अथवा चरित्र चित्रणले नै कथालाई प्रभावित एवम् आकर्षित पार्ने हुनाले श्रेष्ठले आफ्ना कथाहरूलाई उच्चस्थानमा पुऱ्याउन राम्रा पात्रहरूको चयन गरेका छन् । प्रस्तुत कथाका पात्रहरूले हाम्रो मनमा मानसिक प्रतिक्रिया उत्पन्न गराइदिन्छन् । दसै कथाको गोमा र हर्केको बढो दुःखदायी अवस्थाले कारुणीक स्थितिमा पुऱ्याइदिएकाले सहानुभूतिको स्थितिमा पुऱ्याइदिएको छ । त्यसैगरी नेपाली नारीको लैंगिक समस्यालाई उनले पर्दा कथामा प्रस्तुत गरेका छन् । नेपालमा विद्यमान सामाजिक र आर्थिक कारण समेतले गर्दा नारीहरू परनिर्भर छन् जसका कारणले श्रीमान गुम्ड कि भनेर उनीहरू चिन्तित छन् । श्रीमान् गुमाएपछि हुने सामाजिक र आर्थिक असुरक्षाका कारण नारीहरूलाई दासत्वमा बाँधिन वाध्य बनाएको छ ।

यसरी कथालाई अग्रगति दिइ कथावस्तुलाई सार्थक तुल्याई पाठकका मनमष्तिष्कमा कौतुहलता, मनोरञ्जन र भावनात्मक उतारचढाव गर्व शङ्करलाल श्रेष्ठ पात्रहरूको चयनमा खप्पिस देखिन्छन् ।

**ग) कथन पद्धति**

शङ्करलाल श्रेष्ठका कथाहरूमा आएका घटना, पात्रका कार्यव्यापार र परिवेशलाई प्रस्तुत गरिएको छ । यसरी उनले आफ्ना कथामा पात्रको परिचय, पृष्ठभूमि, कार्यव्यापार, सोचाई , उसका मनमा उठेका विभिन्न तर्क, क्रियाप्रतिक्रिया, घटनाले पारेको असर र त्यस्ता घटनाहरू बारेको उसको अभिवृत्तिलाई कुनै कथामा आफैले वर्णन गरेका छन् भने कुनै कथामा कुनै पात्रले पनि वयान गराएका छन् । उनको बाबा जून टिपिदिनुस् न कथासङ्ग्रह भित्र संकलित कथा ठूलो मान्छे मा कथाकार आफैले नै म पात्रको रूपमा उपस्थित भएका छन् । र घटनाक्रमलाई आफ्नै शब्दमा अगाडि बढाएका छन् । यस कथामा आफू घर परिवारबाट केही समय बाहिर जानभनी हिँडेका तर सालिको घरको नजिक पुगेको र छाह्रो काटेको जुत्ता पालिस, गराएको घटना व्यक्त गरिएको छ भने जुत्ता पालिस गर्ने मानिस अपाङ्ग भएको प्रसंग उल्लेख गरिएको छ । अपाङ्गताको कारण २०४६ सालको जनआन्दोलन भएको समेत उल्लेख गरेका छन् । अपाङ्ग मानिस देशको मुक्तिका निम्ति तत्कालीन सशक वर्गले हानेको  गोलिका कारण अपाङ्ग बनेको तर उ देशका न्यायघोस , सचिव मन्त्री, उद्योगपति र मालिक भन्दा इमान्दार र कर्तव्यनिष्ट भएकोले ठूलो मान्छे हो भन्ने भाव उसको आफ्नै अभिव्यक्तिद्वारा अभिव्यक्त गरिएको छ ।

श्रेष्ठको आशाको त्यान्द्रो कथामा गोमा र ठूलाकान्छो गरिब एवं विपन्न परिवारका पात्रहरू छन् । यस कथामा गोमाको विवाह भएको सातौं वर्ष पुरा भएको भएता

पनि उनी आमा बन्न सकेकी थिइनन् । सँगै विहे गरेका साथीहरूको अगाडि कोक्रो र पछाडि कोशेली बोकेर माइत गएको देख्छे र आफू मनमनै रुन्थि । उनको जीवनमा नैराश्य र कुण्ठानै जीवनको अर्को नाममा रूपान्तरित भइदियो । प्राकृतिकपनलाई मान्छेको हतार र अनुनयले विनयले प्रभाव पार्दोरहेछ भन्ने भाव स्वयम् कथाकि स्त्रीपात्र गोमाले व्यक्त गरेकी छिन् ।

**घ) परिवेश**

कथामा कुनै घटनाहरू घटेको वा पात्रहरूले कार्य व्यापार सम्पादन गरेको स्थान, समय र वातारण नै परिवेश हो । यस 'बाबा ! जून टिपिदिनुस् न !' कथामा घटनाहरू सँगै ती घटनाहरू कुन समयाम कुन ठाउँमा घटेका हुन् र त्यस ठाउँको वरिपरिको भौगोलिक परिस्थिति के कस्तो छ भन्ने कुराको उपस्थापन यसमा गरिएको छ । दसैं कथामा कथाकारले आकाश छ्याङ्ग उघ्रियो । हिलो मैलो हट्यो । किसानका खेतहरूमा लहलह गर्दै धानबालीहरू हल्लिरहेका थिए वगैंचाभरी सयपत्री र मखमली फूलहरू मगमगिन थालेका थिए, भन्ने कथनले यस कथाको परिवेश कात्तिक, मंसिरको समय, धानको वाला झुलेको ग्रामीण कृषि उत्पादन गर्ने स्थानका बारेमा आफ्नो दसै कथाको परिवेश रहेको छ भने पर्दा कथामा पल्लो घरको झ्यालमा नयाँ मान्छे डेरसा सरेर बस्न आएका थिए भन्ने भनाइले शहरी क्षेत्र जहाँ घरको कोठा भाडामा लिन दिन सकिन्थ्यो भन्ने शहरी परिवेशको चित्रण गरिएको छ ।

यसरी शङ्करलाल श्रेष्ठले आफ्नो 'बाबा ! जून टिपिदिनुस न !' कथा सङ्ग्रहाम ग्रामीण परिवेश शहरी परिवेश वसन्त ऋतुको समय, धानवाली झुल्ने समय भनी विभिन्न समय र परिवेशको प्रयोग आफ्ना कथाहरूमा गरेको पाइन्छ ।

**ङ) भाषा**

'बाबा ! जून टिपिदिनुस् न !' कथामा शङ्करलाल श्रेष्ठले पात्रको स्तर उसको मानसिकता , विषय र भौतिक परिवेश अनुसार फरक फरक प्रकारका भाषिक विशेषता, निपात, थेगो तथा उखानको समेत प्रयोग गरेका छन् । उनको पर्दा कथामा म पात्रले मणि हराएको सर्प झैं , मरेकालाई चिताले जलाउँछ त जिउँदो मान्छेलाई चिन्ताले जलाउँछ, मरेको बिरालो काखी च्यापेर ठिमी जाने बाटो खोजे जस्ता उखानको प्रयोग गरेका छन् । उनले स्थान जान, उमेर, वर्ग, क्षेत्र, लिङ्ग आदिबाट निर्दिष्ट भाषाको प्रयोग गरेका छन् । यिनका कथामा आञ्चलिक कथामा जस्तो स्थानीय भाषा, संस्कृति, स्थल भाषाको प्रयोग गरेको पाइँदैन ।

## च) शैली

शङ्करलाल श्रेष्ठले आफ्ना कथाहरूमा प्रयोग गरेका शब्द, पदावली वाक्य जस्ता भाषिक एकाइको समुच्ययका रूपमा पाइन्छन् । शङ्करलाल श्रेष्ठ सामाजिक यथार्थवादी वा प्रगतिवादी कथाकार भएको हैसियतले आफ्ना कथाहरूमा प्रायः जसो वर्णनात्मक शैलीको प्रयोग गरेका छन् ।

## छ) उद्देश्यः

प्रायजसो उद्देश्यको निक्यौंल पाठकीय प्रभावबाट गर्ने गरिन्छ । जीवनको विशिष्ट क्षण वा अवस्थाको विशिष्ट कार्यव्यापारको चित्रण नै श्रेष्ठका कथाको उद्देश्य रहेको देखिन्छ । नीति चेतना, सुधारवादी भावना, यथार्थबोध, मनका विभिन्न कृतिहरूको वर्णन, सौन्दर्यात्मक प्रभाव, आनन्द आदि उनका कथाका उद्देश्य रहेको पाइन्छ । दसै कथामा गरिबी जीवन कष्टमय रहेको जानकारी दिने, विदेशको कल्पना, कथामा परिवारहरू सँगको विछोड र एक्ला नारीले सन्तान हुर्काउँदाको दुःख, युवा पुरुषको एकान्त मनको पहिचान गर्नु, पर्दा कथाको मुख्य उद्देश्य रहेको छ ।

## ज) दृष्टिविन्दु

शङ्करलाल श्रेष्ठले कथाका पात्र, परिवेश र कार्यव्यापार कसको माध्यमद्वारा वा कोद्वारा प्रस्तुत भएका छन् त्यसलाई दृष्टिबिन्दुद्वारा स्पष्ट पारेका छन् । कथा भन्ने को हो ? र कसको कथा भनिरहेछ भन्ने कुरा दृष्टिविन्दुबाट प्रष्ट हुन्छ । कति घटनाहरू लिने, घटनाहरूलाई कुन रूपमा र कसरी प्रस्तुत गर्ने, कुन घटना र पात्रका माध्यमबाट कथात्मक विचार प्रस्तुत गर्ने आदि विषयमा दृष्टिविन्दु महत्वपूर्ण मानिन्छ । कथाकार श्रेष्ठका पर्दा, बाबा जून टिपिदिनुस् न , ठूलो मान्छे, कथाको समाख्यान म पात्रबाट भएको हुनाले कथाकार सोझै कथाको समाख्याता नहुने भएकाले यि कथाहरूमा प्रथम पुरुष दृष्टिविन्दु प्रयोग भएको छ । यि कथाहरूमा म पात्रले आफ्नो मात्र नभएर अरू पात्रको समेत वर्णन गरेको छ । पाठकसँग म पात्रले आफ्नै कथा भनिरहेकोले यस्ता कथामा भावको सजिलैसित प्रत्यक्षीकरण भएको पाइन्छ । कथामा विश्वसनीयता र अनुभूतिमा समभाव कायम भएको पाइन्छ । यि कथाहरूमा कथाकारले म पात्रका माध्यमबाट कथात्मक विचार प्रस्तुत गर्ने लक्ष्य राखेको पाइन्छ । यी कथामा विभिन्न पात्रको मानसिक तथा भौतिक संसारको व्याख्या, परिवेशको वर्णन, घटनाको वर्णन र विश्लेषण, मनका जटिलतम ग्रन्थि र भावावेगको उद्घाटन म पात्रले नै गरेको छ । आफ्नो हृदय खोलेर देखाउन सक्ने अर्काको मनभित्र पसेर पोल पनि खोल्ने र चित्रकारले झैं परिवेशलाई भाषाको रंगमा उतार्न सक्ने क्षमता प्रथम पुरुष दृष्टिविन्दुमा रहेको छ ।

## अध्याय - पाँच

### ५.१ निष्कर्षः

शङ्करलाल श्रेष्ठको जन्म वि.सं. २०२२ साल चैत्र २६ गते दोलखा जिल्लाको भिमेश्वर नगरपालिका वडा नं. ६ माटीमा भएको हो । मध्यम वर्गीय परिवारमा जन्मिएका शङ्करलाल श्रेष्ठ दुई दाजुभाइ र दुई दिदीबहिनी मध्ये कान्छा भएकाले आफू भनदा दाजु र दिदीहरूले ल्याएका साहित्यक, राजनीतिक पुस्तकहरू पढ्ने गर्दथे । उनको समग्र व्यक्तित्वको निर्माणमा सामाजिक परिवेशले ठूलो प्रभाव पारेको छ । समाजमा देखिएका विकृति विसंगति अन्याय अत्याचार , थिचोमिचो, वर्गीय दृष्टिकोण सैद्धान्तिक प्रतिबद्धता, शोषित वर्गप्रतिको आशा र आस्था, सम्पन्न वर्गप्रति आक्रमेस र क्रान्तिचेतना र परिवर्तनको अपेक्षा जस्ता कुरा बुझ्न थालेपछि उनकोसाहित्यिक व्यक्ति क्रमिक रूपमा विकसित भएको पाइन्छ । त्यसैले उनको व्यक्तित्वको समग्र मूल्यांकन गर्दा उनको निजी जीवनशैली, सामाजिक वातावरण र साहित्यिक वातावरणलाई आधार बनाउनु पर्ने देखिन्छ । यो तीनवटै पक्ष द्वारा उनको साहित्यिक व्यक्तित्व निर्माण भएको छ ।

श्रेष्ठको लेखन कथा, कविता, लेख जस्तामा भएता पनि व्यक्तित्व रुचि कथामा बढी भएको पाइन्छ । त्यसैले होला अर्को कथा प्रतिको योगदान प्रमुख रहेको छ । श्रेष्ठ कक्षा ९ मा पढ्दा पढ्दै नै मन कविताको रचना गरेका थिए । त्यसपछि उनी बीचबचीमा फाट्टफुट्ट रूपमा कथा र कविता दुवै विधामा लागेको पाइन्छ । वि.सं. २०३९ सालमा श्री भिम मा.वि. दोलखाबाट द्वितीय श्रेणीमा एस.एल.सी. पास गरेको श्रेष्ठ वि.सं. २०४० सालमा प्रमाणपत्र तह अध्ययन गर्न दोलखा स्थित श्री गौरीशंकर क्याम्पसबाट प्रमाणपत्र तह उत्तीर्ण गरेका श्रेष्ठ वि.सं. २०४३ सालमा स्नातक तह अध्ययन गर्न नेपालको राजधानी काठमाडौंमा आएर श्री रत्न राज्य क्याम्पस प्रदर्शनी मार्गमा भर्ना भएको पाइन्छ । एकातिर घर छोडेर हिँड्नु पर्ने त्यसमा पनि अध्ययनलाई अगाडि लैजानु पर्ने अझै साहित्यलाई पनि अग्रगति दिनु पर्ने अप्ठ्यारो परिस्थितिबाट गुज्रिएको पाइन्छ । जस्तो सुकै आपत विपत तथा अप्ठ्यारो परिस्थितिसँग नहडबडाउने श्रेष्ठ विभिन्न साहित्यिक कार्यक्रमतिर पनि भागलिँदै आएको पाइन्छ । विभिन्न साहित्यिक व्यक्तित्वहरू गोपालप्रसाद रिमाल, भूपि शेरचन, पारिजात, इन्द्रबहादुर राई, वैरागी काइला जस्ताको कृतिको अध्ययनबाट साहित्यतर्फ आकर्षित भएका श्रेष्ठ कथा तथा कविता लेखी विभिन्न पत्रपत्रिकामा छापिएका पाइन्छन. । उनको साहित्यिक यात्रामा वि.विसी नेपाली

कार्यक्रमले आयोजना गरेको युवाकविता प्रतियोगितामा पुरस्कृत भएकोले झन प्रोत्साहन मिलेको पाइन्छ । उनका प्रकाशित कविता सङ्ग्रह हालसम्म नपाइए पनि विभिन्न पत्रपत्रिकामा प्रकाशित कविताहरमा च्छोरोल्पा मन, वसन्तका युवा, बन्द मनका कथाहरू, देश दुखेका बेला, बादल, बगैंचा, मैले मान्छे भेटेँ, वर्तमान, नरोउ दिलमाया, मेरो कलम, जस्ता कविताहरू दोलखा जिल्लाबाट निस्किने र समाजलाई सताउने खालका गतिविधि, राजनैतिक विसंगतिबाट निस्केका र समाजलाई सताउने खालका विसंगति र विकृतिका विरोध गर्दै आफ्नो व्यंग्यभाव कथा र कविताका माध्यमबाट उनले व्यक्त गरेका छन् । २०४६ सालको जनआन्दोलनले पनि जनताले खोजे जस्तो राजनीतिक दिन नसकेको र खाली चुसाहा वर्गको हालीमुहाली भएको भाव आफ्ना साहित्यिक कृतिमा उनले व्यक्त गरेका छन् ।

'बाबा ! जून टिपिदिनुस् न !' कथा सङ्ग्रह साहित्यिक प्रकाशनको प्रथम पुस्ककार कृति हो शङ्करलाल श्रेष्ठको उक्त कथा कृति उनको उन्मुक्त आकाश र नयाँ युगको आकांक्षाको प्रतिफल हो । सम्पूर्ण नेपाली जनताले खान, लाउन र वस्न अर्थात गाँस बास र कपासको समस्याबाट आम जनताले राहत पाउनु पर्दछ भन्ने उनको मान्यता रहेको छ । त्यस्तो स्थिति अधिकार विहिनहरूले शस्त्रसहित समाजमा शोषण गरेर एवम् हैकम चलाएर बसेका वर्गलाई पल्टाएर चारैतिर समानताको वातावरण सृजना गरेपछि मात्र आउन सक्छ भन्ने उनमा रहेको छ । यस्तो किसिमको समानता, जातीय लिंगीय वर्गीय सबै अवस्थाको वातावरणलाई उनले उन्मुक्त आकाश वा स्वतन्त्रता मानेका छन् । समतामूलक समाज, समावेशि राज्य व्यवस्था शिक्षा, स्वास्थ्य, रोजगारको पूर्ण व्यवस्था सृजना गर्न नेपाली बीर वीरंगनाहरले आफ्ना गतिलाईसधैं अगाडि बढाउनु पर्दछ भन्ने उनकोमान्यता रहेको छ । अब हाम्रो देशमा सदाका लागि शान्ति छाओस, देशमा सशस्त्र विद्रोह कहिल्यै नहोस् नेपाल आमाको छोराहरूले कहिल्यै रगत बगाउनु नपरोस् नेपाल आमाका छोरीहरूको सिउँदो कहिल्यै नपुरियोस् , बालबालिकाहरू कहिल्यै पनि टुहुरा हुनु नपरोस् विकासका दृष्टिले देश अग्रगति तर्फ लम्कियोस् र नेपाली नेताहरूको सुबुद्धि प्राप्त होस् भन्ने भावना उनले व्यक्त गरेको पाइन्छ ।

अध्ययन गर्दा गर्दै विवाह, त्यसपछि घर परिवारको हेरचाह जीविकोपाजर्नका लागि सरकारी विद्यालयमा पढाउन जानृे आउने र अर्कातिर सामाजिक रूपान्तरणका लागि हुने गरेका साहित्यिक एवम् बौद्धिक क्रियाकलापमा पुऱ्याएको योगदान साहित्यिक क्षेत्रमा प्रवेश गरेर पनि साहित्यिक यात्रालाई अघि बढाउँदै यहाँसम्म

आइपुग्नु र आफूलाई स्थापित गराउनु उनको उपलब्धी हो ।

समष्टिमा भन्नु पर्दा शङ्करलाल श्रेष्ठ मध्यमवर्गीय परिवारमा वा मध्यमवर्गीय पारिवारीक वातावरणमा जन्मिएर हुर्केका व्यक्ति हुन् । आफू कान्छो भएका कारण दाजु दिदीहरूका पुस्तकहरू पढ्ने दाइ दिदीहरूले ल्याएका पुस्तक मार्क्सवाद सम्बन्धी साहित्य पुस्तकहरू विद्यार्थी जीवनदेखि नै पढ्ने भएकाले उनमा एक प्रकारको साहित्यिक एवम् राजनैतिक छाप समेत परेको पाइन्छ । साहित्यिक यात्राको शुरुवात मन कविताबाट भए तापनि उनका साहित्यिक विधाहरूमा कथा, कविता साहित्यिक लेख नै प्रमुख रूपमा रहेका छन् । कक्षा ९ मा अध्ययन गर्दा गर्दै कविता लेखनतिरको रुचि ले गर्दा हाल सम्म पनि उनका कविताहरू बारम्बार रूपमा नवीन कविताहरू सृजना हुनाका साथै कथाहरू पनि लेख्ने निरन्तरता रहेको छ ।

शङ्करलाल श्रेष्ठ मध्यमवर्गीय परिवारमा जन्मेका श्रेष्ठको पुर्ख्यौली थलो जनकपुर अञ्चल दोलखा जिल्ला भिमेश्वर नगरपालिका वडा नं. ६ माटी हो । उनको जन्म वि.सं. २०२२ साल चैत्र २९ गते वावु स्व. शेरबहादुर श्रेष्ठ र माता विष्णुमाया श्रेष्ठका दुई दाजुभाइ र दूई दिदीबहिनीहरूमध्ये कान्छा छोरा हुन् । दाजु दिदीहरू आफूभन्दा पहिलेनै विद्यालय जान थालेका हुनाले उनलाई पढ्न सजिलो भएको थियो । दाजु दिदीहरूले अध्ययनका लागि ल्याएका पुस्तकहरू पढ्ने क्रममा मार्क्सवाद सम्बन्धी साहित्यिक किताव ल्याउने र आफू पनि नेपाली साहित्य विषय भएको कारण सुरुका दिनमा घरैमा अक्षर चिनेर श्री महेन्द्रोदय मा.वि. माटीमा उनको औपचारिक शिक्षा प्रारम्भ भएको पाइन्छ । वि.सं. २०३९ सालमा सोही विद्यालयबाट एसएलसी द्वितीय श्रेणीमा उत्तीर्ण गरी उच्च शिक्षा अध्ययन गर्न श्री गौरीशंकर क्याम्पसमा आएका थिए वि.सं. २०४३ सालमा गौरी शंकर क्याम्पस चरिकोट दोलखाबाट द्वितीय श्रेणीमा प्रमाणपत्र तह उत्तीर्ण भइ स्नातक तह अध्ययन गर्न राजधानी काठमाडौंमा आएर वि.सं. २०४६ सालमा रत्नराज्य क्याम्पस प्रदर्शनीमार्गबाट वि.ए. उत्तीर्ण गरेको पाइन्छ भने वि.सं. २०४९ सालमा त्रिभुवन विश्वविद्यालय कीर्तिपुरबाट शिक्षा शास्त्र संकाय अन्तर्गत नेपाली मुल विषय लीई वि.एड. द्वितीय श्रेणीमा उत्तीर्ण गरेको पाइन्छ । यसरी स्नातक तह दुइवटा संकायहरू मानवीकि तथा शिक्षाबाट उत्तीर्ण गरेको पाइन्छ । २०४३ सालमा दोलखा जिल्ला भिमेश्वर नगरपालिकाकै दुर्गा श्रेष्ठ सँग दाम्पत्य जीवनमा बाँधिएका श्रेष्ठले वि.सं. २०५३ सालमा स्नातकोत्तर तह प्राइभेटबाट तृतीय श्रेणीमा उत्तीर्ण गरेर

औपचारिक शिक्षा स्नातकोत्तर तहसम्म प्राप्त गरेको पाइन्द्ध भने वि.सं. २०४३ सालदेखि नै एक सरकारी विद्यालयमा शिक्षण कार्यको थालनी पनि गरेको पाइन्छ । शिक्षणका साथ विभिन्न पत्र पत्रिका मार्फत आफ्ना साहित्य रचनाहरू कथा कविता लेख प्रकाशन गरेको पाइन्छ ।

विभिन्न साहित्यिक संघ संस्थामा र सामाजिक संघ संसथामा आबद्ध हरेका श्रेष्ठको पहिलो कविता २०३९ मा लेखिएको कविता मन हो ,। हालसम्म औपचारिक रूपमा पुस्तकका रूपमा कविता सङ्ग्रह प्रकाशित भएको नभए ता पनि पत्रपत्रिका, मार्फत उनका कविताहरू प्रकाशित छन् भने उनको एकमात्र प्रथम कथा सङ्ग्रह 'बावा ! जून टिपिदिनुस् न !' २०६१ सालमा प्रकाशित छ । श्रेष्ठका कथा तथा कवितामा राजनैतिक परिवर्तन, राष्ट्रवादी चेतना क्रान्तिको आह्वान, चुसाहा वर्गमाथी व्यंग्य प्रहार, वर्गीय दृष्टिकोण, शोषित वर्गप्रति आशा, सम्पन्न वर्गप्रति आक्रोस, क्रान्ति चेतना र विस्तृत सामाजिक परिवेश साथै शोषक वर्गमाथि व्यंग्य प्रहार गरिएका छन् । यस्ता कथाहरूको सङ्ग्रह बाबा जून टिपिदिनुस् न हो । उनका अन्य फुटकर कविताहरू २८/२९ वटा रहेका छन् भने समीक्षात्मक लेख रचना घटनावृत्तान्त समेत विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित छन् । पढाइकै दौरानमा एक छोरा र एक छोरीका वावा बनेका श्रेष्ठ की छोरी वि.ए. दोस्रो वर्षमा अध्ययनरत छिन् भने छोरा हाल विज्ञान विषय लिएर कक्षा ११ अध्ययनरत रहेका छन् ।

२०४३ सालमा प्रमाणपत्र तह पास गरिसकेपछि उनी शिक्षण पेसामा लागेको देखिन्छ । २०४३ साल देखि २०४५ सालसम्म अस्थायी रूपमा सरकारी विद्यालयमा शिक्षण गरेका र २०४९ सालमा स्थायी नियुक्ति पाइ हालसम्म पनि श्री कुटीडाँडा उच्च मा.वि.मा प्राचार्य एव्र प्रधानअध्यापकका रूपमा कार्यरत रहेका छन् । वर्तमान अवस्थामा दोलखा जिल्ला भिमेश्वर नगरपालिका १० स्थित हिम्स कलेजमा समेत शिक्षण गरिरहेका छन् । उनी अध्ययन कार्य सामाजिक कार्य, संघ संस्थामा संलग्न रहेर पनि साहित्यिक कविता गोष्ठि, समाजसेवा जस्ता कार्यक्रममा सहभागिता जनाउँदै त्यसका अलावा समय निकालेर कथा, कविता, लेख, जस्ता साहित्यिक कृतिको रचना लेखन समेत गर्ने गरेको पाइन्छ । विशेष गरी सामाजिक यथार्थवादी प्रगतिवादी कथा तथा प्रगतिवादी साहित्यकार भन्न रुचाउने श्रेष्ठ साहित्यिक प्रतियोगितामा भाग लिए विविसी नेपाली युवाकविता प्रतियोगितामा पुस्कार प्राप्त गर्न सफल भएको देखिन्छ ।

श्रेष्ठका व्यक्तित्वका पाटाहरू विभिन्न छन् । उनी शारीरिक व्यक्तित्वका देष्टिले

सामान्य कदका फुर्तिला, स्वभावजन्य दृष्टिले निडर , निर्भिक स्पष्टवक्ता , सहयोगी स्वभावका छन् । साहित्यिक र लेखकीय व्यक्तित्व अन्तर्गत प्रमुख रूपमा कथाकार व्यक्तित्व र गौण रूपमा कवि, समीक्षात्मक लेख , लेखनमा प्रमुख व्यक्तित्व रहेका छन् । उनी विभिन्न साहित्य पत्र पत्रिका सम्पादक, संयोजक एवं साहित्यिक क्षेत्रका प्रखर रहेकाछन् । त्यसैगरी अन्य व्यक्तित्वमा शिक्षक पेसामा संलग्न उनी राजनीतिमा वामपन्थी विचारधारा तिर झुकाव रहेको पाइन्छ ।

शङ्करलाल श्रेष्ठको मुख्य पेसा शिक्षण हो । नेपाली साहित्यको कथा विधा र कविता विधामा उनले दिएको योगदान महत्वपूर्ण रहेको छ । शिक्षण बाहेक समय निकालेर साहित्य सिर्जना गर्ने तिर उनको झुकाव रहेको देखिन्छ । उनका साहित्य सृजनका मूलविधा कथा र साहित्यिक लेख रचना हुन् तापनि उनका कविताहरू पनि प्रसस्तै भेट्न सकिनछ । श्रेष्ठको पहिलो कथा सङ्ग्रह वावा जून टिपिदिनुस् न २०६१ सालमा प्रकाशित कृति हो । यस कथा सङ्ग्रहमा ९ वटा कथाहरू संग्रहित छन् । उनका अन्य कथाहरू तथा कविताहरू विभिन्न साहित्यिक पत्र पत्रिकाहरूमा प्रकाशि भएका छन् । उनी साहित्यिक पत्र पत्रिकाको सम्पादक तथा लेखकका रूपमा परिचित रहेका छन् ।

श्रेष्ठका साहित्य रचनाको प्रमुख स्रोत नेपाली समाज, राजनीतिक एवम् सामाजिक तथा राजनीतिक क्षेत्रमा देखिएका विकृति र विसंगति नै यस अध्ययनबाट प्राप्त भएको छ । उनका कथा तथा कवितामा पर्याप्त युगबोध तथा वर्तमान बोध पाइन्छ भने ती भित्र यथास्थितिवादी प्रवृत्ति प्रतिको असन्तुष्टि र विरोध, संशोधनवाद विरोधी चेतना, स्वतन्त्रता, क्रान्तिको आह्वान नयाँ युगको आशा, समाना, वर्गविहिन शोषण रहित छ न्यायपूर्ण समाजको निर्माण तथा परिकल्पना, सामन्त वर्गप्रति घृणा र आक्रोस , क्रान्ति र परिवर्तनको तीव्र आकांक्षा , मार्क्सवादप्रतिको आस्था, भविष्य प्रतिको दह्रो विस्वास अभिव्यक्त भएको छ । क्रान्तिका लागि त्याग, बलिदान, उत्कर्ष र समर्पण भाव पनि उनका कथा तथा कविताका विषयवस्तु बनेकाछन् ।

यसरी देश, समाज र सामाजिक जनजीवनसँग प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सरोकार राख्ने विभिन्न विषय वस्तुलाई आफ्नो साहित्यिक रचनामा प्रस्तुत गरेर शङ्करलाल श्रेष्ठ प्रगतिवादी नेपाली कथा तथा कविता फाँटमा स्थापित व्यक्तित्व बनेको स्पष्ट हुन्छ ।

प्रस्तुत अध्ययनबाट नेपाली साहित्यका इतिहासमा साहित्यकार श्रेष्ठको महत्वपूर्ण स्थान रहेको निचोड प्राप्त भएको छ भने उनी पहिले कथाकार र त्यसपछि मात्र

अन्य व्यक्तित्व हुन् भन्ने कुरा यस अध्ययनले देखाएको छ । समकालिन प्रगतिवादी कथा तथा कविताका फााटमा उनी एक प्रतिनिधि र स्थापित कवि र कथाकारका रूपमा चिरपरिचित छन् । सामाजिक परिवर्तन शोषणरहित समाज प्रति क्रान्तिचेतनाका कवि तथा कथाकारका रूपमा उनी सर्वाधिक चर्चामा छन् ।

कवि तथा कथाका रशङ्करलाल श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा गरिएको प्रस्तुत अध्ययनबाट निष्कर्षमा निम्न बुँदाहरू प्रस्तुत गर्न सकिन्छ :

१. वि.सं. २०२२ साल चैत्र २९ गते दोलखा जिल्ला भिमेश्वर नगरपालिका वडा नं. ६ माटीमा जन्मेका शङ्करलाल श्रेष्ठको औपचारिक कविता लेखन मन कविताबाट भएको हो ।

२. आफ्नै घरमा प्रारम्भिक शिक्षा सिकेर श्री भिम मा.वि. दोलखाबाट एसएलसी पास, श्री गौरीशंकर क्याम्पसबाट आइए, त्रिभुवन विश्वविद्यालय कीर्तिपुरबाट वि.एड. , रत्नराज्य क्याम्पसबाट वि.ए. तथा प्राइभेट एम.ए. सम्मको पढाइ पुरा गरेका छन् ।

३. दुई दशक भन्दा बढी साहित्य साधनामा समर्पित भए वापत साहित्य सन्ध्यामा निरन्तर लागेर विविसी नेपाली युवा कविता प्रतियोगिताबाट पुरसकार प्राप्त र सम्मानित भएका छन् ।

४. शङ्करलाल श्रेष्ठका कथा बाहेक कविता, समीक्षात्मक लेख, रचना, अर्को पाटो हो ।

५. श्रेष्ठका अन्य पाटाहरू मध्ये वामपन्थी विचारधारातिर झुकाव शिक्षणबाट समय निकालेर साहित्यिक कविगोष्ठीमा सहभागिता तथा सामाजिक सेवामा समेत समर्पित भएको पाइन्छ ।

६. मार्क्सवादी पुस्तकहरूबाट प्रेरित भएर साहितय सिर्जनामा लागेका श्रेष्ठ अहिले प्रगतिवादी कवि र कथाकारका रूपमा स्थापित हुन पुगेका छन् ।

७. श्रेष्ठका साहित्यिक रचनामा नेपाली समाजमा देखिएका गरिबी, अशिक्षा, तल्लोवर्गलाई थिचोमिचो गर्ने, राजनीतिकका नाममा भएको विकृति र विसंगति वर्गीय दृष्टिकोण, शोषित वर्गप्रति आशा, सम्पन्न वर्गप्रति आक्रोस तथा त्यसका विरुद्ध क्रान्तिको चेतना अपरिहार्य आदि संवेदनशील गम्भिर विषयवस्तु पाइन्छ ।

८. श्रेष्ठका कथा तथा कवितामा पर्याप्त युगबोध, क्रान्तिचेतना, वर्तमान जनयुद्ध प्रतिको दह्रो समर्थन लगायत पीडादायी वर्तमानको अन्त्य र सुनौलो

भविष्यप्रतिको विश्वास समेत प्रकट भएको छ ।

९. श्रेष्ठका कथामा नवीन वालसुलभ विश्वप्रतिकको प्रयोग भएको पाइन्छ ।

१०. श्रेष्ठका कथा तथा कवितामा समाजमा रहेको रुढिवादी परम्परा र अन्धविश्वासको विरोध, समाज परिवर्तनको उत्कृष्ट चाहना, गरिबीले व्याप्त पारिवारिक कष्ट, नरनारीहरूले भोगेको दु:ख, सुखका क्षणका साथै मानवीयताको उद्‌बोधन गर्ने काम भएको देखिन्छ ।

११. श्रेष्ठको कथा सङ्ग्रह 'बाबा ! जून टिपिदिनुस् न !' २०६१ मा प्रकाशित भएको छ भने उनका २८/२९ वटा कविताहरू विभिन्न साहित्यिक पत्र पत्रिकामा प्रकाशित भएका छन् । त्यति मात्र नभएर उनका साहित्यिक लेख रचनाहरूमा पनि उत्तिकै कलम चलेको पाइन्छ ।

१२. श्रेष्ठका पुस्तककार कृतिमा समावेश भएका ९ वटा कथाहरू र बाँकी अन्य कथाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशि भएको पाइन्छ भने २८/२९ वटा कविताहरू केही अप्रकाशित पनि रहेको देखिन्छ ।

१३. श्रेष्ठका कथाहरू सामाजिक यथार्थवादी प्रगतिवादी धारालाई समेट्ने नेपाली साहित्यको इतिहासमा महत्वपूर्ण स्थान ओगट्न सफल भएका छन् ।

१४. शङ्करलाल श्रेष्ठका उपर्युक्त कृतिहरूले भोलिका दिनमा नेपाली कथा र नेपाली कविताका साथै साहित्यिक लेख रचना क्षेत्रमा पनि महत्वपूर्ण र उल्लेख्य योगदान दिन सक्नेछन् भन्ने आशावादी दृष्टिकोण दिन सकिन्छ ।

# सन्दर्भग्रन्थ सूची


| | | |
|---|---|---|
| किरण | : | क्रान्ति र सौन्दर्य |
| पौडेल, डा. गोपीन्द्र | : | कथाको सौन्दर्यशास्त्र |
| पौडेल, गोपीन्द्र | : | (२०६२) प्रगतिवादी नेपाली कथाका प्रवृत्ति, अप्रकाशित विद्यावारिधि शोधप्रवन्ध, त्रि.वि । |
| पौडेल, डा. गोपीन्द्र | : | (२०४९) सौन्दर्यवोध र सामीक्षा, विविध काठमाडौं उर्मिला पौडेल |
| गौतम, देवीप्रसाद | : | (२०४९), प्रगतिवादः परम्परा र मान्यता काठमाडौं मुना गौतम |
| चापागाई, निनु | : | (२०५१), यथार्थवादी रचना दृष्टि र विचेना, |
| जगदिश चन्द्र | : | (२०५३) प्रगतिवादी नेपाली कविताको आरम्भ, विकाश विद्यावारिधी शोधप्रवन्ध त्रिभुवन विश्वविद्यालय |
| डा. जगदिशचन्द्र | : | सौन्दर्य |
| डा. ताराकान्त पाण्डेय | : | प्रगतिवादी नेपाली कविता |
| मिश्र, शिवप्रसाद | : | सन् (१९७३), मार्क्सवादी साहित्य चिन्तन इतिहास तथा सिद्धान्त मध्य प्रदेश, हिन्दी, ग्रन्थ अकादमी । |
| ढकाल घनश्याम | : | प्रगतिवादी साहित्य र जनयुद्धका |
| पाण्डेय डा. ताराकान्त | : | प्रगतिवादी नेपाली कविता |
| डा. देवी प्रसाद | : | नेपाली कथा |
| पाण्डेय, डा. ताराकान्त | : | (२०४९) प्रतिवाद कविता काठमाडौं शीलायोगी |
| फास्ट हावर्ड | : | (२०५६) साहित्य र यथार्थ, अनु. डा. जगदिशचन्द्र भण्डारी र सञ्जीवदास श्रेष्ठ, काठमाडौं, जन प्रकाशन |
| बराल, डा. ऋषिराज | : | (२०५२) मार्क्सवाद र उत्तर आधुनिकतावाद, काठमाडौं सविता बराल । |
| भण्डारी डा. जगदोशचन्द डा., | | |
| ताराकान्त पाण्डेय | : | (२०६८) प्रतिनिधि नेपाली समालोचना, काठमाडौं विवेक सिर्जनशील प्रकाशन प्रा.लि. । |
| | | अखिल नेपाल संघ |

भण्डारी डा. जगदिश चन्द : (२०४६) सौन्दर्यको भूमिका काठमाडौं

भण्डारी, जगदीश चन्द : (२०५५) प्रगतिवादी नेपाल कविता रेखाङ्कन र विश्लेषण काठमाडौं, मुन्नी भण्डारी

शर्मा, तारानाथ : (२०३९)नेपाली साहित्यको इतिहास दोस्रो काठमाडौं संकल्प प्रकाशन

श्रेष्ठ, शङ्करलाल : (२०६१) “बाबा ! जून टिपिदिनुस् न् !”

## परिशिष्ट

जन्मः  २०२२ साल चैत्र २६ गते

स्थान : दोलखा जिल्ला भिमेश्वर नगरपालिकामा भएको हो ।

**साहित्यमा कहिलेदेखि कलम चलाउन थाल्नु भएको ?**

म कक्षा १० मा पढ्दा देखिनै 'मन' भन्ने कविता लेखेको हुँ ।

**तपाईको लेखनको मुख्य विधा के हो ?**

खासगरी मेरो लेखनको विधा कथा हो तर म कविता पनि लेख्छु ।

**अहिलेसम्म तपाईका कृति कति प्रकाशित भएका छन् ?**

पुस्तककै रूपमा 'बाबा ! जून टिपिदिनुस् न !' कथा सङ्ग्रह प्रकाशित छ भने अन्य धेरै कविता र कथाहरू पनि कृतिका रूपमा रहेका छन्

**तपाईको लेखनको मुख्य विषयवस्तु के हो ?**

मुख्यतयाः गरिबी जनजीवनका व्यथा, राष्ट्रिय चेतना, प्रकृति चित्रण, विपन्न वर्गप्रति सहानुभूतिलाई मैले आफ्नो साहित्यिक रचनामा उतारेको छु ।

**किन साहित्य सिर्जना गर्नु हुन्छ ?**

सामाजिक परिवर्तनको लागि, वर्गीय, जातीय, लिंगीय समानताका लागि र देशप्रेम राष्ट्रभक्तिका लागि साहित्य लेख्छु ।

**कस्तो बेला साहित्य सिर्जना गर्नु हुन्छ ?**

कुनै घटना देखेको बेला, एक्लो भएको बेला र फुर्सदको समयमा साहित्य सृजना गर्छु ।

**कोबाट प्रेरणा पाउनु भयो, लेख्नका लागि ?**

मोदनाथ प्रश्रित, इन्द्रबहादुर राई, विजय मल्ल र ध्रुव घिमिरेबाट ।

**तपाईलाई विशेष प्रभाव परेका कृतिहरू कुन कुन हुन् ?**

नेपाली देखि अमेरिका सम्म डा. तना शर्मा, भूपीको घुम्ने मेच माथि अन्धो मान्छे, गुरूप्रसाद मैनालीको विदा, लीलविक्रम क्षेत्रीको बसाई ।

**अन्य संलग्नता के केमा छ ?**

नेपाल राष्ट्रिय शिक्षक संगठन, प्रगतिशील लेखक संघ, नेपाल बुद्धिजीवि परिषद्, नेपाल प्राध्यापक संघ, नेपाल शिक्षक यूनियन, नेपाल रेडक्रस सोसाइटी (आजीवन सदस्य) लगायत धेरै संघ र संस्थामा संलग्न रहेको छु ।

**वर्तमान अवस्थामा प्रलेसमा नेपाली साहित्यको अवस्था कस्तो छ, कसरी अगाडि बढिरहेकोछ ?**

राम्रो अवस्थामा छ किन भने यसले आफ्नो क्षेत्रलाई फराकिलो पार्दैछ । साहित्यले अप्रत्यक्षरूपबाट जनचेतना फैलाएर समाजलाई अग्रदिशातिर लैजाने हुँदा देशको वर्तमान आवश्यकता प्रति साहित्य निश्चित उद्देश्यका साथ क्रियाशिल भइरहेको पाइन्छ । लेखकहरूले राजनैतिक परिवर्तन, देशमा नयाँ संविधान लेखिनु, समाजवादी तथा यथार्थवादी संस्कृति निर्माण गर्ने कार्यदिशा निर्देशित हुनु पर्दछ । सामाजिक रूपान्तरणका लागि जनजागरणमूलक कार्यक्रमहरूको नितान्त आवश्यकता रहेको छ ।

**साहित्यिक जीवनमा ब्यावहारिक पक्ष कसरी समायोजन गर्नु भएको छ ?**

एउटा सफल साहित्यकारले साहित्यिक जीवन र व्यवहारिक पक्षको संयोजन गरेर अघि बढ्नु पर्दछ । वास्तवमा मानिस सधैँ व्यस्त रहनु पर्दछ जबकी अन्य नकारात्मक काम सोच्न पनि नपाइयो । अझ हामी नेपाली हरक्षेत्रबाट पछि परेका त्यसैले आफ्नो पेशा प्रति कर्तव्यनिष्ट भएर बाँकी रहेको समयलाई सदुपयोग गरेर साहित्यको सृजना गर्ने गरेको छु ।

**जीवन र कला के के हुन् ?**

जीवन प्राकृतिक कुरा र एउटा नाट्यशाला हो जहाँ हामी पात्रका रूपमा रहेका हुन्छौं भने कला जीवनलाई समृद्ध र परिष्कृत बनाउने एउटा महत्वपूर्ण तत्व हो ।

**तपाईका विचारमा साहित्य के हो ?**

साहित्य समाजको यथार्थ चित्रण गर्ने ऐना हो, जसले समाजमा भएका, घटेका सम्पूर्ण वास्तविक कुराहरूलाई छर्लंग देखाउँदछ ।

**भविष्यको योजना के छ ?**

समसामयिक, मनोवैज्ञानिक, प्रगतिवादी साहित्य सेवामा निरन्तर क्रियाशिल रहने योजना छ ।

**सिर्जनामा परिवारको कस्तो सहयोग पाउनु भएको छ ?**

परिवारले साहित्य सिर्जनामा राम्रो सहयोग गरेका छन् ।

**साहित्यसेवामा निरन्तर रूपमा लागिरहनु भएको छ यसबाट तपाई कति सन्तुष्ट हुनु हुन्छ ?**

मैले पूर्वरूपमा साहित्यलाई नै निरन्तरता दिन त सकिएको छैन । साहित्य फूर्सदको समयको सदुपयोगका रूपमा रहेको छ किनभने आफ्नो पेशा, व्यवहारिक कामहरू, सामाजिक संघ संस्था आदिबाट बाँकी रहेको समय नै साहित्यका लागि हुन्छ । साहित्य सिर्जनालाई समय दिन कमै मात्र पाइन्छ तर समाजमा देखिएका गरिबी, अशिक्षा, शोषण, दमन अन्याय , अत्याचार देखि सकेपछि उनीहरूलाई सान्त्वना र प्रेरणा प्रदान गरेर न्याय दिलाउन सहयोग पुऱ्याउन सकियो भने मलाई साहित्य सिर्जनाबाट सन्तुष्टि मिल्ने थियो ।

**युवा पुस्तालाई केही सुझाव दिन चाहनु हुन्छ ?**

समाज परिवर्तनका संवाहक युवा हुन् । युवागर्गले मुलुकलाई अग्रदिशा दिन सामाजिक मुल्य मान्यतालाई अंगालेर आफू संलग्न भएका कार्यमा इमान्दार , लगनशील र जिम्मेवार भएर बढो मिहिनेत साथ कार्य गरेमा आफ्नो व्यक्तिगत जीवन सुखमय हुनाको साथै देश विकासमा ठूलो मद्दत पुग्दछ । विदेशी संस्कृतिका नक्कल नगरी नेपाली भेषभूषा, रितिरिवाज, संस्कृति जगेर्नामा युवा जुट्नु पर्दछ ।

**लेखन बाहेक अर्को कुनै पेशा छ ?**

शिक्षण पेशा गर्छु र प्रधानाध्यापक पनि छु ।

**साहित्य सिर्जना गर्न कतिको गाह्रो छ ?**

कुनै पनि चिज बनाउन त्यस्ता चिज बनाउनलाई बनाउने व्यक्तिमा सीप र दक्षता हुनै पर्दछ । यदि सीपर दक्षता नभएको खण्डमा बन्नु पर्ने बस्तु नबन्न सक्छ । त्यस्तै साहित्य सिर्जना, गर्नलाई पनि त्यस्तो सजिलो छैन । जस्तै कविता रचना गर्नका लागि गण, द्वन्द्व, लय, सुर, ताल, अन्त्यानुप्रास पद्य कविताका लागि आवश्यक छ । त्यसरी नै कथाविधाका लागि कथानक, चरित्र, परिवेश, दृष्टिकोण सबै कुरा बुझेको हुनु पर्दछ । त्यसकारण साहित्य सिर्जना गर्नु ज्यादै कठीन छ ।